## शुभकामना सन्देश

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा बहालवाला प्रहरी कर्मचारीहरू र वहाँहरूको परिवारजन, समादरणीय अवकाशप्राप्त प्रहरी कर्मचारीहरू, कर्तव्य निर्वाह गर्ने क्रममा अंगभंग तथा घाइते हुनुभएका साहसी प्रहरी कर्मचारीहरू र सदा पूजनीय अमर प्रहरीका श्रद्धेय परिवारजनहरूमा सुख र शान्तिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

देशमा शान्ति, सुव्यवस्था र सुरक्षा बहाल राख्न प्रहरी कर्मचारीहरूले आफ्नो पसिना र रगत सँगै आवश्यक पर्दा लोकहितका निमित्त आफ्नो प्राण पनि उत्सर्ग गरेका छन् । यस गौरवशाली संगठनका सदस्यहरूको त्याग, अनुशासन र साहसिक योगदानको स्मरण गर्दै समस्त सत्कर्मशील सदस्यहरूमा नमन गर्दछु। सकल दर्जाका प्रहरी कर्मचारीहरूको समर्पण, व्यावसायिक निष्ठा, वीरता र धीरता नै नेपाल प्रहरीलाई अझ सक्षम, व्यावसायिक, जनमुखी र जनप्रिय बनाउने महत्वपूर्ण आधार रहेको यहाँहरूलाई स्मरण गराउन चाहन्छु।

नव वर्षको प्रथम बिहानीले हामीलाई प्रत्येक अस्त पछि नयाँ उदय निश्चित रहेको शिक्षा दिँदै विगतका अनुभवहरूबाट शिक्षा लिँदै नयाँ सुरुवात गर्न पनि प्रेरित गर्दछ । सुशासन, पारदर्शिता, अनियमितता र भ्रष्टाचारमुक्त सुरक्षित र समृद्ध राष्ट्र निर्माणप्रतिको जन अपेक्षालाई गम्भीरताका साथ आत्मसात् गर्दै आम नागरिकको अपेक्षा अनुरूप आफ्नो बोली-वचन, व्यवहार र कार्यशैलीमा सकारात्मक रूपान्तरण ल्याउन पनि निर्देशित गर्दछु। शीघ्र, प्रभावकारी तथा नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्दै संगठनको गरिमा र मर्यादालाई नयाँ उचाइमा पुऱ्याउन हामी एकबद्ध भई अघि बढ्नको लागि संकल्पित हुने प्रण गर्न पनि निर्देशन दिन चाहन्छु।

नयाँ वर्षसँगै हामी सबै नेपालीको घरआँगन र जीवनमा नयाँ उर्जा, उत्साह र उमङ्ग, सिर्जनशीलताका साथ सकारात्मक परिवर्तन आउने विश्वासका साथ यहाँहरू सबैको व्यावसायिक र पारिवारिक जीवनमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना, जय नेपाल ।

**-प्रहरी महानिरीक्षक**
**दान बहादुर कार्की**

**सम्पर्क**
**नेपाल प्रहरी प्रधान कार्यालय**
जनसम्पर्क शाखा, नक्साल काठमाडौं
फो नं.: ०१-५७१९८२८, एक्सटेन्सन : १९३
इमेल : phqprs@nepalpolice.gov.np/phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

प्रहरी PRAHARI
वैशाख-जेठ २०८३

ISSN 26616122
9 772661 612205

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ
वर्ष ६८, अंक १
वैशाख-जेठ २०८३







मे.अ.द.न. ६४/१५८

# प्रहरी

## द्वैमासिक प्रकाशन

वर्ष : ६८ अंक : १ २०८३ वैशाख-जेठ



**प्रमुख सल्लाहकार**

प्र.ना.म.नि.अबि नारायण काफ्ले

**सल्लाहकार**

प्र.व.उ.दीप शम्शेर ज.ब.रा.

**प्रधान सम्पादक**

प्र.उ. हरिहर नाथ योगी

**सम्पादक**

प्र.ना.उ. मिन बहादुर कुँवर क्षेत्री

प्र.नि.रन्जु के.सी

प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**

प्रा.प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**

प्रा.प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**

एम.एस. प्रिन्टिङ्ग सोलुसन

**छपाइ प्राविधिक**

प्र.व.ना.नि. गोपाल ब.थापा

प्र.ह लक्ष्मी बोगटी

प्र.ज. चुडामणी भट्ट



**प्रकाशक**

**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## सम्पादकीय...

### प्रविधि प्रयोगमा नेपाल प्रहरीको फड्को

विज्ञान र प्रविधिको तीव्र विकाससँगै संगठित एवम् विद्युतीय सञ्जालमा आधारित अपराधमा नयाँ शैली र प्रवृत्ति देखा परेका छन् । सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै यसको दुरुपयोग गरी ह्याकिङ, अनलाइन ठगी, चरित्र हत्या, ब्ल्याकमेलिङ, अश्लील तस्बिर वा भिडियो दुरुपयोग र मानसिक प्रताडनाजस्ता गम्भीर अपराध बढिरहेका छन् । यस्ता अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानमा नेपाल प्रहरीलाई चुनौती थपिएको छ । यस्ता चुनौतीहरूलाई परास्त गर्दै संगठनलाई सार्थक, सक्षम, निष्पक्ष, पारदर्शी र जनउत्तरदायीरुपमा सञ्चालन गर्न एवम् शान्ति सुरक्षा कायम तथा अपराध अनुसन्धान र नियन्त्रणका लागि प्रहरी संगठनले अख्तियार गरेको प्रविधिमैत्री नीति सकारात्मक छ ।

नेपाल प्रहरीलाई समायानुकूल प्रविधिमैत्री बनाउन सिसिटिभी जडान, मुद्दामा डिजिटल हिअरिङमार्फत म्याद थप, मिसिलहरूको डिजिटाइजेशन, डिजिटल फरेन्सिक ल्याव, अटोमेटिक फिंगरप्रिन्ट आइडएन्टीफिकेशन प्रणालीको विस्तार, पोलिग्राफ परीक्षण, फिल्डमा डिभाइस युक्त प्रहरी, नागरिक एप मार्फत अनलाइन ट्राफिक सचेतना कक्षाको व्यवस्था, अनलाइन चारित्रिक प्रमाण पत्रको व्यवस्था, नेपाल प्रहरीको आधिकारिक वेवसाइटलाई समयानुकूल परिमार्जन, विभिन्न सान्दर्भिक एपहरूको विकास र प्रयोगलाई प्रहरी संगठनले प्राथमिकताका साथ अवलम्बन गरेको छ । त्यसैगरी सामाजिक सञ्जाल

फेसबुक, ट्वीटर, इन्स्टाग्राम, युट्युव र टिकटक मार्फत लाखौंभन्दा बढी आम नागरिकसँग प्रहरी संगठन प्रत्यक्ष जोडिनु जनमैत्री कार्य हो । यो सम्बन्धलाई अझै फराकिलो बनाउन नेपाल प्रहरीले हालै 'नागरिक सहायता तथा गुनासो व्यवस्थापन सेवा' औपचारिक रुपमा सुरु गरेको छ। जसले डिजिटल प्रविधिमार्फत प्रयोगकर्ताले छिटो, प्रभावकारी र नागरिक मैत्री सेवा प्राप्त गर्ने उद्देश्य राखिएको छ । नागरिकले घरमै बसेर सहज रुपमा नेपाल प्रहरीको एप प्रयोग गरी आफ्ना गुनासो तथा उजुरी दर्ता गराउन सक्नेछन् जसले कुनै पनि घटना वा अपराधबारे उजुरी दिन प्रहरी कार्यालय धाउनु पर्ने झन्झटको अन्त्य भएको छ। यसरी प्रहरीका कार्यहरू छिटोछरितो र जनमैत्री बनाउनु नेपाल प्रहरीमा प्रविधि विकासको नयाँ आयामका रुपमा लिन सकिन्छ।

डिजिटल प्रविधिबाट हुने आपराधिक क्रियाकलाप न्यूनीकरण गर्न हाल नेपाल प्रहरी प्रधान कार्यालयमा एआई सेल (Artificial Intelligence Advance Analytics Cell) को स्थापना गरिएको छ। यस सेलले सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट फैलिने भ्रामक तथा मिथ्या सूचनालाई नियन्त्रण गर्ने, डिजिटल प्रविधिको दुरुपयोगबाट हुने अपराधहरू पत्ता लगाउन अत्याधुनिक आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको प्रयोग गर्ने र विभिन्न स्थानबाट अपराधमा संलग्न व्यक्तिहरूलाई छिटो पहिचान गरी कानुनी दायरामा ल्याउने कार्य गर्दछ । यस्ता प्रविधिको विकासलाई संगठनको कार्य विशिष्टिकरणको एउटा खुड्किलाको रुपमा लिन सकिन्छ।

नेपाल प्रहरीको कार्य क्षेत्र बहुआयामिक छ। विभिन्न जनचेतनामूलक कार्य गरी अपराध हुन नदिनु प्रहरी संगठनको अर्को महत्वपूर्ण पाटो हो। हालको डिजिटल युगमा प्रहरीले नवपुस्ताको शैली अनुसारका विभिन्न धुन राखी आकर्षक शैलीमा ट्राफिक लगायत अन्य जनचेतनामूलक भिडियो प्रदर्शन गर्ने, समसामयिक विषयमा सचेत गराउने कार्य गर्दै आइरहेको छ । जुन शैलीलाई अहिले सामाजिक सञ्जालमा सबै पुस्ताले सकारात्मक ढङ्गले लिई नेपाल प्रहरीको प्रशंसा गरिरहेका छन्। नेपाल प्रहरीले आफ्नो आन्तरिक प्रशासनलाई मात्र सूचना प्रविधिसँग जोड्ने नभएर आम नागरिकलाई प्रदान गर्ने सेवासमेतमा सूचना प्रविधिको प्रयोगमार्फत प्रभावकारी रुपमा कार्य सम्पन्न गर्न सफल र उत्कृष्ट भएको छ।

नेपाल प्रहरीको कार्य क्षेत्र निकै बृहत् रहेको तथा सो अनुसार जनशक्ति न्यून रहेकोले सबै ठाउँमा प्रहरीको उपस्थिति असम्भव छ। यसको विकल्प भनेको नै प्रविधि हो। अतएवः वर्तमान चुनौतीलाई चिर्दै संगठनको विकास, अपराध र अपराधीको जालो तोड्न हरेक प्रहरी कार्यमा ज्यादै चनाखो भई प्रभावकारी प्रविधिमैत्री प्रहरी सेवामा जोड दिनु आजको आवश्यकता रहेको छ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ अनुचित लेनदेन सम्बन्धी कसुर | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | १ |
| ♦ अपहरण वा शरीर बन्धक सम्बन्धी........ | ✍ प्र उ मोहन कुमार थापा | १७ |
| ♦ मृत्युकालीन घोषणा र प्रतिपादित नजिर | ✍ प्र ना उ कृष्ण खड्का | ४२ |
| ♦ निःशुल्क कानुनी सेवा (प्रो बोनो) | ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय | ५१ |
| ♦ नेपाल प्रहरीमा समावेशीकरणको वर्तमान...... | ✍ प्र नि मन्दिप चौहान | ६७ |
| ♦ विद्युतीय सवारीः प्रविधि अघि, तयारी पछि ? | ✍ प्र व ना नि बिष्णु थापा | ८४ |
| ♦ समुदाय प्रहरी साझेदारी कार्यक्रम र यसको...... | ✍ प्र ज पुस्कर तिमल्सेना | १०५ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ केही चित्र पामस्ट्रन नर्थका | ✍ युवराज नयाँघरे | ७ |
| ♦ सिपाहीको प्रेम कथा | ✍ पूर्व प्र व उ बिक्रम गुरुङ | ३३ |
| ♦ ज्ञानका लागि वातावरण | ✍ बद्रीप्रसाद ढकाल | ३८ |
| ♦ जीवनको यात्राः माटोदेखि माटोसम्म | ✍ इन्द्र कुमार श्रेष्ठ | ४७ |
| ♦ चिसो गोजी | ✍ डा छायादत्त न्यौपाने | ५४ |
| ♦ मानव जीवन र अपेक्षाका चाङहरू | ✍ घनबहादुर थापा | ६० |
| ♦ फर्किंदा पनि नसकिएको यात्रा | ✍ मुरारीराज मिश्र | ६३ |
| ♦ हेमोफिलीया | ✍ मंचिता कुमारी अर्याल | ७३ |
| ♦ तिम्री आमा | ✍ रन्जना पराजुली लम्साल | ७५ |
| ♦ अप्रत्यासित निःशुल्क यात्रा | ✍ श्रीहरि के. सी | ७६ |
| ♦ त्यो अकल्पनीय क्षण | ✍ गङ्गा कर्माचार्य पौडेल | ८८ |
| ♦ आर्थिक मन्दी | ✍ लीलाराज दाहाल | ९२ |
| ♦ आर्थिक विकासमा निजी क्षेत्रको भूमिका | ✍ सुदर्शन अधिकारी | ९३ |
| ♦ तयारी खाना | ✍ बिन्दु अधिकारी ढकाल | ९७ |
| ♦ त्यो वेलाको पढाइ | ✍ सीताकुमारी न्यौपाने धिताल | ९८ |
| ♦ किन गरिन्छ वट सावित्रीको व्रत | ✍ दीपा भट्ट जोशी | १०२ |

## गीत / कविता /गजल


| | | |
|---|---|---|
| ♦ नभन्नोस् है भुरा | ✍ ललिता 'दोषी' | ३२ |
| ♦ मनमनै किन...... | ✍ सानुराजा श्रेष्ठ 'अन्जान' | ४१ |
| ♦ मुक्तक | ✍ हरिकृष्ण घिताल 'एच.के' | ५० |
| ♦ गीत | ✍ उर्मिला पन्त पाण्डेय | ५९ |
| ♦ गजल | ✍ प्र ज मस्त पुन मगर | ६२ |
| ♦ यो देश बन्छ बन्छ! | ✍ विवेक ढुलाल क्षेत्री 'दमक' | ८७ |
| ♦ बदलिएको उ ! | ✍ जयश्वर रिमाल | १०४ |
| ♦ उत्तर खोजिरहेको जीवन | ✍ इन्द्र कुमार श्रेष्ठ 'सरित' | १०९ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू | संकलन : प्र व ना नि संगीता कार्की | १११ |
| ♦ रसबस | संकलन : प्र ज अभिन गुरुङ | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू | संकलन : प्र व ना नि प्रमोद उपाध्याय पण्डित | ११२ |


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# अनुचित लेनदेन सम्बन्धी कसुर



✍ **सहन्यायाधिवक्ता**
**सोमकान्ता भण्डारी**°

## १. पृष्ठभूमि

व्यक्तिहरू बीचको सम्बन्धमा एक कडीको रूपमा रहेको सम्पत्ति माथिको गैरकानुनी अतिक्रमण वा हस्तक्षेप वा कुनै हानिलाई फौजदारी कानुनले अपराधको रूपमा घोषणा गरी दण्ड सजायको व्यवस्था गरेको हुन्छ। वास्तवमा सम्पत्तिको अधिकारको विषय फौजदारी कानुनको दायराभन्दा देवानी कानुनको दायराभित्र पर्ने विषय हो। यदि त्यस्तो हो भने फौजदारी कानुनले किन यस विषयमा यति धेरै चासो वा सरोकार राख्दछ त ? भन्ने सवाल नै यस विषयको धारणा, कानुनी व्यवस्था र व्यवहारलाई नियाल्नु पर्ने चासो र सरोकारको विषय हो। यसर्थ, यसलाई लेखको रूपमा छनोट र विश्लेषणको विषय बनाइएको हो।

फौजदारी कानुनले समाजमा सार्वजनिक हितको रक्षा तथा व्यक्तिगत हितको रक्षा गर्ने दोहोरो भूमिका खेलेको हुन्छ।[१] सार्वजनिक हित अन्तर्गत शारीरिक वा भौतिक हानिबाट रक्षा, अनैतिकता माथि प्रतिबन्ध, युवाहरूको नैतिक भ्रष्टता रोक्ने, राष्ट्रको सार्वभौम अखण्डताको रक्षा तथा सार्वजनिक शान्ति तथा व्यवस्था कायम गर्ने आदि पर्दछन् । त्यसैगरी व्यक्तिगत हितको रक्षार्थ अनुचित शारीरिक हस्तक्षेप रोक्ने, बेइज्जती रोक्ने तथा सम्पत्ति माथिको अनाधिकृत हस्तक्षेपबाट मुक्त पार्ने । यसरी फौजदारी कानुनको कार्यक्षेत्र भित्र व्यक्तिको साम्पत्तिक अधिकारलाई बचाई राख्नु प्रमुख कार्यहरू मध्येको एक हुन आउँछ। व्यक्तिलाई आफ्नो सम्पत्ति उपभोग गर्ने अधिकार संविधान र ऐन-कानुनले प्रदान गरेको हुन्छ र त्यो अधिकार माथि गैरकानुनी एवं अनाधिकृत हस्तक्षेप हुन गएमा फौजदारी कानुनले उचित उपचारको व्यवस्था गरेको हुन्छ।[२]

---

°सहन्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं ।

१. William Wilson (1998), Criminal Law (2nd ed.), London: Longman Law Series.

२. प्रा. डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, फौजदारी कानुनको परिचय, (पाँ.सं. २०७९), लुम्बिनी प्रकाशन, काठमाडौं, पृ. २९०

व्यक्तिको ज्यान, जिउ, स्वतन्त्रता र सम्पत्तिको रक्षा गर्नु फौजदारी कानुनको प्रमुख कर्तव्य एवम् उद्देश्य हो ।[३] आधुनिक फौजदारी विधिशास्त्रमा Sanctity of the Person र Sanctity of Property सँग अन्तरनिहित फौजदारी अपराधलाई फौजदारी कानुनका विधाको प्रमुख क्षेत्र (Core Area) को रूपमा लिइन्छ ।[४] सम्पत्तिको अभावमा उसले आफ्नो जीवन अगाडि बढाउन सक्दैन । सम्पत्ति माथिको अनधिकृत हस्तक्षेप र सम्पत्ति हत्याउन प्रयोग गरिने बल, साधन र त्यसले पार्ने प्रभावको आधारमा यो विषय फौजदारी कानुनको जटिल एवं चासोको विषय हुन पुगेको हो । व्यक्तिलाई आफ्नो सम्पत्ति उपभोग एवम् प्रचलन गर्ने अधिकार संविधान र ऐन-कानुनले प्रदान गरेको हुन्छ र त्यो अधिकार माथि अनाधिकृत हस्तक्षेप हुन गएमा फौजदारी कानुनले उचित संरक्षण एवम् उपचारको व्यवस्था गरेको हुन्छ ।

सम्पत्ति सम्बन्धी अपराध नेपालको संविधानको धारा २५ ले मौलिक हकको रूपमा घोषणा गरेको सम्पत्तिको हक विरूद्ध गरिने अपराध हो । प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुन[५] संविधानमा उल्लेख छ । सम्पत्ति सम्बन्धी कार्य कानुनको अधीनमा रही गर्नु पर्दछ । गैरकानुनी रूपमा कार्य गरेमा फौजदारी कानुन आकर्षित हुन्छ । समाजको विकास, प्रगति एवम् उन्नतिमा सम्पत्ति (Property) को अहम् भूमिका रहन्छ । सम्पत्ति वा पुँजी (Capital) को अभावमा विकास, प्रगति एवं उन्नति सम्भव छैन । समाजको विकास र उन्नतिको क्रममा समाजमा हुने आर्थिक कारोबार र क्रियाकलापलाई व्यवस्थित, मर्यादित, स्वच्छ एवं प्रतिस्पर्धापूर्ण बनाउन प्रभावकारी एवम् बलियो फौजदारी कानुनको आवश्यकता पर्दछ । यही आवश्यकता पूर्ति गर्ने क्रममा समाजका गहिरिएर रहेको समस्यालाई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप गरिएको नयाँ अपराध हो ।

३. प्रा. डा. रजितभक्त प्रधानाङ्क र सोमकान्ता भण्डारी, फौजदारी कानुनको सामान्य परिचय, (ते.सं. २०८२), पैरवी बुक हाउस प्रा.लि., काठमाडौं, पृ. २३४ ।

४. ध्रुवकुमार चौहान, "डाँका सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन", आर्थिक/सामाजिक अपराधको प्रवृत्तिगत विश्लेषण, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंः २०७४, पृ. ६५ ।

५. नेपालको संविधान, २०७२ को धारा २५ को उपधारा (१) ।

**२. अनुचित लेनदेन**

व्यक्तिहरू बिच हुने उचितदेखि बाहेकका अन्य लेनदेन अनुचित लेनदेन हो। उचित लेनदेन भनेको कानुनमा गरिएको व्यवस्था बमोजिम गरिएको लेनदेन हो । कानुनले तोकिएको भन्दा बढी व्याज लिने, व्याजलााई सावामा गाभेर असुल उपर गर्ने, व्याजको व्याज लिने जस्ता कार्य उचित लेनदेन होइन ।[६] घरसारमा कपाली तमसुक गर्दा वा सो अनुसारको लेनदेन गर्दा धनी र ऋणी बीच कानुनी व्यवस्था भन्दा बाहिर गई वा वास्तविक लेनदेन भन्दा बढी रकमको लिखत तयार गरी गरिने लेनदेन अनुचित लेनदेन हो ।

मुलुकी देवानी संहिता, २०७४ लागु हुनु भन्दा अगाडि घरसारमा भएको लिखत दर्ता वा प्रमाणीकरण गर्नुपर्ने कानुनी व्यवस्था गरिएको थिएन । साथै घरसारमा लिखत तयार गर्दा अनुचित लेनदेन (वास्तविक रूपमा गरिएको लेनदेन भन्दा बढी साहुले लिने गरी लिखत तयार गर्ने) हुने गरी लिखत तयार गर्ने र त्यसबाट ऋणी थप चपेटामा पर्ने क्रम बढेको अवस्थामा यस सम्बन्धी कानुनी व्यवस्था गरिएको हो । हाल घरसारमा हुने लिखतले कानुनी मान्यता पाउन लिखतको पचास हजार रूपैँया भन्दा माथिको बिगो भएमा सम्बन्धित पक्षहरूले स्थानीय तहको वडा कार्यालयमा दर्ता गराउनु पर्ने कानुनी व्यवस्था गरिएको छ । साथै सामान्य लेनदेन देवानी मामिला भए पनि सो लेनदेन अनुचित तवरले भएको अवस्थामा फौजदारी मामिला हुने गरी कानुनी व्यवस्था गरिएको छ ।

**२.१ अनुचित लेनदेन सम्बन्धी कानुनी व्यवस्था**

नेपालमा विशेष गरी तराई क्षेत्रमा अनुचित लेनदेन सम्बन्धी कार्य व्यापक रहेको र त्यसबाट धेरै नागरिक समस्या एवम् मर्कामा परेको देखिए पछि नेपाल सरकारले २०७९ चैतमा पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो ।[७] सो समितिले २०८० मंसिर २६ गते प्रधानमन्त्रीलाई सुझाव सहितको प्रतिवेदन बुझाएको थियो । यस बिच (२०८०।०१।१४) मा संसदले यस सम्बन्धी कानुन समेत पारित गरेको छ ।

आयोगले २०८० वैशाख १७

६. राजाराम श्रेष्ठ, उचित र अनुचित लेनदेनको कानुनी अभ्यास, प्रतिपादन, वर्ष ११, अंक १, (२०८१), राष्ट्रिय न्यायिक प्रतिष्ठान, पृ. ३६२ ।

७. सो आयोगको अध्ययनको क्रममा गठन भएको अनुचित लेनदेन (मिटर व्याज) विरुद्ध संघर्ष समितिले उपलब्ध गराएको तथ्याङ्क अनुसार सो संघर्ष समितिको जानकारीमा झण्डै सात लाख वटा कारोबार भएको भन्ने र विशेष गरी तराईका भूभागहरूमा यो अपराधको बाहुल्यता रहेको भन्ने देखिन्छ ।

देखि जेठ १४ सम्म पीडितको निवेदन लिँदा करिब २८ हजार पीडितरूले निवेदन दिएका थिए । त्यसमध्ये मधेसका ८ जिल्लाबाट २१ हजार ५५२ र पश्चिम नवलपरासीबाट १८६२ निवेदन परेका थिए । सबभन्दा बढी निवेदन बाराबाट परेको थियो ।[८]

पीडित र साहु बीच कुल ५ अर्ब ५७ करोड १९ लाख रूपियाँको लिखत कारोबार भएको तर साहुहरूले सात अर्ब ६२ करोड ८० लाख रूपियाँ असुल हुन बाँकी रहेको भनेकोमा त्यमध्ये कुल एक अर्ब ७२ करोड ८६ लाख रूपियाँको कारोबार दुवै पक्षबीचको सहमतिमा टुंगिएको र साहुहरूले बाँकी छ भनी माग गरेको सात अर्ब ६२ करोड ८० लाख रूपैयाँ घटेर ५ अर्ब ८९ करोड ९३ लाख रूपियाँमा आइपुगेको आयोगले जनाएको छ । तर अहिलेसम्मको मिलापत्रबाट साहुको लिखत (५ अर्ब ८९ करोड ९३ लाख रूपैयाँबाट) घटेर चार अर्ब १७ करोड ६ लाख रूपैयाँमा आइपुगेको समेत आयोगले जनाएको छ ।[९]

यसबाट नेपालमा अनुचित लेनदेनको विकराल समस्या रहेको छ । यसबाट अशिक्षित नागरिकहरू बढी पीडित एवम् प्रताडित हुन गएका देखिन्छन् । यस समस्यालाई समाधान गर्न मुलुकी अपराध संहिता, २०७४ मा कानुनी व्यवस्था थप गरी अपराधीकरण (Crimilization) गरिएको छ । धनी र ऋणी बीच लेनदेन नभएको वा नगरेको रकम लिएको दिएको भनी लिखित तयार पार्ने, लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार पार्ने, लेनदेन गर्दाकै बखतमा ब्याज रकम साँवामा जोडी लिखत तयार पार्ने, ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार पार्ने, ऋणीले दिए बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने, प्रचलिन कानुनमा तोकिएभन्दा बढी ब्याज लिने, ऋणको साँवाभन्दा बढी ब्याज लिने, ऋण असुलीका लागि कुनै प्रकारको धम्की दिने वा हिंसा तथा शोषण गर्ने, अनुचित लेनदेनका आधारमा अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने काम आदि काम व्यवहारलाई अनुचित लेनदेन (मिटर ब्याज) भनी नामाकरण गरिएको छ । यस्तो कार्य कसैले गरेमा निजको कार्य कसुर मानी कानुन बमोजिम सजाय गरिने कानुनी व्यवस्था गरिएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९क को उपदफा (१) मा “कसैले अनुचित लेनदेन गर्न वा गराउन हुँदैन” भनी यस कार्यलाई अपराधीकरण गरिएको छ । यसैगरी उपदफा (२) मा

८. https://gorkhapatraonline.com/news/88905

९. https://gorkhapatraonline.com/news/88905

उपदफा (१) को प्रयोजनको लागि घरसारमा कसैले देहायका काम गरेमा अनुचित लेनदेन गरेको वा गराएको मानिने कानुनी व्यवस्था गरिएको छ :

(**क**) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने,

(**ख**) लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने,

(**ग**) लेनदेन गर्दाकै बखत ब्याज रकम समेत साँवामा जोडी लिखत तयार गर्ने,

(**घ**) ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गर्ने,

(**ङ**) ऋणीले तिर बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने,

(**च**) ऋणको साँवा भन्दा बढी ब्याज लिने,

(**छ**) ऋण असुलीको लागि कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्ने,

(**ज**) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने।

(३) यो दफा प्रारम्भ हुनु अघि भएको लेनदेनको कारोबारको आधारमा कसैले उपदफा (२) बमोजिमको काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुल उपर गर्न ऋणीलाई हैरानी पुऱ्याउनु हुँदैन।

**२.२ अनुचित लेनदेन सम्बन्धी कसुरमा सजाय**

मुलुकी अपराध संहिताको दफा २४९क (४) मा उपदफा (१) वा (३) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना हुने कानुनी व्यवस्था गरिएको छ। साथै उपदफा (५) मा अनुचित लेनदेनको कसुर गर्ने कसुरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा अन्य कुनै चल सम्पत्ति लिएको रहेछ भने कारोबार भएको वास्तविक रकम र कानुन बमोजिमको ब्याज निजलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसुरदारबाट भराई दिनु पर्ने कानुनी व्यवस्था गरिएको छ। यसै गरी उपदफा (६) मा अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण भएको ठहर भएमा त्यस्तो हक हस्तान्तरण भएको लिखत बदर हुने कानुनी व्यवस्था गरिएको छ।

**२.३ अनुचित लेनदेनमा हदम्याद**

मुलुकी अपराध संहिताको दफा २५५ ले “यस परिच्छेद अन्तर्गतका कसुरमा त्यस्तो कसुर भएको कुरा थाहा पाएको मितिले एक वर्ष नाघे पछि उजुर लाग्ने छैन” भन्ने व्यवस्था गरेको छ।

**४. निष्कर्ष**

आधुनिक समयमा लेनदेनको तरिका, विधि, प्रक्रियामा परिवर्तन आए पनि व्यक्तिहरू बिच लेनदेन भइरहेको अवस्था छ। आजको वैश्य युगमा लेनदेन झनै अनिवार्य छ। कानुनले तोकेको शर्त,

सिमा, विधि प्रक्रियामा रही गरिने लेनदेन उचित लेनदेन हो । तर लेनदेनको व्यवहार भन्दा लिखत अर्को गराउनु वा कानुनी विधि, शर्त, सिमा भन्दा बाहिर गई गरिने लेनदेन अनुचित लेनदेन हो । हाल आएर व्यक्तिहरू बिच चेक लिने दिने कार्य गर्ने, सो कारोबार भन्दा फरक रकम उल्लेख गरी वा पछिल्लो मिति राखी चेक लेनदेन गर्ने तर पछि शर्त बमोजिम काम नभएको वा भए पनि दुःख हैरानी दिने नियतले अनुचित लेनदेनमा उजुर गर्ने गरिएको छ।

साथै चेक बाउन्स भएकोमा कानुनी कारबाही भइरहेको वा अदालतबाट फैसला भए पश्चात् सो चेक अनुचित लेनदेन अन्तर्गत भएको भनी पुनः उजुर गर्ने कार्य पनि बढेको छ। कानुनले यथार्थ कारोबार भन्दा भिन्न लिखत गराउने वा रकम असुल उपर गर्ने वा सोका लागि पीडितलाई दुःख हैरानी दिने कार्यलाई अनुचित लेनदेन मानिने कानुनी व्यवस्था गरिएको हो। यो कानुनी व्यवस्थाको गलत प्रयोग वास्तविक कारोबार वा लेनदेनलाई हतोत्साहित गराउन होइन।

यो विषय हाम्रो फौजदारी कानुनको लागि नौलो कानुनी व्यवस्था भएको हुँदा यसको धारणागत पक्ष र यसमा अन्तरनिहित सिद्धान्तहरूलाई अझ मसिनोसँग विवेचना हुन बाँकी नै छ। सदियौं देखि समाजमा जगडेर बसेको सामाजिक आर्थिक अपराधलाई केही हदसम्म सम्बोधन गर्न सके पनि अनुचित लेनदेन गर्ने कार्यलाई केही हदसम्म हतोत्साह गरे पनि यस विषयलाई प्रभावकारी रूपमा नियमन गर्न सकिएको छैन । अनुचित लेनदेन सम्बन्धी मुद्दाहरू सर्वोच्च अदालतमा पुगी सकेको अवस्था छैन। त्यसकारण यसबारे हाम्रो सर्वोच्च अदालतको दृष्टिकोणको विश्लेषण र विवेचना गर्न सकिएको छैन। यस विषयमा निरन्तर अध्ययन, अनुसन्धान हुनु पर्ने देखिन्छ । यसलाई सम्बोधन गर्ने अलग्गै नियमन संस्था वा सहकारी संरचनालाई हेर्ने निकायलाई नै जिम्मा दिन पर्ने आजको टड्कारो आवश्यकता हो। यसमा सबै सरोकारवालाहरूका लागि ध्यान जानु पर्ने देखिन्छ। अनुचित लेनदेन सम्बन्धी कानुन बन्नु भन्दा पनि यसको प्रभावकारी कार्यान्वयन गरी यस प्रकृतिको लेनदेनलाई नियन्त्रण र नियमन हुनु पर्दछ। साथै अनुचित लेनदेनका नाममा वास्तविक लेनदेन अपराधमा रूपान्तरण हुन सक्ने जोखिमतर्फ उत्तिकै चनाखो हुनु पर्ने अवस्था छ। ◆◆◆

रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट WWW.nepalpolice.gov.np मा समेत सुन्न सकिने छ।

नियात्रा

# केही चित्र पामस्ट्रन नर्थका

केको फुर्सद हुनु ?

भेट्नेहरू भन्थे-'फुर्सदमा बोलुँला है !'

'हुन्छ नि !'

मलाई त्यसो पनि सबैले भनेथे ।


तर एकै दिन फुर्सदिलो भइएन । सुबिस्ता, सन्चो वा आरामले दिन कटेनन् । हतारो, कुदाकुद र लम्कीझम्कीमै दिन बिते । पामस्टन नर्थ टेकेकै दिनदेखि दगुरादगुर भइरह्यो ।

नौ दिन बसेँ म पामस्टन नर्थ ।

यी नौ दिन मेरा लागि अनन्त ज्ञान, अपार सूचना र अथाह दृश्यमा मन भइरह्यो बुरूक्क-बुरूक्क । नोभेम्बरका लामा दिन पनि छोटा भए । उठेर जाने ठाउँका चाँजोपाजो मिलाउँदा-मिलाउँदै दिन छोट्टिएर एक बित्ताको भइसक्थ्यो ।

साँझ आठ बजेसम्म घाम झलमल्ल लागे पनि बिहान मिलिक्क हुन्थ्यो ।

गोपाल भाइ कुन बेला उठ्थे, कुन बेला बाहिरिन्थे । पत्तो हुँदैनथ्यो मलाई । म कहिले एभोकाडो, कहिले स्ट्रबेरी र कहिले किबी फल दलिएका पाउरोटी टोकेर ऐना अघिल्तिर उभिँदा धुकधुकीले सोधेको प्रश्नसँग घोरिएको हुन्थेँ- 'आज के बार ?'



✍ **युवराज नयाँघरे**

तर पामिस्ट्रान नर्थले बार, घण्टा, भद्रो, पल र प्रहरसँग थामिइरहन दिएन मलाई । कुदाइरह्यो... दगुराइरह्यो... लम्काइरह्यो... ।

तर यही हतारोमै मैले धेरै कुरा हेरेँ, धेरै मान्छे भेटेँ, धेरै क्षेत्र पर्गेलेँ र धेरै चरित्रसँग बसाउठी गरेँ । पामस्टन नर्थ पुगेको दिनदेखि न्युजिल्याण्डका छातीमा खप्टिएका उकुसमुकुस यो उज्यालो धर्तीको इतिहास, सामुद्रिक लहर, पहाडका चखिला चुचुरा, हरिया डाँडाभित्रका सुवासिला ओजले तान्न छोडेन मलाई ।

म तानिइरहेँ... नजिकिइरहेँ... छेउ परिइरहेँ... । वर झन् वर आइरहेँ... मायाले बेरिइरहेँ... ।

पामस्टन नर्थ पुगेका दिनमै यसको आवाज, भाव, चित्र र अनुहारले मलाई गुटुमुटु पारेथ्यो । माया, आत्मीयता, हार्दिकता र स्नेह त कति हो कति ! हेरविचार, सुमसुम्याइ, सोधपुछ र चासो-

चिन्ता त झनै औधी !!

मलाई सधैँ लागिरहन्थ्यो- पानी कम पर्नु रोग नलागोस् भनेर गरिने व्यवहार हो। हावाको फुइँकी थोरै चल्नु पनि विध्वंस नहोस् भनेर गरेको गतिविधि हो ।

घामको राप थोरै आउनु आहतमा पिल्सिनु नपरोस् भनी गरिएको चालामाला हो ।

यी सबै सन्तुलित वातावरण मैले भेटिरहेँ, पाइरहेँ । सन्चो र फूर्तिलो ज्यान भएकैले पामस्टन पढ्न, हेर्न र चिहाउन सकेँ मैले ।

'कस्तो छ यहाँको हावापानी ?'

'भाइ, हाम्रो भुटानभन्दा फरक लागेन हऊ मलाई त !'

दिर्घा दिदीबाट उत्तर सुन्छु ।

'जाडोले सताउँछ कि ?'

गोपीकृष्ण काफ्ले पिता उत्तर दिन्थे- 'साह्रै ज्यानै शिताङ्गे पार्ने चैं लागेन हऊ ।'

'हपहपीले कत्तिको गाल्छ नि यहाँ ?'

खड्गबहादुर बुढाथोकी बोल्थे- 'जहिल्यै हावा सिरसिर चलिराख्छ । बतासले बाटो नबिराउने ठाउँ रै'छ नि यो न्युजिल्याण्ड ।'

नढाँटिकन भनेका थिए यिनले । दिर्घा दिदी, गोपी पिता, खड्गबहादुरले निफननाफन गरेको मिठो मौसमसँग पामस्टन नर्थको प्रकृति चोखिएको लाग्छ । तिनका शरीरले निकै वर्षदेखि पचाउँदै आएकाले यो न्यानो र शितल हावापानीले भरिएको ठानेँ मैले नि ।

पामस्टन नर्थलाई उपत्यकै भने नि हुन्छ । वरिपरि पहाडका सुरम्य तरेलीले आँखालाई थमाइरहन्छन् नयाँ-नयाँ चित्र । नागबेली हरिया पहाडका तरेलीमा मुटुले उज्यालो आलोक भेटिरहन्छ पटक-पटक ।

तिनै चुचुरातिर हेरेर लामो सास फेर्थें म ।

'न्युजिल्याण्डे हावाले मेरा शरीरका जम्मै कसिङ्गर बढारिऊन् ।'

मेरा कुराले गौरी हाँस्थिन् । गोपाल भाइ त झन् टोपी मिलाई-मिलाई रमाउँथे ।

बेला-बेलामा हिउँ परेको सेताम्मे भुइँमा ती पहाडका तरेलीमा रङ-रेखा बदलिन्थे । बादलको फुइँकीले सेताम्मे हिउँ थप्ने र घटाउने– देखिरहेको हुन्थेँ म ।

सिमसिमे पानी परेर पामस्टन नर्थको मौसम हुन्थ्यो मायालु । मसँग हरिया फाँटको उज्यालो बिस्तारै वर-वर सरेर पोखिइरहन्थ्यो मिठो, मायालु र न्यानो आभा ।

'धेरै उब्जाउ भूमि यो !'

घरबाट पर-परका फाँटसम्म देखिन्थे । तिनै फाँटका बार, बाली, बिरूवा निहालिरहेको हुन्थेँ म । अनि गोपाल भाइ बोल्न पुग्थे- 'मकै, फलफूल र गहुँ चैँ

अचाक्ली फल्छ यहाँ ।'

पामस्टन नर्थमा फल्ने तरकारी राजधानी विलिङटनसम्म मुठा कस्सिएर पुग्छ रे । अस्ति देवान तामाङले भनेको सम्भिmरहेको थिएँ मैले- 'विलिङटनमा हाम्रो पामस्टन नर्थकै पारामा गान्टे मुला बेचेको देखेँ । पछि बुझ्दा त मानावातु दक्षिणको तरकारी सोरसार पारी लगेका रै'छन् ।'

'गाउँको तरकारी राजधानी पुग्नु लर्तरो कुरा होइन नि ।'

खँदिलो स्वर थियो उनको बोलीमा ।

त्यसो त एक दिन पामस्टनको बजारै पुऱ्याएथे- गोपालले । त्यहाँ लसुन, प्याज, सयपत्री फूल, गान्टे मुला, चुकन्दर, ग्याँठकोपी, धनिया बेच्ने चिनियाँ, फिजी मूलका भारतीय, केही भियतनामी, इन्डोनेसियाली वृद्धवृद्धा मनग्गे भेटिएथे ।

पुराना बाइबलको पुस्तक बेच्न बसेथे गोरागोरीहरू ।

'तिमीले एक पाना पल्टाऊ, एक हजार आयु लम्बिन्छ । एक हजार पाना पल्टाऊ, एक लाख गल्ती सच्चिन्छन् । एक लाख गल्ती सच्याऊ, एक अर्ब मोक्ष प्राप्ति हुन्छ ।'

शरीरभरि ट्याटु खोपेको एउटा गोरेले माइकमा भट्याइरहेथ्यो । बजारको चहलपहल पुस्तकतिर भन्दा फूलका बेर्नातिर, खानाका लाइनतिर, तरकारीका मुठातिर, कफी घोटिरहेका चारपाङ्ग्रेतिर र गमलाका सागपाततिरै झ्याम्मिएको देखिन्थ्यो ।

मनमनै भनेँ- 'संसारमा धर्मले धेरै खेप युद्ध लडे पनि खास जीवन दर्शन त यिनै बेर्ना, खाना, मुठा, कफी र सागपातमै गाँसिएको पो रहेछ नि गाँठे ।'

स्याटर्डे हाटमा पामस्टन नर्थको चोखो अनुहार देखेथेँ मैले ।

'आज अस्पतालतिर जाऊँ !'

गोपाल भाइले गाडी घरबाट निकाल्दा भनेथे ।

'हस् !'

मैले यति भनेँ ।

किनभने उनलाई कम फुर्सद हुने । फेरि पढाइ र कामको किचाघानले राम्रैसँग थिचथाचमा परेथे । भाइले फुर्सद मिलाउँदा नै हुइँकिएँ- फेरि मौका मिल्ला पो कहिले । अनि म वेग हानिहाल्थेँ ।

मिल्सन स्ट्रीटबाट निस्केर हामी सनन्न हुइँकियौँ ।

निकै अघिदेखि अस्पताल-अस्पताल भनेको भाइसँग म आज गइरहेथेँ । दाहिनेपट्टि परैबाट अस्पताल देखियो ।

कुनै हो-हल्ला थिएन । सूचना पाटी वा भिडभाड छैन । गाडी बाहिरैतिर थन्काएर भाइले मलाई मूल भवनतिर लगे । बाटोमा ढाट थियो उनले आफ्ना पूराना कुरा सम्भिmए ।

'सुरू-सुरूमा त भाषाको अप्ठेरो, सूचना नजान्दाको हैरानी खुबै भो नि । हाम्रै कति साथीहरू तगारो आफैँ हटाउन जान्थे रे । गाडी थन्काउँदा र निकाल्दा सास्ती खेपेथे हाम्रै माताजी, पिताजीहरूले पनि ।' मैले दुःख मानैँ ।

गफका तालमा हामी मूल ढोकामा पस्यौँ अस्पतालको ।

पञ्जा लगाए उनले । मैले सेनिटाइजर दलैँ हत्केलाभरि । त्यसपछि एक, दुई, तीन हुँदै अरू कोठातिर पस्यौँ ।

सुरूमै रातो, सेतो, निलो धर्को सरर्र कुदेर कोठा-कोठा गएको थियो । त्यो धर्को देखाए भाइले ।

'बाहिर सूचना पाटीमा रोगको नाम धर्कोसहित लेखिएको छ । अनि त्यै धर्को गएतिर जाँदा आफ्नो बिरामी भेटिन्छ ।'

कति सजिलो, कति व्यवहारिक, कति झटपट सूचना । कसैलाई सोध्नु नपर्ने, केरकार गर्नै नपर्ने, हैरानी खेप्न नपर्ने ।

हामी भित्र पस्यौँ ।

क्यान्सरको उपचारका लागि नामी रहेछ पामस्टन नर्थको यो अस्पताल । धेरै बिरामी ह्वील चेयरमा यताउता गर्दै थिए । ओखती घुटुक्क पार्दै थिए कति । कति चैँ घाम ताप्न निस्केका थिए बरण्डामा ।

'थुप्रै चिनियाँ, भारतीय, फिलिपिनी नर्स छन् यहाँ ।'

भाइ बोले ।

'नेपाली नि ?'

मेरो खसखस ।

'हुनुपर्ने हो । किनभने न्युजिल्याण्डका अरू अस्तालमा त निकै नर्स छन् । पढ्न पनि निकै नेपाली डाक्टर, नर्स आउँछन् । पढेपछि काम त पक्कै गर्लान् ।'

गोपाल बोले ।

एक-दुई हुँदै निकै तल्ला पुग्यौँ । यताउता घुम्यौँ । शैयामा सुतिरहेका बिरामी निहाल्यौँ ।

धेरैजसो खाँदै थिए । कतिलाई लुगा फेरफार पार्दै थिए नर्सहरूले । चुपचाप, एउटा बेग्लै चकमन्न । शान्ति र मौनताले घर गरेको उपचार कक्ष । खुरूखुरू हेर्दै लम्किरहेका छौँ ।

सफा, सिनित्त, सुग्घरी ठाउँ । कुनै कागजको चिर्कटो, लिपपोत, लेघ्रो वा टाटो छैन । कतै कुनै नारा, चित्र वा गथासो कोरेको देखिन्न । उपचारमय नितान्त । नितान्त सन्चो तुल्याउने ध्याउन्न ।

अस्पतालबाट बाहिरिँदा भाइ बोलेको सुनिरहेथेँ- 'पैसा चाहिन्न यहाँ । रोग निको पारेर पठाउने चिन्ता मात्र हुन्छ अस्पतालको ।'

अर्को एक दिन हामी अस्पताल नाघेर एउटा ठूलो चौरतिर गयौँ ।

पामस्टन नर्थमा सबै घुम्न आउने चौर रहेछ यो डाँडो । अलिक पाखोजस्तो

घाँसे मैदानका माझमा कुकुरका ठूला-ठूला तस्बिर कोरिएका थिए ।

चार-पाँच युवतीहरू आफ्ना कुकुरसँगै दगुरिरहेका थिए । कुकुरका औधी प्रेमी देखिन्थे किबीहरू । कुकुरलाई औषधीमूलो, हेरचाह, स्याहारचाकरमा खुबै मन गर्ने देखिन्थे ।

'यो कुकुर पार्क हो ।'

भाइ बोले ।

कुकुरलाई डुलाउने, घुमाउने, रमाइलो गराउने र तालिमजस्तै गराउने चौर रहेछ । कुकरमै समर्पित यस्तो पार्क देख्दा तीन चित परेको थिएँ म ।

एउटी गोरी आफ्नो कम्मर-कम्मर उचाइको कुकुरसँगै थिई । अर्को एउटा गोरेले साह्रै फुच्चे पोथी कुकुर डोऱ्याउँदै ल्याइपुऱ्यायो । उसले काठे कुर्सी राख्यो । भालेले पोथीलाई सुँघ्दै उक्लिहाल्यो ।

गोरी र गोरेले थपडी मार्दै थिए । हामी चौर एक फन्को घुमेर फर्किआउँदा थुतुना जोडिएका थिए उनीहरूका पनि ।

उदारता र प्रेमको अर्को अनुहार भेटियो- पामस्टन नर्थमा ।

स्याटर्डे मार्केट पुगेपछि हामी सानो बस्तीतिर पसेथ्यौँ ।

सहरकै एउटा भाग । तर बाटोघाटो, बिजुली, पेटी र घरले केही कमी थिएन । तैपनि गाउँको छनक थियो ।

'यहाँ फोहोरको व्यवस्थापन के, कसरी भएको छ ?'

गोपालसँग मैले सोधेको थिएँ ।

केही अघि हामी बजार गएका थियौँ । त्यहाँ पनि सबै व्यवस्थित । सबै कुरा राम्रोसँग मिलेको । सफासुग्घर सबै कुरा चिटिक्क । सरसफाइले हरेक कुरा जितेको ।

'म देखाउँछु ।'

भाइले भनेथे ।

हामी बजारमा केही भुल्यौँ । किनमेलभन्दा पनि भाइले देखाउन, बुझाउन, घुमाउन र अर्थ्याउन नै समय दिए । उनकै सारमा सार मिलाएँ मैले पनि ।

पूर्वपट्टि केही मान्छे आउने-जाने गरिरहेथे । निकै कलात्मक पाराको घर थियो । अगाडि स-साना हात छिराउन मिल्ने प्वाल थिए ।

'हेर्नु त, फोहोर बेचेर पैसा कमाउँछन् मान्छेहरू ।'

भाइ बोल्दै थिए ।

उनले देखाएका हाते दुलातिर हेरिरहेथैँ म । के-के जालान् त ती प्वालमा । खसखस छँदै थियो ।

एउटी गोरी अधबैंसे एक धोक्रो बोकेर आइन् ।

कोक, बियरका बोतल, जुसका क्यान, लाम्चा बोतल– क्रमशः अलग-अलग प्वालमा खुरूखुरू छिराइन् । हरेक प्वालमा लेखिए बमोजिम अरू केही

युवाहरू नि रित्ता बोतल, क्यान र बट्टाहरू खसालिरहेथे।

एक जना वृद्धले अलिक धेरै धोक्रा लिएर आएथे। भित्रबाट एउटी रूपसी गोरी आएर प्वालमा खसाल्न सघाइन् खिच्रिङमिच्रिङ।

त्यसपछि उनीहरू डलर लिएर गएथे।

सरकारले घर-घरबाट फोहोर संकलन गर्दोरहेछ। कुहिने, नकुहिने, पुनर्प्रयोगको अलग-अलग प्लास्टिकका ठूलठूला डिब्बाहरू घर-घरमा दिएर फोहोर भेला पारी व्यवस्थापन गरिँदोरहेछ। तर पनि मान्छेहरू आफैँ संकलन केन्द्रमा पुगेर सघाऊन् भनेर पनि यसरी फोहोर खरिद गर्ने वातावरण मिलाएको रहेछ।

जनता र सरकारको यो हातेमालो निकै व्यवहारिक कार्य ठानेँ मैले। समाज समृद्ध बनाउनु सबैको जिम्मेवारी हो नि। अस्वीकार गर्नेहरूलाई एउटा खँदिलो ज्ञान थियो यो– मैले बुझ्दा।

'कति सजिलै सहरको फोहोरको व्यवस्थापन !'

रिसाइक्लिङ सेन्टर हेरेर अभ्यन्तरको खुसी पोखेँ मैले। उनी जति मुस्काए त्योभन्दा धेरै प्रसन्न थिएँ म। नयाँ सिप र शैली थाहा पाएर।

मिति सम्भना भएन।

बेलुकीपख पानी छिट्याउन खोज्दै थियो। सिरेटोले सारा शरीरै चिस्याएथ्यो। मिल्सन स्ट्रीटबाट हुइँकिएर हामी गयौँ दक्षिणतिरै।

हरियाली र सहरको सुन्दरता एकैनासे छ। साना, सफा र चिटिक्क परेका घरले आँखामा उज्यालो थपिरहन्छन्। दिनदिनै धोइधाई गरेजस्तो, पुछपाछ गरे जस्तो टिलिक्क भएर बसेका घरहरू।

पामस्टन नर्थको निकै ठूलो विमानस्थलनेर पुगिसकेछौँ हामी। जहाज आउने-जाने गरिरहेथे। उड्ने-बस्ने जहाजले हावाको गति फेरिरहेथे।

'यहाँ हवाई उड्डयनको तालिम दिइन्छ।'

'जहाज उडाउन सिक्ने पाइलटहरू पढ्न आउने ठाउँ पनि हो यो।'

'न्युजिल्याण्ड पाइलट पढाउने नामी देश पनि त हो।'

गुडेका गाडीमा हामी एभिएसन कम्पाउण्ड भएर गइरहेका छौँ। विमानस्थलभरि ठूलाभन्दा साना जहाजको ताँती छ। अनेकौँ रङका ती जहाज मान्छे बोक्नभन्दा पनि तालिमका लागि हुनुपर्छ।

'तपाईं अस्ति मोटरबाटै आउनु भो। नत्र विलिङटनबाट एक घन्टा सन्ताउन्न मिनेटमा यहाँ आइपुगिन्थ्यो उडेर।'

भाइ बोलिरहेथे।

'सुन्दर संसार काँ देखिन्छ र उड्दा।'

भाइलाई भनेँ मैले।

हामी फन्को मारेर चौरतिर पुग्यौं । जहाँबाट अझै बढी राम्रोसँग पहाडका तरेली देखिएथे । निकै नजिक रहेको एभिएसनको मैदानमा जहाजका ताँती थिए ।

गाडी थन्काएपछि हामी फेरि चारै तिर पुग्यौं ।

घाँसे चौर नाघेर हामी केहीबेर हिँड्यौं । हरियो चौरमा घुँडा-घुँडासम्म घाँस उम्रिएथ्यो । पहेँलो फूल फुलेर चौर लोभलाग्दो देखिन्थ्यो ।

चौरले तानिरह्यो । बोलाइरह्यो एकसुरले ।

साना फुच्चे जहाज बस्दै, उड्दै गरिरहेथे । पाइलटको परीक्षण हुँदो हो ।

'समुद्र छ, किनारहरू छन्, हिमाल त्यत्तिकै, पहाड र मैदान पनि उत्तिकै । अनि एउटै देशमा सबै कुरा भएपछि सिक्नेहरू धुइरिने नै भए नि ।'

उडिरहेका पुन्टे जहाज हेर्दै म बोलेँ ।

'यहाँ आएपछि जहाज पनि त चलाउनु पर्‍यो । जानु मास्तिर । म एउटा किलिक्क्याउँछु फोटो ।'

गोपाल बोल्दै सिँढीतिर देखाए ।

भुइँमा टक्रक्क बसेको फुच्चे जहाजतिर गएँ म । सिँढी चढेर पाइलट बस्ने ठाउँमा पुगेँ । म भित्र सिटमा बसेपछि फोटो खिच्न क्यामेरा सोझ्याएर बसिरहेथे भाइ ।

ओहो ! के यस्तो ?

जहाजभित्र एउटा मायालु जोडी मस्तले अँगालेर सुतिरहेको रहेछ । मैले झट्ट हेरेँ, तरूनातरूनीले यत्रो सहरमा कतै माया पोख्ने ठाउँ पाएनछन् । कठै ती मसारमुसरमा निर्लिप्त । मायाको झरीमा ती निथ्रुक्कै भिजेथे । पिरतीमा बाफिएर ती असिनपसिन भइरहेथे ।

भाइ मलाई भित्र जा भनिरहेथे तलबाट । मैले हातको इशाराले चुप रहन भनेँ ।

अनि सर्लक्कै तल ओर्लेर प्रेमलीला कहेँ ।

'भाइ फोटो खिच्नै थालेको भए, तिनले थाहा पाएर मेरो गर्धनमा मुक्का हान्न बेर लाउँदैनथे । कामवासनाले भुतुक्कै भएका सिङ भाँच्ने भेडा, टाउको फुटाउने चौरी, भुत्ला उखेल्याउने सिंह– तपाईंले देख्नु नै भएको होला ।'

मेरा कुराले उनी हाँसे । यतिन्जेलमा हामी गाडीभित्र पसिसकेका थियौं घर फर्कन ।

त्यो दिन हामी बिहानै निस्केका थियौं ।

भाइलाई लागेको हुनुपर्छ–'दाइलाई न्युजिल्याण्डका सबै कुरा कुनै न कुनै देखाइछोड्छु ।'

मेरो मन त्यही खोजिरहेथ्यो– जुन उनको अभिलाषामा उत्रिएथ्यो सर्लक्कै । अनि योजना नि बनिरहेथ्यो त्यसै गरी ।

पामस्टन नर्थको सिटीतिर लागेथ्यौँ। घरबाट हरियाली किनारसहितको सुन्दर बाटो सुलुलु गएको छ। त्यसमै गुड्डु वेगिएका छौँ हामी । हरेक दृश्य रमाइला लाग्छन्–मन खुल्दैछ, फुल्दैछ, भरिलो बन्दैछ।

सिटी काउन्सिललाई फन्को मारेर हामी अगाडि रहेको संग्रहालयतिर पस्यौँ।

'नयाँ कुरा देखाउन मन छ।'

भाइ बोल्दै छन्।

कलाकारिताले घेरिएको भव्य भवनतिर पस्यौँ । ढोका मास्तिर अनेकौँ माओरी कलाले छपक्कै छोपिएथ्यो। मान्छेका अनेकौँ आकृति, रूप, भावभंगिमा र चरित्र गाँसिएथे ती काष्ठकलामा।

एउटी चिनियाँ मूलकी युवतीले आफ्नो ज्यान जस्तो खिरिलो मुस्कानमा सोधिन्– 'तिमीलाई म के सहयोग गरूँ ?'

'भित्र पसेर के-के हेर्न पाइन्छ ?'

'माथिल्लो क्रिकेट संग्रहालय छिर्न टिकट काट्नु पर्छ । अरू तल्लो तल्लातिर निःशुल्क छ।'

रूपसीका कुरा सुनेपछि हामी तल्लो तल्लामा झर्‍यौँ । क्रिकेटबारे म अनाडी छु । जतातातै खेलेको देख्छु तर चाख लिएर आफैँले एक झुल्को हेरेको छैन।

अब त्यसैको संग्रहालय पो किन पस्नु र म ?

बाटै मोडे भाइले। सन्चो भयो।

घुमाउरो भर्‍याङ झरेर तल पुगे पछि गोपाल आफैँ उज्यालिए– 'यो पो त मैले देखाउन खोजेको।'

एउटा ठूलो ढुंगेनी गुफाजस्तो कोठाभित्र हामी पस्यौँ । ओहो, हामी त सुरूङमा पो पसेछौँ । मधुरो बत्तीमा सुरूङ तन्किँदै गयो। बाङ्गोटिङ्गो, तलमाथि, टेढे मेढे भएर गुफा पसिरहेछौँ।

भित्ताभरि जुनकीरी बले पिलपिल।

माटोमा जुनकीरी कसरी बाँच्छन्– त्यो देखाइएको रहेछ । त्यही उज्यालोमा माटो भित्रको गतिले आफ्नो प्रकृति जोगाउने कथा लेखिएथ्यो यहाँ।

भित्तोलाई सिमेन्टको बुर्बुराउँदो लेपनले पोतिएको थियो– दुरूस्तै गुफा नै।

एक ठाउँमा रातो माटोको चाङ थुप्रेको थियो। अर्को ठाउँमा ढुंगेनी तह-तह। त्यसमाथि कुदेको आगोको लप्का।

जमिनभित्र अनेकौँ ढुंगा, पानी खप्ने जमिनको तह, कडा वा नरम ढुंगाका खप्टाइ र अन्त्यमा पत्रे चट्टानको अनेकौँ उपस्थिति । यसै लहरमा आउने-जाने लाखौँ ज्वालामुखीको लाभा । फेरि तिनै लाभाभित्र पस्ने पानी, हावा र अरू पृथ्वीका शक्तिशाली प्रवृत्तिहरू।

यी सबै उपस्थितिमा गाँसिएको रहेछ- न्युजिल्याण्ड।

समुद्र, पहाड, जंगल, गुफा र हिमाल त बाहिरका तह परे । गर्भकथा

त आगो, ज्वालामुखी र अत्यन्तै तातो अग्निमय संसार पो रहेछ- न्युजिल्याण्डको। यही रौँ ठाडा पार्ने चित्र हेर्दै-हेर्दै गइरहेको छु म।

एक ठाउँमा बालुवाका तह-तह देखियो। अर्को कुनामा बालुवाले ढुंगाको रूप कसरी लिन्छ– त्यो देखाइएको थियो।

अर्को कुनामा झन् रोमाञ्चकता देखियो– बालुवा छानिँदै-छानिँदै कसरी फरक-फरक रङ ग्रहण गर्छ।

रङ फेरिएका बालुवाका रास छेउमा म धेरैबेर अडिएछु।

'हेर्न बाँकी अरू नि छन्।'

गोपाल भाइले बोल्दा पो झसङ्गिएँ म।

त्यसपछि भूकम्पका झट्काले कसरी ढुंगा फाट्दा रहेछन्। कसरी ज्वालामुखीले जमिनको सतह फेरिँदो रहेछ, कसरी समुद्र खुम्चिने र बढ्ने रहेछ भूकम्पले गर्दा।

यी अनेकौँ रोमाञ्चक चित्रकथा हेर्दै-हेर्दै पाइला सार्न थालेँ।

निकै गुफा, कक्ष र सुरूङ निहाले पछि अन्त्यमा एउटा ठूलो काठे ढुंगा देखियो– त्यसमाथि एउटा सानो नाङ्गै बसेको केटोले सिपी भेला पारेर आफ्नो लाज छोप्न खोज्दै थियो।

जीवन र अनेकौँ संघर्षका कथासँग यो गुफाको कथा सकिन-सकिन लागेको मैले ठानेँ।

संग्रहालय बाहिर पुग्दा मेरा मनको अँध्यारो झन् बाक्लियो तर उज्यालो र झलमल्ल थियो। म एकाएक हलुकिएको थिएँ।

'मैले पढ्न, हेर्न र संसार निहाल्न अनन्त बाँकी रहेछ।' भाइलाई भनेँ।

अझै शान्त भए गोपाल भाइ।

बिहानै सिटीतिर गएथ्यौँ।

लाइब्रेरी लैजाने गोपाल भाइको तीव्र इच्छा थियो। मेरो पनि उस्तै रहर। जहाँ गए पनि नाटकघर, पुस्तकालय, कवि, संग्रहालय नपुगी के फर्कनु र ? यो इच्छा भइरहन्छ सधैँ-सधैँ।

सिटी स्क्वाएर घुमेपछि हामी सिटी लाइब्रेरी पसेथ्यौँ।

'एउटा गजब कुरा छ–त्यै देखाउन मन छ।'

भाइले भनिरहेथे।

पुस्तकालय निकै भव्य थियो। पढ्नेहरू, पुस्तकमा घोत्लिनेहरू निमग्न थिए। उनीहरू वरिपरि पुस्तकका चाङमा डुबेका थिए।

'सुरू-सुरूमा म खुबै यता धाउँथेँ। पछि घरव्यवहारले व्यस्त बनायो। पुस्तकका खण्ड-खण्ड हेर्दा पनि आँखाको अँध्यारो भाग्छ।' गोपाल भाइको कुरा सुन्छु।

यतिन्जेल हामी दुई तल्ला

उक्लिसकेका छौँ । घुमेर गएको अर्को तल्लामा मानिसहरू अझै धेरै छन् । उमेर समूहका किताब, पत्रिका, अनुसन्धान सामग्री अनेक तहका पुस्तकहरू राखिएका छन् । महादेशपिच्छेका पुस्तक राखिएको देख्छु ।

मैले खास गरी इन्डोनेसिया, मलेसिया, अस्ट्रेलिया खण्ड सरर्र हेरेँ । अझ न्युजिल्याण्डका निकट देश सामोआ, फिजी, टोङ्गा, न्यु केलेडेनिया देशहरूका किताबतिर बढ्ता रूचि देखाएँ । सोधखोज पनि गरेँ ।

गोपालले देखाई पनि दिए ।

सोफा सेट ठाउँ-ठाउँमा राखिएथे । मज्जाले पढ्न, टिप्न र सामग्री संकलनका लागि रमाइलो वातावरण जतातते थियो । भिड पातलो थियो । पुस्तकमा रमाउनेका लागि भिडभन्दा पनि शान्ति नै त मुख्य कुरा हो ।

'यत्तिकै पातलो नठान्नु होला । खुबै भिड हुन्छ यहाँ ।' गोपाल भाइ बोले ।

'अहिले अलिक चाडबाडको बेला नि छ । नेपाली पाठक बाक्लै हुन्छन् यहाँ ।'

कुरा सुनिरहेको छु म ।

म एउटा कुनामा उभिएर तिब्बती, चिनियाँ, जापानी, फिलिपिनी र मकाउका साहित्यिक किताबहरू पल्टाउन थालेँ । भियतनामी, कम्बोडियाली र कोरियाली पुस्तकहरू हेर्न थालेँ ।

भाइ अर्को कुनामा रहेकी एउटी कर्मचारीसँग सोध्दै थिए । उनी एकछिन त्यतै भुले ।

'बोर भयो नि ।'

'के भयो र ?'

'जे देखाउँला भनेर आएको थिएँ- त्यो पाइएन । न्युजिल्याण्डकै ठूलो, मोटो पुस्तक थियो । त्यो ज्यादै महत्वपूर्ण पुस्तक हेर्न मानिसहरू खुबै धुइरिन्थे । अहिले सुरक्षाका कारण त्यो पुस्तक अन्तै सारिएछ ।'

भाइ खिन्न भएर बोले ।

मैले यतिन्जेलमा अफ्रिका खण्ड सरासर हेरिसकेको थिएँ । अब युरोप खण्डतिर पाइला सार्न खोज्दै थिएँ ।

उनका कुराले मनमा चिसो पस्यो ।

'एउटा ठूलो अवसर गुमेछ ।' मैले भनेँ ।

'थाँती रह्यो भनौँ न । फेरि यही बहानाले न यता आइपुगिन्छ कि ।' भाइले भने ।

सिटी लाइब्रेरीबाट निस्किँदा घाम चर्केको थियो । अझ भोक पनि लागेको थियो ।

तर अक्षरसँग बितेका क्षणसँग अरू कुराको तुलना हुन सक्छ र ?

गुलाफी भएर गालामा पोतियो यो खुलदुली ! ◆◆◆

# अपहरण वा शरीर बन्धक सम्बन्धी कसुरमा कानुनी व्यवस्था र न्यायिक दृष्टिकोण



✍ **प्र.उ. मोहन कुमार थापा**

**१. परिचयः-**

अपहरण वा शरीर बन्धक सम्बन्धी कसुर व्यक्ति विरूद्ध गरिने एक गम्भीर प्रकृतिको कसुर हो । यो कसुर आफैमा साध्य नभई अन्य कुनै निषेधित गैरकानुनी उद्देश्य पूरा गर्नको लागि माध्यमको रूपमा गरिने आपराधिक कार्य हो र अधिकांश अवस्थामा यो कसुर संगठित रूपमा वा संगठित आपराधिक समूहद्वारा गर्ने गरेको पाइन्छ। त्यसैले यस कसुरलाई संगठित अपराधको एउटा स्वरूपको रूपमा लिने गरिन्छ । अपहरण गरी वा शरीर बन्धक लिई फिरौतीको रकम असुल गर्ने, राजनीतिक स्वार्थ पूरा गर्न बाध्य पार्ने, हत्या, जबरजस्ती करणी, वेश्यावृत्ति गराउने, मानव बेचबिखन तथा ओसारपसार, गैर कानुनी कार्य गराउने, जबरजस्ती विवाह, बाल विवाहजस्ता आपराधिक कार्य गर्ने गरेको पाइन्छ।[१] नेपालमा सशस्त्र द्वन्द्वकाल र त्यसपछिको समयमा अपहरण गर्ने तथा शरीर बन्धक लिई आपराधिक लाभ प्राप्त गर्ने कार्यहरूमा आकस्मिक वृद्धि (Proliferation) भएकोले यसलाई निषेध गर्न कानुनी व्यवस्था गर्न आवश्यक महसुस गरी २०६४ सालमा साविक मुलुकी ऐन, २०२० मा बाह्रौं संशोधन गरी "अपहरण गर्ने तथा शरीर बन्धक लिनेको"[२] महल थप गरी नेपालमा पहिलो पटक अपहरण तथा शरीर बन्धक सम्बन्धी कानुनी व्यवस्था भएको पाइन्छ।

१. प्रा.डा. रन्जितभक्त प्रधानाङ्ग र सोमकान्त भण्डारी (२०७७) फौजदारी कानुनको परिचय, लुम्बिनी प्रकाशन, बागबजार।

२. **साविक मुलुकी ऐन, २०२० को अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. मा** "कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोर जुलुम गरी, हात हतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउने वा, कुनै व्यक्तिलाई निजको मन्जुरी बिना वा नाबालक र मानसिक रुपमा अस्वस्थ्य व्यक्तिलाई निजको हितको निमित्त बावुआमा वा संरक्षकको मन्जुरी बाहेक **कुनै ठाउँमा लगेमा**" अपहरण गरेको मानिने, त्यसैगरी सोही महलको २ **नं. मा** "कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई,जोर जुलुम गरी, हातहतियार देखाई छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन वा ठाउँ कुनै किसिमले कब्जामा लिई वा त्यस उपर अनधिकृत तवरले नियन्त्रणमा लिई थुनेमा" शरीर बन्धक लिएको मानिने।

अपहरण वा शरीर बन्धक सम्बन्धी कसुर मानवता विरूद्धको कसुर भएको र त्यस प्रकृतिको कसुर सङ्गठित तवरले हुने, प्रायः एकभन्दा बढी व्यक्तिको संलग्नता र संलग्न व्यक्तिको पृथक पृथक भूमिका रहने भएकोले अनुसन्धानको क्रममा विभिन्न चुनौतीहरूको सामना गर्नु पर्दछ । यस्ता प्रकृतिको कसुरमा विभिन्न व्यक्तिको विभिन्न भूमिका हुन सक्ने र मुख्य वारदातस्थलमा वास्तविक रूपमा वारदातमा संलग्न व्यक्तिभन्दा कम संख्यामा व्यक्तिहरू उपस्थित भई वारदात घटाएको हुने तर यस्तो वारदातमा घटनास्थलमा नदेखिने व्यक्तिको भूमिका गौण वा सहायक नहुने, निजको भूमिका वारदातस्थलमा देखिने व्यक्तिको जत्तिकै वा अझै महत्वपूर्ण समेत हुन सक्ने देखिन्छ। नेपालमा अपहरण वा शरीर बन्धक सम्बन्धी कसुरलाई दण्डनीय फौजदारी कसुरको रूपमा कानुनी व्यवस्था गरिएको धेरै समय नभए तापनि सर्वोच्च अदालतबाट थुप्रै मुद्दाहरूमा नजिर सिद्धान्त प्रतिपादन भएका छन् । यस लेखमा प्रचलित अपहरण वा शरीर बन्धक सम्बन्धी प्रचलित कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तका बारेमा विश्लेषण गरिएको छ।

**२. प्रचलित कानुनी व्यवस्थाः**

**नेपालको संविधान**, २०७२ **को धारा** २९ (**शोषण विरूद्धको हक**): "कसैलाई पनि अपमानजनक व्यवहार वा **शोषण वा बाँधा वा दास बनाउन** नपाइने" भन्ने व्यवस्था गरेको छ।

**धारा ३९** (**बालबालिकाको हक**): "कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र **अपहरण गर्न वा बन्धक राख्न नपाइने**" भन्ने व्यवस्था गरेको छ। यस्तो कार्य कानुन बमोजिम **दण्डनीय** हुने र पीडितलाई पीडकबाट कानुन बमोजिम **क्षतिपूर्ति** पाउने हक समेत हुने संवैधानिक व्यवस्था गरेको छ।

**मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद–१७ मा अपहरण वा शरीर बन्धक सम्बन्धी कसुरको व्यवस्था निम्न बमोजिम गरिएको छ :**

**दफा २११. अपहरण गर्न नहुनेः** (१) कसैले कुनै व्यक्तिलाई अपहरण गर्न वा गराउन हुँदैन। (२) कसैले देहायको कुनै काम गरेमा **अपहरण गरेको मानिनेछ** भन्ने व्यवस्था रहेको छ।

(**क**) कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई, छलकपट गरी वा डर त्रासमा पारी, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई वा झुक्यानमा पारी वा नशालु पदार्थ वा मादक पदार्थ सेवन गराई वा कुनै व्यक्ति यात्रा गरिरहेको सवारी साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई वा त्यस उपर **कुनै किसिमले नियन्त्रण गरी निजलाई कुनै ठाउँमा लगेमा वा जान बाध्य गराएमा** वा,

(**ख**) कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा बालबालिका वा शारीरिक अशक्तताको कारणले अरूको आश्रयमा बसेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिलाई निजको बाबु आमा वा संरक्षकको मञ्जुरी बिना वा झुक्यानमा पारी **जबरजस्ती कुनै ठाउँमा लगेमा।**

**दफा २१२. शरीर बन्धक लिन नहुनेः** (१) कसैले कसैको शरीर बन्धक लिन हुँदैन।

(२) कसैले कुनै व्यक्तिलाई निजको मन्जुरी विना वा बालबालिका र होस ठेगाना नभएको व्यक्ति भए निजको आमा बाबु वा संरक्षकको मन्जुरी विना बल प्रयोग गरी वा सो को धम्की दिई, डर त्रास देखाई, जोर जुलुम गरी, हात हतियार देखाई वा नदेखाई छलकपट गरी, झुक्यानमा पारी, नशालु वा मादक पदार्थ सेवन गराई, **यातायातको साधन वा रहे बसेको ठाउँ कब्जा गरी वा नियन्त्रणमा लिई थुनामा वा नियन्त्रणमा राखेमा शरीर बन्धक लिएको मानिनेछ** भन्ने व्यवस्था रहेको छ।

(३) मानसिक रूपमा अस्वस्थ व्यक्तिलाई निजको बाबु, आमा वा संरक्षकको मन्जुरी लिई असल नियतबाट सम्बन्धित व्यक्तिको हितको लागि उपचार गर्ने क्रममा वा अन्य कुनै प्रयोजनका लागि कसैको निगरानी वा नियन्त्रणमा राखिएकोमा शरीर बन्धक लिएको मानिने छैन भन्ने व्यवस्था गरेको छ।

**दफा २१३. अपहरण वा शरीर बन्धक लिएमा हुने सजायः** कसैले ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा ईच्छा विरूद्ध जबरजस्ती काममा लगाउने, वेश्यावृत्तिमा लगाउने, यातना दिने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, मुक्ति रकम लिने वा प्रचलित कानुन बमोजिम कसुर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले **दफा २११ वा २१२** बमोजिमको काम गरे वा गराएको भए **सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना** र त्यस बाहेक अन्य उद्देश्यले गरे वा गराएको भए **तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तिस हजारदेखि पचास हजार रूपैयाँसम्म जरिवाना** हुनेछ भन्ने व्यवस्था गरेको छ।

**दफा २१४. थप सजाय हुनेः** (१) दफा २११ बमोजिम अपहरण गरी दफा २१३ बमोजिम शरिर बन्धक लिने व्यक्तिलाई **दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एकलाखदेखि एक लाख पचास हजार रूपैयाँसम्म जरिवाना** हुनेछ।

(२) कसैले अपहरण गरी वा शरीर बन्धक लिई यस संहिता वा कानुन बमोजिम कसुर मानिने अन्य कुनै काम गरेको रहेछ भने निजलाई त्यस्तो कसुर बापतको सजायमा **अपहरण गरी शरीर बन्धक बनाए बमोजिमको सजाय थप** हुनेछ।

(३) **अपहरण र शरीर बन्धक कसुर संगठित रूपमा** गरे गराएको रहेछ भने त्यस्तो गराउने व्यक्तिलाई **थप दुई वर्ष कैद सजाय** हुनेछ।

**दफा २१५.** अपहरण तथा शरीर बन्धक कसुर गर्न **दुरूत्साहन वा आदेश दिने व्यक्तिलाई मुख्य कसुरदारलाई सरह सजाय** हुनेछ भने त्यस्तो कसुरको **उद्योग वा षडयन्त्र गर्ने वा मतियार** हुने व्यक्तिलाई सो कसुरमा हुने सजायको **आधा सजाय** हुन्छ।

**दफा २१६. आत्मसमर्पण गरेमा सजाय कम हुनेः** कसुर गर्ने व्यक्तिले कसुर गर्दा गर्दैको बखत **सुरक्षाकर्मी समक्ष आत्मसमर्पण गरेमा** वा अन्य कसुरदार वा सो कसुर गर्ने गिरोहका सदस्यलाई **पक्राउ गर्न सहयोग पुऱ्याएमा** अवस्था हेरी अदालतले निजलाई **कम सजाय गर्न सकिने** व्यवस्था रहेको छ।

**दफा २१७. क्षतिपूर्ति भराई दिनुपर्नेः** (१) कसुर गरे वा गराएको ठहरेमा कसुर गर्ने वा गराउने व्यक्तिबाट **पीडित व्यक्तिलाई मनासिव क्षतिपूर्ति** भराई दिनु पर्नेछ।

(२) पीडित व्यक्तिको मृत्यु भई सकेकोमा त्यस्तो क्षतिपूर्ति निजको नजिकको हकदारलाई भराइदिनु पर्ने।

**दफा २१८. हदम्यादः** (१) यस परिच्छेद अन्तर्गतको कुनै कसुर गरी कसैको **ज्यान लिएकोमा जहिलेसुकै** पनि उजुरी गर्न सकिनेछ।

(२) सो बाहेक कसुर **भए गरेको मितिले दुई वर्ष** र अपहरण वा शरीर बन्धकबाट **मुक्त भएको मितिले ६ महिना** नाघेपछि उजुर लाग्ने छैन।

**अपहरण वा शरीर बन्धक कसुरमा बहिर्क्षेत्रीय प्रयोग सम्बन्धी कानुनी व्यवस्थाः**

**मुलुकी अपराध संहिता, २०७४ को दफा २ को उपदफा** (१) **को देहाय** (ख) अनुसार "कसैले नेपाल बाहिर नेपालबाट कुनै व्यक्तिलाई **अपहरण गरी** परिच्छेद-१७ अन्तर्गतको कुनै कसुर गरेमा निजलाई **नेपाल भित्र नै त्यस्तो कसुर गरे सरह** यस संहिता बमोजिम **सजाय** हुनेछ" भन्ने व्यवस्था गरेको छ।

**दफा** २ (३) (**घ**): "कुनै नेपाली नागरिक वा अन्य कसैले **नेपाल बाहिर** कुनै नेपाली नागरिक विरूद्ध **अपहरण, शरीर बन्धक वा गैरकानुनी थुनामा राखेको कसुर** गरेमा निजलाई **नेपाल भित्र नै त्यस्तो कसुर गरे सरह** यस संहिता बमोजिम **सजाय** हुनेछ" भन्ने व्यवस्था गरेको छ।

**अपहरण वा शरीर बन्धक लिई गरेको कसुरमा गम्भीरता बढाएको मानिनेः**

**मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-४ अन्तर्गत दफा ३८ को देहाय** (त): "कसैलाई **अपहरण गरी शरीर बन्धक लिई गरेको कसुरलाई**" कसुरको गम्भीरता बढाएको मानिने" भन्ने व्यवस्था गरेको छ।

**मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा** (२) **को स्पष्टिकरणमा:** जबरजस्ती करणीको कसुरमा "…. **अपहरण गरी वा शरीर बन्धकमा लिई** लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन" भन्ने व्यवस्था गरेको छ।

**मुलुकी अपराध संहिता, २०७४ को दफा** २०६ (२) (**ख**): "…कुनै व्यक्तिलाई **अपहरण गरी, कब्जा वा नियन्त्रणमा लिई** …वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरेकोमा त्यसरी वञ्चित गर्नुको कारण तथा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा सरोकारवालालाई जानकारी नदिने" कार्यलाई **व्यक्ति वेपत्ता पार्ने कसुर मानिने** भन्ने व्यवस्था गरेको छ।

**मानव बेचबिखन तथा ओसारपसार** (**नियन्त्रण**) **ऐन, २०६४ को दफा** ४ (२) (**ख**): "वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले ….**अपहरण गरी वा शरीर बन्धक राखी** …आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्यलाई **मानव ओसारपसार गरेको मानिने**" भन्ने व्यवस्था गरेको छ।

**संगठित अपराध निवारण ऐन, २०७० को दफा ७ को उपदफा** (२) **को देहाय** (ग): "….अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोर जुलुम गर्ने वा आतंकित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधन सहित वा साधन रहित **अपहरण गर्ने** वा त्यस्तो कार्यद्वारा आतंकित तुल्याउने काम" संगठित अपराध सम्बन्धी निषेधित कार्य हुने उल्लेख गरेको छ।

**संगठित अपराध निवारण ऐन, २०७० को दफा ३८** (**फिरौती लिएको अनुमान गर्न सक्ने**): संगठित अपराधको अभियुक्तले कसैलाई **अपहरण गरी वा नगरी वा शरीर बन्धक बनाई वा नबनाई** कसैबाट फिरौती माग गरी पत्राचार गरेको वा टेलिफोन, मोबाइल फोन वा अन्य कुनै सञ्चारका माध्यमबाट डर त्रास देखाएको वा धम्की दिएकोमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले फिरौती लिएको भनी अदालतले अनुमान गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको छ।

**सम्पत्ति शुद्धीकरण** (**मनी लाउण्डरिङ्ग**) **निवारण ऐन**, २०६४: **यस ऐनको अनुसूचीमा अपहरण, गैरकानुनी थुना वा शरीर बन्धक** सम्बन्धी कसुरलाई सम्बद्ध कसुर (Predicate Offence) को रूपमा समावेश गरेको छ। सोही ऐनको दफा १३(१)(ख) मा सम्बद्ध कसुरसँग सम्बन्धित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर भएमा प्रचलित कानुन बमोजिम

**सम्बद्ध कसुरमा अनुसन्धान गर्ने कार्यालयमा** उजुरी वा सूचना दिनुपर्नेछ भन्ने व्यवस्था रहेको छ । दफा १५ मा अनुसन्धान अधिकारीले **सम्बद्ध कसुरमा** अनुसन्धान गर्दा **सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर** गरेको देखेमा सो मा समेत अनुसन्धान गर्न सक्ने व्यवस्था गरेको छ। दफा १५ (**क**) मा अनुसन्धान अधिकारीले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा अनुसन्धान गरी मुद्दा दर्ता गर्नुपर्ने भएमा सो कसुर सम्बन्धित सम्बद्ध कसुरको हकमा समेत यस ऐन बमोजिमको **अधिकार र कार्यविधि अवलम्बन गर्न सक्ने** व्यवस्था समेत गरेको छ।

**अपहरण तथा शरीर बन्धक कसुर सम्बन्धी सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन,** २०७५: सर्वोच्च अदालतबाट मिति २०७५।११।१८ मा अपहरण तथा शरीर बन्धक कसुरमा सजाय निर्धारणसम्बन्धी सामान्य मार्गदर्शन, २०७५ स्वीकृत गरी लागु भएको छ। जसअनुसार सजायको उद्देश्य, सजाय निर्धारण गर्ने आधार, कसुरको गम्भीरता बढाउने अवस्था, जरिवाना निर्धारण गर्ने आधार, थप सजाय हुनसक्ने अवस्था, सजायमा छुट दिने, कसुरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत, क्षतिपूर्ति निर्धारण सम्बन्धी आधारहरूमा सजाय निर्धारण गरिने व्यवस्था गरेको छ।

**३.अन्तर्राष्ट्रिय दस्तावेजमा भएको व्यवस्था:**

**बहुर्राष्ट्रिय संगठित अपराध विरूद्धको महासन्धी (Convention against Transnational Organized Crime),** २०००: यो महासन्धी अन्तरदेशीय संगठित अपराधसँग लड्नका लागि बनेको प्रमुख कानुनी दस्तावेज हो । यो कसुर संगठित समूहद्वारा गरिने आपराधिक कार्य भएको र यस्तो अपराध गर्ने संगठित समूहको आपराधिक संगठनको सञ्जाल अन्तर्राष्ट्रिय रूपमा फैलिएको हुन सक्ने भएकोले यसलाई निषेध र नियन्त्रण गर्ने प्रयोजनको लागि यो महासन्धी पारित गरी यस्ता बहुर्राष्ट्रिय कार्यलाई सम्बद्ध राष्ट्रहरूले आपसी सहयोग र सहकार्यबाट संगठित अपराधको नियन्त्रण गर्ने, महासन्धीले गरेको कानुनी संरचना बमोजिम राष्ट्रिय कानुनलाई अनुकूलन गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ।

**बहुर्राष्ट्रिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी अन्तर्गत मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख सन्** २०००: धारा ३ (क) मा "मानव बेचबिखन तथा ओसारपसार" भन्नाले शोषण गर्ने उद्देश्यले धम्की वा बलको प्रयोग वा अन्य प्रकारको करकाप, **अपहरण** ...सम्झनुपर्छ भनी उल्लेख

भएको छ। "शोषण" भन्नाले न्यूनतम रूपमा अरूको वेश्यावृत्तिको शोषण वा अन्य स्वरूपका यौन शोषण, जबरजस्ती श्रम वा सेवामा लगाउने काम, **दासता वा दासता सरहका अभ्यास, बाँधा बनाउने** वा मानव अंग झिक्ने काम समेतलाई जनाउँछ भनी परिभाषित गरेको छ।

४. **सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तः**

**प्रल्हाद महत विरूद्ध शिव शाही समेतको जाहेरीले नेपाल सरकार, अपहरण तथा शरीर बन्धकः**[३]

◆ घटना घटेको देख्ने चस्मदिद व्यक्ति कोही नभएको अवस्थामा पनि अन्य **परिस्थितिजन्य प्रमाणहरू (Circumstantial Evidences) बाट अभियोग दाबी पुष्टि** हुन नसक्ने होइन। फौजदारी मुद्दामा प्रत्यक्ष प्रमाणको महत्वपूर्ण स्थान रहने भन्ने कुरामा विवाद हुन सक्तैन। तर कुनै मुद्दामा प्रत्यक्ष प्रमाण उपलब्ध नभएकै आधारमा अपराध र अपराधीको बारेमा खोजबिन नहुने भन्ने हुँदैन। प्रत्यक्ष प्रमाण उपलब्ध नभएको स्थितिमा परिस्थितिजन्य प्रमाण (Circumstantial Evidence) को सहाराबाट मिसिलमा रहेको तथ्य एवम् प्रमाणहरूको विश्लेषण गरी अपराध र अपराधीको बारेमा न्यायिक निरूपण हुन आवश्यक हुने।

◆ कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारी समक्षको बयानमा आरोपित कसुर स्वीकार गरी अदालत समक्षको बयानमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर **परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन** भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ। अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने।

**गणेश बहादुर श्रेष्ठ विरूद्ध नेपाल सरकार समेत, अपहरण गरी जबरजस्ती करणीः**[४]

◆ कुनै **कारण र आधार नखुलाई अमूर्त र हचुवा तवरबाट "न्यायको मकसद पूरा** हुने" भनी फैसलामा लेखिँदैमा यसको औचित्य प्रमाणित हुन नसक्ने। **वस्तुगत, तार्किक र न्यायोचित** आधारमा "न्यायको मकसद" पूरा भएको देखिनुपर्ने।

◆ कसुरको **गम्भीरता बढाउने पर्याप्त र मनासिब आधार तथा कारण विद्यमान रहेको अवस्थामा** ऐनमा तोकिएको न्यूनतम हदको सजाय हुने ठहर गरेर "न्यायको मकसद पूरा हुने" ठान्न नमिल्ने। "न्यायको मकसद पूरा हुन" कसुरको मात्रा र गम्भीरता अनुसार समानुपातिक सजाय

३. ने.का.प. २०७८, अंक ८, नि.नं. १०७२०

४. ने.का.प. २०७८, अंक ८, नि.नं. १०७२०

तोकिनु आवश्यक हुने । **"न्याय" एकापट्टि, "मकसद" अर्कैपट्टि हुन नहुने । हचुवा, स्वेच्छाचारी वा अमूर्त रूपमा न्यायको मकसद पूरा भएको ठान्न पनि नमिल्ने ।**

◆ विधायिकाले कुनै कसुरमा हुने **सजाय निर्धारण गर्दा "यतिदेखि यतिसम्म" भनी तजबिज प्रयोग गर्ने ठाउँ दिनुको तात्पर्य कसुर हुँदाका सबै अवस्था, घटनाक्रम र परिस्थिति पूर्वानुमान गर्न सम्भव नहुने र कसुरको मात्रा अनुसार सजाय गर्नुपर्ने भएकाले न्यायकर्तालाई केही तजबिजी अधिकार प्रदान गरिएको** हो । यसलाई विधायिकाले न्यायकर्ता प्रति विश्वास र भरोसा राखेको अर्थमा पनि बुझ्न सकिने । **तजबिजी अधिकार भनेको स्वेच्छाचारी हुन छुट दिने कुरा होइन** ।

◆ **कसुरको मात्रा अनुसार सजाय गरिएन भने न्यायको अनुभूति नहुन पनि सक्तछ** । यो **दण्डहीनता (Impunity)** सँग जोडिएको विषय पनि हो । कसुरको मात्रा अनुसार सजाय नगरी अवाञ्छित र अतार्किक उदारता देखाउन पुगियो भने परिणामतः यसबाट दण्डहीनताले प्रश्रय पाउने ।

◆ अन्य कसुर बापत हुने ठहर भएको ठुलो खतको सजायमा अपहरणको कसुर बापत भएको कैद सजाय खापिने होइन, दुवै खतमा भएको सजाय जोडेर (थप गरेर) कुल सजाय असुल गर्नु पर्दछ भन्ने नै स्वाभाविक रूपमा अर्थ बोध हुने ।

◆ विधायिकाले ऐन तथा संहितामा नै स्पष्ट र किटानी रूपमा **सजाय "थप हुने" भनी उल्लेख गरेको अवस्थामा** अन्यथा **तर्क-वितर्क गरेर कसुरदारलाई कानुन प्रतिकूल हुने गरी सुविधा दिनु उचित नहुने ।**

**सञ्जय कुमार पोद्दार वि. भुवनेश्वर यादवको जाहेरीले नेपाल सरकार, अपहरण तथा कर्तव्य ज्यान, मानव बेचबिखन तथा ओसारपसार समेतः**[५]

◆ वारदातमा नेपालबाट नाबालकलाई **अपहरण गरी भारत पुऱ्याई भारतमा नै रहेको अवस्थामा ज्यान मारेकोले** कर्तव्य गरी ज्यान मारेको कसुरमा समेत **बहिर्क्षेत्रीय क्षेत्राधिकार लागु हुने** अवस्था रहने भएकोले नेपालकै अदालतको बहिर्क्षेत्रीय क्षेत्राधिकार (Extraterritorial jurisdiction) लागु हुने ।

◆ अभियोग दाबी अनुसारको कसुर गरे बापत हुने सजायबारे विवेचना नगरी अधिकतम सजाय हुने कसुरसम्मको सजाय हुने भनी ठहर गर्नुलाई कानुन अनुरूपको निर्णयको संज्ञा दिन सकिँदैन । धेरै कसुर बापत भएको सजायको हद तोक्ने सम्बन्धमा प्रचलित कानुन बमोजिम सजाय गाभिन सक्ने हुँदा कसुरदारले आरोपित कसुरहरू गरे नगरेको कुरा ठहर गर्नु न्यायकर्ताको कर्तव्य हुन आउने ।

५. ने.का.प. २०७४, अंक १०, नि.नं. ९८९०

◆ **कर्तव्य ज्यानको कसुरमा जन्म कैदको सजाय भइसकेको** र दण्ड सजायको ८ र ४१ नं. बमोजिम सानो खतको कैद खापिने भएकोले **अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३, ७ र ९ नं. बमोजिमको कैद सजाय थप गरिरहन नपर्ने।**

**मिलन मग्राती समेतको जाहेरीले नेपाल सरकार विरूद्ध काजन श्रेष्ठ र सम्बेग भन्ने राजु मगर, मानव अपहरण तथा शरीर बन्धक:**[६]

◆ प्रहरीले सवारी साधन नियन्त्रणमा लिई हतियार सहित अपहरणको कार्य सम्पन्न गर्न उद्वत रहेका खतरनाक प्रतिवादीहरूलाई तत्काल neutralize गरी **अपहरणको कार्य सम्पन्न हुन नसकेको अवस्थामा अपराध पूर्ण भई अपहरण भई सकेको मान्न नमिल्ने।**

◆ अपहरण तथा शरीर बन्धक लिने कार्यको उद्योग हुनमा अभियुक्तको त्यस्तो कार्य गर्ने मनसाय यथेष्ठ रूपमा प्रमाणित हुनु पर्दछ। अपहरण गर्ने कार्यको तयारी पूरा भएको हुनु पर्दछ। अपहरण तथा शरीर बन्धक लिन त्यस्तो तयारी प्रर्दशन भई पीडितलाई नियन्त्रण वा कब्जामा लिने प्रयत्न भएको वा **नियन्त्रण वा कब्जामा लिई उक्त कार्य पूरा गर्ने क्रममा कुनै extraneous factor को हस्तक्षेप भएको वा अभियुक्त त्यस्तो कार्य गर्न dangerous proximity to the end or success को नजिक पुगी असफल भएको हुनु पर्ने।**

◆ उद्योग सम्बन्धी अपराधमा सजायको उद्देश्य अपराधीलाई मात्र दुरूत्साहन गर्ने नभई खतरनाकपूर्वक गरिने अपराधिक कार्यलाई पनि दुरूत्साहन गर्नु भएकाले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ५ नं. को कसुर गरी नसकेको र मुलुकी अपराध संहिता, २०७४ को दफा ३४(१) को कसुर गर्ने मनसाय सहित पीडितलाई नियन्त्रण वा कब्जामा लिई extraneous factor को रूपमा तत्कालै प्रहरीले हस्तक्षेप गरी पीडितलाई छुटाई अपहरणको कार्य पूर्ण हुन नसकेको अवस्थामा कसुरदारहरू dangerous proximity to the end or success को अवस्थामा मात्र पुगेको तर कसुर गरी नसकेको अवस्था मान्नु पर्ने।

**राजन पासवान वि. नेपाल सरकार, अपहरण तथा शरीर बन्धक:**[७]

◆ अपहरण गर्ने तथा शरीर बन्धक लिने कसुरको मुद्दामा पीडित स्वयं **प्रत्यक्षदर्शी प्रमाणको** कोटीमा रहन्छ। अपराध हुँदा देखेर, अनुभव गरेर, जानेर आफू उपर के कसरी कसले कसुर गर्ने कार्य गरेका थिए, को को व्यक्तिले के कस्तो भूमिका निभाएका थिए, **वारदातस्थलदेखि अपहरणमुक्त**

६. ने.का.प.२०७७, अंक ७, नि.नं. १०५३६)
७. ने.का.प.२०७८, अंक ८, नि.नं. १०७२२

**हुँदाको अवस्थासम्मको बारेमा चित्रण गरी बेहोरा उजागर गरिदिने दायित्व स्वयं पीडित व्यक्तिको नै हुने ।**

**कोशिला देवी महतो वि. नेपाल सरकार अपहरण तथा शरीर बन्धक:**[८]

◆ सामान्यतया अनुसन्धान अधिकारी समक्ष गरेको साबिती बयानको आधारमा मात्र कसुर ठहर गर्न पर्याप्त प्रमाण होइन । तर अनुसन्धान अधिकारी समक्षको बयान कुनै दबाब प्रभाव विना आफ्नो अन्तर हृदयबाट स्वस्फूर्त रूपमा आरोपित कसुरसँग स्वाभाविक सामाञ्जस्यता हुने गरी बयान गरी सो **बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भई राखेको छ भने अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई प्रमाणमा ग्रहण नगर्ने हो भने सो बयान गर्नुपर्ने कानुनी व्यवस्थाको कुनै अर्थ र प्रयोजन देखिन नआउने ।**

◆ कसुरजन्य कार्यमा **कसुरदारको सहभागिताको संख्याले थप सजाय हुने** र पीडित **नाबालक वा महिला विरूद्ध कसुर गरेकोमा हुने थप सजायको** कानुनी व्यवस्थाले अलग अलग आपराधिक दायित्व रहने भएर नै अलग अलग थप सजायको कानुनी व्यवस्था गरिएको हो । उक्त ७ र ९ नं. मा उल्लिखित अलग अलग प्रकृति र तत्वहरू विद्यमान भएको अवस्थामा कुनै एउटा कानुनी व्यवस्थाले गर्नुपर्ने थप सजाय मात्र गरिने हो भने अलग अलग थप सजाय हुने कानुनी व्यवस्थाको कुनै प्रयोजन नै रहन नजाने ।

**सोनु हलवाई वि. नेपाल सरकार, अपहरण र कर्तव्य ज्यान:**[९]

◆ मृतकलाई मिति २०६७।५।३ गते षड्यन्त्रपूर्ण ढंगबाट छलकपट, झुक्यानमा पारी नेपालगञ्ज स्थित निजको घरबाट व्यापार गर्ने बहानामा नेपालको सीमा कटाई **भारतको रूपैडिया हुँदै लखनउ लगी हत्या गरेबाट** अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुर नेपालमा नै भएको र सोही महलको ११ नं. ले नेपाल बाहिर लैजाने कार्य गरेमा **नेपाल भित्रै कसुर गरे सरह मानी सजाय गर्न मिल्ने** समेत देखिने ।

◆ प्रतिवादीबाट **अपहरण गर्ने, सम्पत्ति लिने, खाने, मास्ने र हत्या गर्ने समेतका जुन कसुर भएको भनी अभियोगपत्र पेस भएको छ, सो एउटै कारोबार (Single Transaction) को शृङ्खला** हुँदा यहाँ भारतमा लाश फेला परेको भन्ने मात्र कारणले नेपालमा मुद्दा नचल्ने भन्न मिल्ने देखिँदैन । त्यसो भन्ने हो भने कसैलाई नेपालमा नै अपहरण गरी हत्या गरेमा मुद्दा चल्न सक्ने तर विदेश लगी हत्या गरेमा मुद्दा नचल्ने एउटा विसङ्गतिपूर्ण निर्णय निष्कर्षमा

---

८. ने.का.प. २०७५, अंक ७, नि.नं. १००५९

९. ने.का.प. २०७५, अंक - ६, नि.नं. १००२८

हामी पुग्छौं, जुन कानुन, न्याय र न्यायका मान्यता प्राप्त सिद्धान्त समेत अनुकूल हुने नदेखिने ।

**पन्नालाल सहनी वि. नेपाल सरकार, अपहरण तथा शरीर बन्धक:**[१०]

◆ अपहरण तथा शरीर बन्धक लिने अपराध **संगठित तवरले हुने गरकोले** त्यस्तो अपराधमा प्रायः एकभन्दा बढी व्यक्तिको संलग्नता रहेको हुन्छ । यस्ता प्रकृतिको अपराधमा विभिन्न व्यक्तिहरूको विभिन्न भूमिका हुन सक्ने र मुख्य वारदात घटाउने स्थलमा वास्तविक रूपमा **वारदातमा संलग्न व्यक्तिहरू भन्दा कम संख्यामा व्यक्तिहरू उपस्थित भई वारदात घटाएको हुने ।** तर यस्तो वारदातमा घटनास्थलमा नदेखिने व्यक्तिहरूको भूमिका गौण वा सहायक नहुने । निजहरूको भूमिका वारदात स्थलमा देखिने व्यक्तिहरूको जत्तिकै वा अझै महत्वपूर्ण हुने ।

◆ अपहरण सम्बन्धी अपराध मानवता विरूद्धको अपराध भएको र त्यस प्रकृतिको अपराधमा संलग्न व्यक्तिहरूको पृथक पृथक भूमिका रहने हुँदा **वारदातस्थलबाट पक्राउ नपर्दैमा कसुरमा संलग्न रहेको छैन भनी निष्कर्षमा पुग्न नमिल्ने ।**

◆ अपहरित नाबालकलाई उद्धार गर्ने क्रममा भएको गोली हानाहानबाट दुई जनाको मृत्यु भई नाबालकको उद्धार गरी ल्याइएको तथ्य प्रहरी कर्मचारीहरूको बकपत्रबाट समर्थित भई रहेकोमा **जाहेरवाला र पीडितको बकपत्र नहुँदैमा कसुर नै स्थापित नभएको भन्न नमिल्ने ।**

**रामबहादुर थारू वि. नेपाल सरकार, अपहरण तथा शरीर बन्धक:**[११]

◆ कुनै पनि सर्तमा व्यक्तिको स्वतन्त्रता कुण्ठित बनाई अपहरण गरी बन्धक बनाउने कार्यलाई स्वाभाविक भनी अर्थ गर्न सकिँदैन । व्यक्तिहरू बीच एकआपसमा लेनदेन गरिएको रकम असुल गर्नको लागि कानुनले विभिन्न उपाय निर्धारण गरेको नै छ । पीडितलाई अपहरण गरी शरीर बन्धक बनाउनुको सट्टा कानुन बमोजिमका निर्धारित उपायहरूको अवलम्बन गर्नुपर्ने ।

◆ **पुनरावेदक प्रतिवादीहरूले आफूले लिनुपर्ने भनिएको रकम उठाउनका लागि पीडित जाहेरवालालाई बन्धक बनाएको देखिँदा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको २ नं. विपरीतको कसुर गरेको देखिन आउने ।**

◆ पीडितको दाजु वैदेशिक रोजगार सम्बन्धी व्यवसायमा संलग्न रहेकोले निजसँग यी प्रतिवादीहरू मध्ये बाबुराम थारू र रूद्रनारायण थारूले वैदेशिक रोजगारको लागि रकम लिनुदिनु गरेको कुरा

१०. ने.का.प. २०७४, अंक १०, नि.नं. ९८८९

११. ने.का.प. २०७३, अंक १, नि.नं. ९५३१

मिसिल संलग्न प्रमाणबाट देखिनुका साथै र कमको लिनुदिनु गरेको यी पीडितसँग नभई निजको दाजुसँग भएको तर अनाहकमा पीडितलाई अपहरण गरी शरीर बन्धक लिने कार्य गरेको देखिएको तथा यिनै प्रतिवादीहरू र जाहेरवाला बीच पक्ष विपक्ष भई चलेको ठगी मुद्दामा ठगी गरेको ठहरी फैसला समेत भइसकेको अवस्था हुँदा यस अदालतबाट मुद्दा दोहोर्याई हेर्ने निस्सा प्रदान गरिँदा लिएको आधारसँग सहमत हुन नसकिने ।

**नेपाल सरकार वि. मुरारी भुजेल, अपहरण:**[१२]

◆ सजायमा तल्लो र माथिल्लो हद राख्नु भनेको अपराध गर्दाको अवस्था, परिस्थिति र प्रतिवादीको कसुरमा संलग्नता आदि समेतको आधारमा न्यायकर्ताले आफूमा निहीत स्वविवेकीय अधिकारको प्रयोगद्वारा प्रतिवादीलाई सजायको निर्धारण गर्नकै लागि भएको हुन्छ । कानुनमा व्यवस्था भए अनुसार यी प्रतिवादीलाई सजाय तोकिएको देखिँदा त्यसलाई अन्यथा मान्न नमिल्ने ।

◆ अपराध गर्ने कार्यमा **दुईजना संलग्न रहेको भन्ने तथ्य नै पुष्टि हुन नसकेको स्थितिमा** अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नम्बर बमोजिम उक्त महल बमोजिम हुने सजायमा **थप दुई वर्ष कैदको दाबी** लिएको हकमा त्रुटिपूर्ण भई मिलेको नदेखिने ।

**सन्देश गर्वुजा समेत वि. नेपाल सरकार, अपहरण तथा शरीर बन्धक:**[१३]

◆ बल प्रयोग गरी डर, त्रास देखाई वा हतियार देखाई **कुनै यातायातको साधनमा वा कुनै ठाउँमा नियन्त्रणमा लिई राखेको वा थुनेको तथ्य प्रमाणित नभएसम्म शरीर बन्धकको कसुरको वारदात स्थापित भएको मान्न नमिल्ने ।**

**सन्तोष कुमार यादव वि. नेपाल सरकार, अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी:**[१४]

◆ पीडित तथा जाहेरवालाले आफूले गरेको दाबी परिवर्तन गरी प्रतिकूल बकपत्र गरेको अवस्थामा अन्य प्रमाणको वस्तुनिष्ठ मूल्याङ्कनबाट घटना भएको र **घटनामा आरोपित व्यक्तिको संलग्नता रहेको पुष्टि हुने प्रत्यक्ष वा परोक्ष प्रमाण छन् भने जाहेरवाला वा पीडितको प्रतिकूल बकपत्रलाई अस्वीकार गर्न सकिने ।**

◆ **पीडित र प्रतिवादी बिच बालविवाह भएको तथ्य स्थापित भइरहेको स्थितिमा** निज पीडितको करणी सम्बन्धी स्वास्थ्य परीक्षण प्रतिवेदन एकल रूपमा जबरजस्ती करणीको निश्चयात्मक प्रमाण हुन नसक्ने ।

◆ नेपाल सरकार वादी भई चल्ने फौजदारी मुद्दालाई देवानी मुद्दामा परिणत गर्न सकिने

१२.ने.का.प. २०७२, अंक ४, नि.नं. ९३८१

१३. ने.का.प. २०७८, अंक १, नि.नं.१०६३६

१४. ने.का.प. २०८०, अंक १, नि.नं. ११०१५

भए तापनि नेपाल सरकार वादी भई अनुसूचीको कुनै प्रकारको मुद्दालाई **नेपाल सरकार वादी भई चल्ने अर्को प्रकारको अनुसूचीको फौजदारी मुद्दामा परिवर्तन गर्न सकिने ।**

◆ **अपहरण तथा शरीर बन्धक र जवरजस्ती करणी मुद्दालाई बाल विवाहमा परिणत गरी सजाय तोकिएको ।**

**नेपाल सरकार विरूद्ध सचिन योगी समेत, अपहरण गरी सामूहिक जबरजस्ती करणी:**[१५]

◆ मासिक रक्तस्राव भएको बेला भएको सामूहिक जबरजस्ती करणी थप पीडादायिक अवस्था हो । मासिक स्रावको बेला पीडितको शारीरिक अवस्था तथा प्रतिरोधात्मक क्षमता कमजोर रहने हुँदा यसलाई **सजाय बढाउने तत्व विद्यमान रहने अवस्थाका रूपमा हेरिनुपर्ने** । यस्तो अवस्थामा वीर्य योनिमा नरहनु, बगेर जानुलाई स्वाभाविक मान्नुपर्ने ।

◆ सामूहिक रूपमा जबरजस्ती करणीमा परेको भनी आघात रहेकै अवस्थामा दिएको जाहेरी दरखास्त र घटना घटेको लामो समयपछि बकपत्र गर्दा जाहेरी र बकपत्रमा उल्लेख गरिएको केही व्यहोरा फरक पर्न सक्ने कुरालाई नकार्न नसकिने ।

◆ पीडितलाई परेको मनोवैज्ञानिक, सामाजिक तथा शारीरिक पीडा समेतबाट निजको कतिपय बेहोरामा सामान्य परिवर्तन आउनु स्वाभाविक हुने । यसबाट पीडितले आघात अवस्थामा दिएको जाहेरी दरखास्त र लामो समयपछि अदालतबाट भएको बकपत्रमा केही सामान्य फरक परेको हुन सक्ने ।

◆ क्षतिपूर्ति निर्धारण गर्दा वारदातबाट पीडितलाई पुग्न गएको भौतिक, शारीरिक र मानसिक पीडा एवं वारदात पश्चात् देखा पर्ने पीडितको शारीरिक, मानसिक, भावनात्मक अवस्था समेतलाई विचार गरी पीडितको जीवनयापनमा परेको असर समेतलाई ध्यान दिनुपर्ने ।

**झलनाथ न्यौपाने विरूद्ध नेपाल सरकार, मानव अपहरण धम्की:**[१६]

◆ सरकारवादी फौजदारी मुद्दा भनेको वादी नेपाल सरकारको मात्र सरोकार नभई पीडित, पूरा समाज तथा अदालत लगायत मुलुकको न्याय प्रणालीसँग सम्बद्ध रहन्छ । कुनै प्रतिवादीलाई मोलाहिजा गर्ने हिसाबले **वादीले अनुसन्धानमा लापरबाही गर्दैमा त्यस्तो प्रत्येक लापरबाहीको सिधा परिणाम प्रतिवादीको सफाइ हुन नसक्ने ।**

◆ व्यापार व्यवसायमा संलग्न अति व्यस्त स्वभावका जाहेरवालाले आफ्नो व्यापार व्यवसाय छोडी यो यस्तो रिसइबी साध्नका लागि प्रतिवादीका विरूद्ध मनगढन्ते प्रमाण बनाउनु परेको हो सो कुरालाई प्रतिवादीले स्पष्ट गर्न सकेको नदेखिने ।

---

१५.ने.का.प. २०७९, अंक ६ निर्णय नं. १०८९५

१६.ने.का.प. २०७१, अंक ९, निर्णय नं. ९२५१

◆ जाहेरवालाले मोबाइल गर्ने र पाउने एउटा दुइटा होइन अनेकौं नम्बर, सो भएको समय, मिति र अवधि जस्ता यावत् कुरा **कृत्रिम निर्माण गरे होलान् भन्ने कुराको अनुमान घटनाक्रम र त्यसको सिलसिलाको स्वाभाविकतालाई विचार गर्दा** गर्नै नमिल्ने।

**सिताराम गिरी विरूद्ध रितेश कुमारको जाहेरीले नेपाल सरकार, अपहरण तथा शरीर बन्धक एंव संगठित अपराध:**[१७]

◆ अपराधमा तीन वा तीनभन्दा बढी व्यक्तिहरूको संलग्नता हुनासाथ स्वतः संगठित अपराधको कसुर प्रमाणित हुन सक्ने अवस्था देखिँदैन। संगठित अपराधको कसुर हुनका लागि आपराधिक समूहको आपराधिक, आर्थिक वा कुनै भौतिक लाभका लागि स्थापित स्थायी संरचना ठोस प्रमाणबाट पुष्टि हुनुपर्छ । संगठित अपराध हुनका लागि अपराध गर्नकै लागि बनेको स्थायी संस्थागत संरचना समेत देखिनु पर्दछ।

◆ केही व्यक्ति मिलेर अल्पकालीन वा एकपटक मात्र लाभ लिने प्रकृतिको समूहमा कुनै कसुर गरे भन्दैमा संगठित अपराध गरेको मानी त्यस्ता व्यक्तिलाई संगठित अपराधीको श्रेणीमा राख्नु न्यायोचित देखिँदैन । यस्तो अपराधमा योजना बनाइएको छ/छैन, संगठनको नेतृत्व छ/छैन, गोपनीयताको रक्षा गरिएको छ/छैन, प्रभावकारी व्यक्तिको संरक्षण छ/छैन हेरिनुपर्छ । अपराधका लागि बनाइएको समूहले आफ्नो भन्दा समूहका लागि काम गरेको देखिन्छ भने त्यस्तो अपराधलाई संगठित अपराध मान्नु पर्ने देखिन्छ।

◆ **अपराधमा तीन वा तीनभन्दा बढी व्यक्तिहरूको संलग्नता हुनासाथ स्वतः संगठित अपराधको कसुर प्रमाणित हुन सक्ने अवस्था देखिँदैन।** संगठित अपराधको कसुर हुनका लागि आपराधिक समूहको आपराधिक, आर्थिक वा कुनै भौतिक लाभका लागि स्थापित स्थायी संरचना ठोस प्रमाणबाट पुष्टि हुनुपर्छ । संगठित अपराध हुनका लागि अपराध गर्नकै लागि बनेको स्थायी संस्थागत संरचना समेत देखिनु पर्दछ।

◆ केही व्यक्ति मिलेर अल्पकालीन वा एकपटक मात्र लाभ लिने प्रकृतिको समूहमा कुनै कसुर गरे भन्दैमा संगठित अपराध गरेको मानी त्यस्ता व्यक्तिलाई संगठित अपराधीको श्रेणीमा राख्नु न्यायोचित देखिँदैन।

◆ यस्तो अपराधमा योजना बनाइएको छ/छैन, संगठनको नेतृत्व छ/छैन, गोपनीयताको रक्षा गरिएको छ/छैन, प्रभावकारी व्यक्तिको संरक्षण छ/छैन हेरिनुपर्छ । अपराधका लागि बनाइएको समूहले आफ्नो भन्दा

१७. फैसला मिति २०८०।०३।२५ गते

समूहका लागि काम गरेको देखिन्छ भने त्यस्तो अपराधलाई संगठित अपराध मान्नुपर्ने देखिन्छ।

**राम प्रवेश कुमार लोनिया मगर विरूद्ध नेपाल सरकार, अपहरण तथा शरीर बन्धक:**[१८]

◆ फौजदारी कसुरमा अभियोग दाबी प्रमाणित गर्दा प्रतिव्यक्ति प्रति प्रमाणबाट पुष्टि हुनुपर्दछ । अपहरण तथा शरीर बन्धक जस्तो गम्भीर प्रकृतिको फौजदारी कसुरमा प्रतिवादी उपरको अभियोग दाबी **शंकारहित तवरबाट पुष्टि हुनुपर्दछ अन्यथा शंकाको सुविधा अभियुक्तले पाउने।**

**मोहन कुमार सहनी वि. नेपाल सरकार, अपहरण गरी कर्तव्य ज्यान:**[१९]

◆ आरोपित व्यक्तिले गरेको बयानमा खुलाएका घटनाका श्रृङ्खला तत् मुद्दासँगको सान्निध्यता, बयान बेहोरा पत्यारलायक छन्, छैनन भन्ने वस्तुगत अवस्था (Objective Test) समेतका समग्र अवस्थाको मूल्याङ्कन र विश्लेषण गरी आरोपित व्यक्तिले गरेको अनुसन्धान अधिकारी वा अदालत समक्ष गरेको बयानको सच्चाई पत्ता लगाएको हुन्छ । **आरोपित व्यक्तिले अदालतमा इन्कार रही बयान गरेको वा अदालतमा पनि साबित रहेको भन्ने मात्रको आधारमा अदालत निष्कर्षमा पुग्न नसक्ने। साबिती होस् वा इन्कारी बयान होस् अन्य तथ्यहरूले समर्थन र सम्पुष्टि आवश्यकीय सर्त रहने।**

**निष्कर्ष:**

अपहरण वा शरीर बन्धक मानवता विरूद्धको अपराध भएको र यस्तो अपराध **संगठित तवरले हुने गरेकोले** त्यस्तो अपराधमा प्रायः एकभन्दा बढी व्यक्तिको संलग्नता रहेको हुन्छ। सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाबाट अपहरण वा शरीर बन्धक कसुरको मुद्दामा महत्वपूर्ण विधिशास्त्र स्थापित भएको छ । अदालतले अपहरण वा शरीर बन्धकलाई व्यक्तिको वैयक्तिक स्वतन्त्रता र बाँच्न पाउने हकमाथिको ठाडो हस्तक्षेप मानी गम्भीर मानव अधिकारको हननका रूपमा लिइएको छ।

नेपाल बाहिर भएको कसुरमा नेपाल भित्रै कसुर गरे सरह मानी सजाय गर्न सकिने (बहिर्क्षेत्रीय अधिकारको प्रयोग), नियन्त्रणमा लिई राखेको वा थुनेको तथ्य प्रमाणित नभएसम्म शरीर बन्धकको कसुरको वारदात स्थापित भएको मान्न नमिल्ने, कुनै पनि सर्तमा व्यक्तिको स्वतन्त्रता कुण्ठित बनाई अपहरण गरी बन्धक बनाउने कार्यलाई स्वाभाविक भनी अर्थ गर्न सकिँदैन, अन्य कानुनले

१८. ने.का.प. २०७६, अंक २, नि.नं. १०११७

१९. ने.का.प.२०८०, अंक २, नि.नं. ११०४०

हुने सजायमा अपहरण तथा शरीर बन्धक बनाएको भए थप सजाय हुने, अपहरण तथा शरीर बन्धक कसुरमा परिस्थितिजन्य प्रमाणहरू (Circumstantial Evidences) बाट पनि अभियोग दाबी पुष्टि हुनसक्ने, अपहरणको कार्य सम्पन्न हुन नसकेको अवस्थामा अपराध पूर्ण भई अपहरण भई सकेको मान्न नमिल्ने, सजाय बढाउने तत्व विद्यमान रहने अवस्था रहेमा सोको समेत मूल्याङ्कन गर्नुपर्ने, प्रत्यक्ष वा परोक्ष प्रमाण छन् भने पीडितको प्रतिकूल बकपत्रको महत्व नहुने, अपहरण तथा शरीर बन्धक कसुरमा अभियोग दाबी शंकारहित तवरबाट पुष्टि हुनुपर्दछ अन्यथा शंकाको सुविधा अभियुक्तले पाउने, प्रतिवादीको बयान साबिती होस् वा इन्कारी बयान होस् अन्य तथ्य प्रमाणहरूले समर्थन र सम्पुष्टि हुनुपर्ने, तीन वा तीनभन्दा बढी व्यक्तिहरूको संलग्नता हुनासाथ स्वतः संगठित अपराधको कसुर प्रमाणित हुन नसक्ने जस्ता विधिशास्त्रीय मान्यताहरू स्थापित भएका छन् । जुन अपहरण तथा शरीर बन्धक सम्बन्धी कसुरको अनुसन्धान गर्दा अवलम्बन गर्नु जरूरी छ । ◆◆

बालकविता

## नभन्नोस् है भुरा



✍ **ललिता 'दोषी'**

केही बुझिसकेँ मैले
देश विदेशका कुरा
केही बुझ्ने मान्छेलाई
भन्नु हुन्न भुरा ।

असहायलाई दिन्छु म
लुगा अनि जुत्ता
नभन न साथीभाइ
अब मलाई छुच्चा ।

जसले जे-जे भने मान्छु
कुरा गर्छु राम्रो
नभन्नोस् अब मलाई !
बाबु तिमी चाम्रो ।

सधैँ गर्छु गृहकार्य
सधैँ पढ्छु पाठ
कहिलेकाहीँ गल्ती हुँदा
दिनुपर्छ माफ ।

राम्रो गर्दा स्याबास भन्नोस्
नगर्नोस् न हेला
असल काम गरी बढ्ने
यही त हो बेला ।

फूल हामी तपाईँका
देशका पनि फूल
हामीलाई भुरा भनी
नगर्नोस् है भूल ।

कथा

# सिपाहीको प्रेम कथा



✍ पूर्व प्र.व.उ. बिक्रम गुरुङ

असिमालाई अल्लाह प्रति औधी विश्वास छ । अब्दुल एक दिन अवश्य फर्कनेछ भन्ने तिनको मनमा एक किसिमको दृढता छ । अब्दुल प्रहरी सेवामा भर्ना भएको साढे दुई वर्ष पनि भएको थिएन । सरकारले उसलाई विद्रोहीहरूसँगको मुठभेडमा बेपत्ता भएको भन्यो ! तर, यसरी कोही बेपत्ता कसरी हुन्छ ?

अब्दुललाई रोल्पामा खटाइएको तीन महिना मात्र भएको थियो । अहिले यस्तो खबर सुन्दा असिमा मर्माहत भएकी थिइन। ऊ कहाँ होला ? कसलाई थाहा छ, ऊ कस्तो अवस्थामा होला ? अल्लाहले उसलाई जहाँ भए पनि सुरक्षित राखुन् भन्दै प्रार्थना गर्थिन् । ऊ एक हप्तादेखि हराइरहेको थियो तर उसको कुनै खबर आएको थिएन । तल्लो दर्जाको वास्ता कसलाई ? यदि ऊ उच्च अधिकारी भएको भए, उसलाई जहाँबाट भए पनि फेला पार्न सकिन्थ्यो होला । जिल्लाको डिएसपी साहबलाई कयौं पटक उनले "साहब, मेरो श्रीमानको बारेमा पत्ता लगाइदिनुहोस् भनिन् ।"

डिएसपी साहब भन्थे, "हामी सक्दो प्रयास गरिरहेका छौं ।" असिमा सोच्थिन् कसैले डिएसपी साहबलाई भनिदिए हुन्थ्यो 'यदि तपाईँले प्रयास गर्नुभयो भने, यो सफल हुन्छ !'

अब यी बिचरा प्रहरी अधिकारीहरूको पनि के दोष ? अब्दुलसँग विवाह नगरेको भए असिमाले आज यस्तो दुर्भाग्यपूर्ण खबर सुन्नु पर्दैनथ्यो होला । मिडियाका मानिसहरूले पनि अनेकौं कुरा गरिरहेका थिए । कोहीले अब्दुल विद्रोहीहरूको पञ्जामा पर्‍यो कि... कोहीले जंगलमा हरायो कि भन्थे। कोही एउटा कुरा भन्छन्, कोही अर्को कुरा गर्छन् । सबै टिभी च्यानलहरूको आफ्नै भनाइ थियो, आफ्नै धुन थियो। कसैको परिवारमा विपत्ति आइलागेको छ कि छैन भनेर उनीहरूलाई कुनै वास्ता छैन। उनीहरूलाई केवल आफ्नो TRP बढाउनुसँग मतलब थियो । अरूलाई के थाहा, असिमा कुन अवस्थाबाट गुज्रिरहेकी थिइन् ।

असिमाले विगत सम्झिन्छिन्, अब्दुलले असिमालाई धेरै माया गर्दथ्यो... असिमालाई अझै याद छ, ऊ सानोमा

पहिलो पटक आफ्नो बुबासँग असिमाको घरमा आउँदा साँझ परेको थियो । असिमा आँगनमा ओखलीमा केही कुटिरहेकी थिइन । अब्दुलले असिमालाई हेर्दै सोधेको थियो "तिम्रो नाम के हो ?"

असिमाले भनेकी थिइन, "असिमा ।"

"त्यसैले त तिमी यति सुन्दर छौ ।"

"बदमास !"

"म साँच्चै भन्दैछु । तिमी राम्रो देखिन्छौ । यसरी नै ओखल कुटिराख् ।"

"ठिकै छ ! म ओखल कुटिरहन्छु अनि तिमी ...?"

"म विद्रोहीहरूलाई हराउनेछु ।" अब्दुलले यसो भनिरहेको देखेर असिमाकी आमाले भनिन्- "हेर छोरी ! अब्दुल ठूलो भएपछि सिपाही बन्नेछ । त्यसपछि हामी तिमीहरू दुबैको विवाह गराई दिनेछौं । मलाई भन, अब्दुल ! के तिमी असिमासँग विवाह गर्छौ ?"

अब्दुलले खुसी हुँदै जवाफ दिएको थियो, "हुन्छ काकी ।"

अब्दुलले यो भन्ने बित्तिकै, असिमा लाजले रातो पिरो भई दौडिएर घर भित्र पसेकी थिइन । त्यतिबेला अब्दुल तेह्र वर्षको हुँदो हो र असिमा त्यस्तै बाह्र वर्षकी थिइन । ऊ आठ कक्षामा थियो र असिमा सात कक्षामा थिइन । त्यो पहिलो भेटपछि, अब्दुल हरेक महिना वा दुई महिनामा कुनै न कुनै बहानामा असिमाको घर आउने गर्दथ्यो । उसको साथी नसिफ पनि ऊसँगै आउँथ्यो । तिनीहरूले असिमाको घरबाट कहिले पालुङ्गोको बिउ लैजान्थे र कहिले काहीँ गहतको दाल । नसिफ बदमासी गर्ने अब्दुलभन्दा एक कदम अगाडि थियो ।

यस पटकको बकरिद सुरू भइसकेको थियो । अब्दुल, नसिफ र उनीहरूको दस जना साथीहरू असिमाको घरमा रमाइलो गर्न आएका थिए । आमाले नाङ्लोमा खानेकुरा ल्याएर राखिदिइन् । आमा भित्र गएको बेलामा नसिफले अब्दुललाई सानो स्वरमा भन्यो "अब्दुल ! भाउजूको फूल..."

अब्दुलले आफ्नो झोलाबाट गुलाब निकालेर नाङ्लोमा राख्यो "यो तिम्रो लागि हो...।"

असिमाले भनेकी थिइन, "बदमास...!" असिमाले रिसाए जस्तो गरेर भनिन्, "तिमीले किन नसिफलाई भाउजु भनेर बोलाउन लगाइरहेका छौ ? जबकि हामी ठूलो भएपछि पनि विवाह गर्छौं गर्दैनौं !"

अब्दुलले भन्यो "किन हामी विवाह गर्दैनौं ? हामी विवाह गर्नेछौं र केवल तिमी मेरो हुनेछौ ।"

असिमाले लज्जित हुँदै भनिन् "यदि तिमीले धेरै जिस्कायौ भने म आमालाई भनिदिन्छु ।" त्यसपछि अब्दुल त्यहाँबाट भाग्यो । असिमाले हाँसो थाम्न

सकिनन् । आठौं कक्षा उत्तीर्ण गरेपछि उनीहरू गाउँको उच्च माध्यामिक विद्यालयमा गए । त्यसबेला अब्दुल दशौं कक्षाको विद्यार्थी थियो । उसले सधैं विद्यालयको सांस्कृतिक कार्यक्रमहरूमा उत्साहपूर्वक भाग लिन्थ्यो । असिमाले उसलाई सधैं एउटा गीत गाएको सुनेकी थिइन "म मरे पनि मेरो देश बाँचिरहोस् ।"

उसको स्वरमा एक प्रकारको पीडा सुनिन्थ्यो । जुन उसको गायनमा पनि झल्किन्थ्यो । गायनका साथै अब्दुललाई बाँसुरी बजाउन पनि मन पर्थ्यो । जब ऊ आफ्ना साथीहरूसँग गोठालो जान्थ्यो उसको बाँसुरीको आवाज टाढा-टाढासम्म सुनिन्थ्यो । उसको बाँसुरीबाट प्रायः आफ्नो मन पर्ने गीतको धुनहरू निस्कन्थ्यो । असिमालाई यस्तो लाग्थ्यो कि यो धुनहरू उसको लागि मात्र बजिरहेका छन् । उनको बाँसुरीको धुन सुनेर पन्नाकाजीको 'तिरिरी मुरली बज्यो बनैमा लौ माया नमारे' यो गीत उनको मनपर्ने गीत बन्यो ।

रातमा असिमाको आँसुको भेलले सिरानी भिज्दथ्यो । तिनी मनमनै कल्पिनथिन् 'ए अब्दुल ! तिमी कहाँ छौ ? चाँडै फर्केर आऊ ! थाहा छ, तिमी हराएको दिनदेखि मलाई न त भोक लाग्छ न त निद्रा नै लाग्छ । अँ, भोक र निद्राले मलाई सम्झायो... कलेजका दिनहरूमा तिमी मसँग कुनै कुरामा रिसाएर भनेका थियौ 'म तिमीसँग अब कहिल्यै कुरा गर्दिन ।' अनि थाहा छ, तिमीले भनेको कुरा मैले पत्याएको थिएँ । त्यो रात मैले न त खाना खाएँ न त रातभरि सुत्न सकें । आमाले मलाई दुई पटक खाना ल्याइदिनु भएको थियो । दुवै पटक, मैले भोक लागेको छैन भन्दै फिर्ता गरि दिएँ । तिमीलाई मेरो अवस्थाको बारेमा के थाहा ? तिमी मसँग पूरा एक हप्ता बोले नौ, न त एक पटक मलाई हेर्‍यौ । तिमीले मनमा आगो लगायौ र त्यसपछि भाग्यौ । पुरूषहरूले प्रेममा यस्तै गर्दा रहेछन् ! तिनीहरू केबाट बनेका हुँदा रहेछन् कुन्नी ! जे होस्, आठौं दिनमा, तिमीले मसँग माफी माग्यौ । सायद तिमीलाई आफ्नो गल्तीको महसुस भएको थियो होला ।

तिमीलाई प्रहरीमा भर्ना हुन यति धेरै लगाव थियो कि दिनको दुई पटक दौडिन्थ्यौ । सासुआमाले मलाई भन्नुभएको थियो, तिमी बिहान चार बजे उठ्थ्यौ, गाउँको कच्ची बाटो हुँदै तीन किलोमिटर टाढाको बाटोसम्म पुग्थ्यौ, अनि त्यहींबाट परको खोलासम्म दौडिन्थ्यौ । गाउँका मानिसहरूले भन्थे, "अरू कोही भर्ती नभए पनि अब्दुल पक्कै हुनेछ ।"

अब्दुलको बुबा धेरै राम्रो मान्छे थिए तर कहिलेकाहीँ मातेर घर आएपछि रमिता देखाउथे । अब्दुलको आमा र असिमाले कुनै न कुनै तरिकाले बुबालाई सुताउनु पर्दथ्यो ।

असिमा पनि, कहाँबाट कहाँ पुगिन् ! असिमाले अब्दुलको भर्तीको तयारीको कुरा सम्भिरहेकी थिइन । भर्तीको लागि अब्दुलले जोडतोडले मेहनत गरेको थियो । हाई स्कुल पास गर्ने बित्तिकै उसले तयारी गर्न थालिसकेको थियो । एक दिनको कुरा हो अब्दुल गोठालो गएको थियो । संयोगवश त्यस दिन असिमा पनि रेखा र निर्मलासँग बाख्रा चराउन गएकी थिइन । अब्दुल महुवाको रूखमुनि बसेर बाँसुरी बजाउँदै थियो । असिमालाई देखेर उसले नजिक आउन इशारा गऱ्यो । असिमा लजाउँदै उसको नजिकै गएर बसिन् । अब्दुलले मुस्कुराउँदै भन्यो, "म तिमीसँग धेरै कुरा गर्न पाउँदिन । तिमीलाई नराम्रो त लाग्दैन ?"

असिमाले जवाफ दिएकी थिइन "छैन !" "उसो भए ल ठिक छ । तिमीलाई नराम्रो लागेको होला कि भनेर सोचेको थिएँ ।" "छैन, मलाई लाग्दैन ।" असिमाले दोहोऱ्याएर भनेकी थिइन ।

"तिमी धेरै समभ्कदार छौ । तिमीलाई थाहा छ, मलाई सकेसम्म चाँडै भर्ना हुनु छ । म देशको लागि केही गर्न चाहन्छु" उसले असिमालाई हेर्दै भनेको थियो ।

"तिमी प्रहरीमा किन भर्ना हुन चाहन्छौ ? तिमी शिक्षक र डाक्टर बनेर पनि देशको लागि केही गर्न सक्छौ ... ?"

"हे, मूर्ख केटी ! म प्रहरीमा भर्ती भई शत्रुहरूलाई परास्त गर्न चाहन्छु ।" "राम्रो कुरा ! यदि ती शत्रुले तिमीलाई पराजित गरे भने ?"

"हे ! पागल केटी ! म अपराध मुक्त समाज बनाउन चाहन्छु । भाग्यमानीहरूले मात्र आफ्नो देशको लागि सेवा गर्ने सौभाग्य पाउँछन् । देश र जनताको लागि ज्यानको आहुती समेत दिन तयार छु ।"

उसको कुरा सुनेर असिमाको आँखा आँसुले भरियो, "तिमीले देशलाई यति धेरै माया गर्छौ अनि मलाई नि ?"

"तिमीलाई चाहिँ पटक्कै माया गर्दिन ।" यसो भनेर अब्दुल हाँस्न थाल्यो । "तिमीले मलाई माया गर्छु भनेर कहिल्यै भनेका छौ त ?"

"ठिक छ बाबा । म तिमीलाई धेरै माया गर्छु । तिम्रै लागि त यो सबै कुरा गर्दैछु । म चाँडै प्रहरीमा भर्ना हुनेछु र तिमीसँग विवाह गर्नेछु ।"

असिमाको आँखाबाट भन आँसु बग्न थाल्यो । त्यसपछि उसले आफ्नो खल्तीबाट चकलेट निकालेर भन्यो, "के बच्चा जस्तो रोएको ! हेर तिम्रो लागि मैले के ल्याइ दिएको छु ! रेखा र नीलुलाई पनि देऊ ।" रेखा र नीलुले सायद यी शब्दहरू सुनेर होला, रूख पछाडिबाट जोडले हाँसेको आवाज आइरहेको थियो ।

अब्दुलले असिमालाई बढी माया गर्छ कि देशलाई बढी माया गर्छ असिमाले

अझै पनि बुझ्न सकेकी छैन । अब्दुलले असिमाको लागि धेरै पटक आफ्नो ज्यान जोखिममा पारेको थियो । एक पटक हाइस्कुल पढ्दा कक्षाको एउटा केटाले बाटोमा असिमाको हात समातेर जिस्काएको थियो। असिमाले आफ्नो हात छुटाउन सक्दो प्रयास गरिन्, तर त्यो केटा यति बलियो थियो कि असिमाले उसबाट छुटकारा पाउन सकिनन्। असिमालाई थाहा भएन यो कुरा कसरी अब्दुलले थाहा पायो। ऊ दौडँदै आयो। उसले त्यो केटालाई यति नराम्रोसँग पिट्यो कि भोलिपल्टदेखि उसले असिमालाई बहिनी भन्न थाल्यो ।

अब्दुलले स्नातक गरेको एक वर्षपछि मात्र प्रहरीमा भर्ती भएको थियो । तालिम पूरा गरेको एक वर्षपछि उनीहरूको विवाह भयो। विवाह पनि अनौठो किसिमले भएको थियो । जाडोको समय यति धेरै पानी पऱ्यो कि विवाहका सबै पाहुनाहरू भिजेका थिए। विवाहको दिनमा असिमाले अब्दुललाई एउटा वाचा गराएकी थिइन कि उसले असिमालाई कहिल्यै एक्लो महसुस नगराओस्। उसले असिमालाई आश्वासन पनि दिएको थियो "म आफ्नो बाचा पूरा गर्नेछु। जहाँ भए पनि तिमीलाई दिनको दुई पटक फोन गर्नेछु।" उसले सधैं असिमालाई फोन गरिरहन्थ्यो । तर विगत सात-आठ दिनदेखि उसको कुनै फोन वा खबर आएको थिएन । असिमाकी सासु आमा र बुबा चिन्तित थिए। अब्दुल वहाँहरूको एक मात्र सहारा थियो। अब्दुल यति लामो समयदेखि कुन अवस्थामा छ... कसैलाई थाहा थिएन। अब्दुलको फोनलाई पर्खिएको पनि हप्ता दिन भइसक्यो। असिमालाई अझै पनि पूर्ण विश्वास थियो कि अब्दुलको फोन आउनेछ।

एकदिन साँझ केही प्रहरी जवानहरू काँधमा कफिन बोकेर उनीहरूको घरमा आए । उनीहरूलाई गाउँलेहरूको लामो भिडले पछ्याइरहेको थियो । तिनीहरूले घरको आँगनमा कफिन राखे । असिमा कोठाबाट दौडिदै बाहिर आइन । कफिनको एक छेउबाट राष्ट्रिय झण्डा हटाएपछि उनको मुखबाट चिच्याहट निस्कियो "अब्दुल !" अनि त्यसपछि उनी बेहोस भएर भुइँमा लडिन्।

एक सिपाहीले आफ्नो देश र समाजलाई सबैभन्दा बढी माया गर्छ भन्ने कुरा आज अब्दुलले प्रदर्शन गरेको थियो। अब्दुलको छातीमा बाह्र वटा गोली लागेको कुरा अब्दुललाई फेला पार्ने अधिकारीहरूले भनेका थिए। उनको शव भेटिएको ठाउँ नजिकै चार विद्रोहीहरूको शव पनि फेला परेको थियो। जसको अर्थ अब्दुलले चार विद्रोहीहरूलाई समेत मारेर देश र समाजको लागि आफ्नो जीवन बलिदान दिएका थिए।

◆◆◆

# ज्ञानका लागि वातावरण



✍ **बद्रीप्रसाद ढकाल**

कुनै पनि मानिस एउटा निश्चित समाजको सदस्य हुन्छ । समाज, सामाजिक संस्कृति, भौगोलिक परिस्थिति र समयको चौघेराभित्र मानिस बाँचेको हुन्छ । यही देश, काल र परिस्थितिलाई परिवेश भनिन्छ । त्यो मानिसको ज्ञान क्षेत्रको परिवेश हो । साहित्य रचनाको आधारभूमि पनि हो । कुनै निश्चित समयमा, एउटा निश्चित ठाउँमा बसेका मानिसले के कति कुराको ज्ञान आर्जन गर्न सक्दछ जिज्ञासु व्यक्तिले यी कुराहरूमा ध्यान दिनु आवश्यक छ । राजधानी, क्षेत्रीय सहर र हिमाली भेकमा रहेका छुट्टाछुट्टै जिज्ञासुलाई ज्ञान आर्जन गर्न समान सुविधा र परिस्थिति तयार हुन्छ त ? सुविधाको हिसाब, पाइने वस्तु वा सामग्रीका हिसाबले पनि अवश्य हुँदैन ।

त्यसैले कुनै पनि अध्येताले ज्ञान आर्जन गर्दा सम्बन्धित परिवेशलाई ध्यान दिनु आवश्यक छ । आज जापानमा साना केटाकेटीहरू पनि कम्प्युटर चलाउँछन् । त्यहाँ कम्प्युटर भनेको साधारण कुरा भइसक्यो तर नेपालमा कम्प्युटर चलाउन जान्ने मानिस दक्ष प्राविधिक मानिन्छ । यी दुवै ज्ञान परिवेशबाट प्राप्त ज्ञान हुन्छ। त्यसैले बौद्धिक समाजको सहयोगमा के कति कुराको ज्ञान लिन सकिन्छ भन्ने कुरालाई ख्याल गरी विषय अध्ययन गर्नु राम्रो हुन्छ । सचेत पाठकले यिनै कुरामा ध्यान दिई अध्ययन गर्न र आफ्नो ज्ञान शक्ति बढाउनु आवश्यक छ । असल र पढेलेखेका, बौद्धिक मान्छेको सङ्गत गर्दा तत् प्रकारको असल ज्ञान प्राप्त गर्न सकिन्छ । त्यसैले त सङ्गत अनुसारको ज्ञान भन्ने लोकोक्ति चलेको पाइन्छ । भाषा मानवीय ज्ञान र भावनाको संवाहक तत्त्व हो । मानिसले आफूले जानेको कुरा अर्थात् ज्ञान भाषा कै माध्यमबाट प्रस्तुत गर्दछ । अर्को सामु प्रस्तुत गर्ने माध्यम भाषा नै भएकाले ज्ञान, विचार तथा विषय तथ्यको आदान प्रदान गरिन्छ । त्यसैले ज्ञानको प्रमुख कारकतत्त्वका रूपमा भाषालाई लिइन्छ ।

कुनै वक्ता स्रोता वा लेखकले भाषा र यसका प्रयोगको विविध पक्षहरूको राम्रो जानकारी लिनुपर्छ । यदि भाषामा अधिकार छैन भने सम्बन्धित वक्ता वा पाठकले ज्ञातव्य विषयमा सफलता नपाउन सक्छ । तसर्थ भाषाका विविध पक्षमा ध्यान

दिनु आवश्यक छ ।

जुन मानिसले जुन भाषामा पढ्न वा बोल्न वा साहित्यको रचना गर्न चाहेको छ, उसले सम्बन्धित भाषाको न्यूनतम आवश्यक ज्ञान आर्जन गरेको हुनैपर्छ । भाषिक ज्ञानका दृष्टिले मानिस तीन तहका हुन्छन् । (१) सामान्य ज्ञाता, २) उच्च ज्ञाता र (३) विशिष्ट ज्ञाता । यी तीन तहमध्ये सामान्य विषय ज्ञान सामान्य भाषिक ज्ञानबाट, उच्च विषय ज्ञान उच्च भाषिक ज्ञानबाट र विशिष्ट विषय ज्ञान विशिष्ट भाषिक ज्ञानबाट मात्र सम्भव हुन्छ । अतः विषय र भाषिक ज्ञानको तालमेल मिलाउनु आवश्यक छ । कुनै वक्ता वा पाठकसँग शब्द, शब्द प्रयोग र ती शब्दहरूको अर्थ सामर्थ्यको ज्ञान हुनुपर्दछ । सामान्य उक्ति, सम्मानित उक्ति र विशिष्ट उक्तिमा कर्ता, क्रियाका सार्थ आदर वाची शब्दको उपयुक्त प्रयोग हुनुपर्दछ । यदि शब्द र अर्थको सन्तुलन र समन्वित प्रयोग भएन भने राम्रा शब्द हुँदाहुँदै पनि अर्थ अस्थिर वा हास्यास्पद बन्न पुग्दछ । त्यसैले शब्दको अर्थ जानेर उपयुक्त ठाउँमा प्रयोग गर्नुपर्दछ । साहित्यमा शब्दको मूल्य र त्यसको अर्थ प्रयोजनलाई बुझेर मात्र प्रयोग गर्नुपर्छ ।

हुन त साहित्यमा व्याकरणीय नियम लागु हुँदैन भनिन्छ । तर मानक भाषाको प्रयोग गर्दा वक्ता वा लेखकले व्याकरणिक नियमका आधारमा वाक्य बनाउनु पर्छ । हरेक भाषामा वाक्य संरचनासम्बन्धी भिन्दा भिन्दै नियमहरू हुन्छन् । पदहरूको क्रम, वर्णविन्यास, तथा अन्यव्याकरणिक नियम अनुसार भाषिक प्रयोग भयो भने अभिव्यक्ति स्पाट, शुद्ध, सफा र बुझिने हुन्छ । अतः भाषिक शुद्धाशुद्धि सम्बन्धी आवश्यक व्याकरण ज्ञान आर्जन गरी ज्ञान र अभिव्यक्ति क्षमतालाई बढाउनु पर्दछ । भाषिक अशुद्धिबाट ज्ञान र अभिव्यक्ति अधुरो र अपुरो हुने हुँदा यसमा ध्यान पुऱ्याउनु नितान्तु आवश्यक छ । प्रामाणिक व्याकरणका पुस्तकहरूबाट व्याकरणिक ज्ञान आर्जन गर्नुपर्छ ।

कुनै प्रवचन, उद्धरण तथा अन्य अभिव्यक्तिहरू निश्चित प्रसङ्गमा मात्र प्रस्तुत गरिन्छ । साहित्य सर्जकका लागि सम्बन्धित अभिव्यक्तिलाई ज्ञान गर्न प्रसङ्ग जान्नु र बुझ्नु आवश्यक हुन्छ । कुन प्रसङ्गमा के भन्ने खोजिएको छ, त्यसलाई बुझ्ने गरी प्रस्तुत गर्नु वा बुझाउनु जरुरी हुन्छ । भन्न खोजिएको नबुझेपछि बोध हुन गाह्रो हुन्छ । कुन परिवेशमा कुन व्यक्तिले के भनिरहेछ भन्ने कुरा प्रसङ्ग बुझेर मात्र ज्ञान गर्न सकिन्छ । प्रसङ्ग नबुझिकन भनिएको वा सुनिएको तथा प्रस्तुत गरिएका विचारले स्पष्ट मार्गनिर्देश गर्दैन र निरर्थक हुनसक्छ । त्यसैले साहित्यका लागि लेखक वा जिज्ञासुले कसले, कुन परिवेशमा, कस्तो परिस्थितिमा के के भनिरहेछ ? भन्ने कुरा जान्न प्रसङ्ग

बुझ्नु आवश्यक छ।

ज्ञान, अध्ययन, अनुसन्धान आदिको थालनी कुनै उद्देश्यबाट अभिप्रेरित हुन्छ । उद्देश्य बिना कुनै काम प्रारम्भ गरिँदैन । त्यसैले कुनै जिज्ञासुले विषय ज्ञान गर्दा कुनै उद्देश्य लिनुपर्छ र उद्देश्य पूरा गर्ने हेतुले कार्य प्रारम्भ गर्नुपर्छ। विज्ञानको ज्ञाता हुन चाहनेले साहित्य विषय मात्र पढ्यो भने उसले विज्ञान विषयको ज्ञान गर्न सक्तैन । त्यसैले जुन विषयको ज्ञान प्राप्त गर्ने उद्देश्य राखिएको छ, त्यही अनुसारको विषय ज्ञान, रुचि, भाषा आदि शीर्षकमा चर्चा गरिएका कुराहरू पूरा गर्नुपर्छ । आफ्नो उद्देश्य र अध्ययन गर्न खोजिएको विषयसँग सम्बन्धित सामग्रीको सम्भाव्यता अध्ययन गरेर मात्र कार्य थाल्नुपर्दछ। अतः ज्ञानआर्जन गर्न चाहने व्यक्तिले माथिका सबै कुरामा ध्यान दिनु आवश्यक छ। साहित्यका लागि ज्ञान निकै महत्त्वपूर्ण हुन्छ । साहित्य लेखन सिर्जना हो, निर्माणका लागि शिल्प चाहिन्छ, ज्ञान चाहिन्छ त्यसलाई सहि तरिकाबाट प्रस्तुत गर्न कला चाहिन्छ। त्यसभन्दा महत्त्वपूर्ण कुरा चाहिँ विधागत ज्ञान चाहिन्छ।

मानिसको नैसर्गिक प्रतिभालाई व्यवहारमा उतार्न ज्ञानका विविध पक्षहरूको अभ्यास नितान्त आवश्यक छ । मानिस आफू बसेको समाजमा आफ्नो प्रतिभालाई सदुपयोग गर्न चाहन्छ तर समाजको वातावरणले उसलाई प्रभाव पर्दछ। महाकवि देवकोटा, वी.पी. कोइराला सम्पन्न र विकसित देशमा जन्मेका भए उनीहरूले ठूलो परिवेश प्राप्त गर्ने थिए तर नेपाल विकासशील सुन्दर देशमा जन्मेर यहाँको समाज र परिवेशले उनीहरूको प्रतिभालाई सीमित क्षेत्रमा प्रस्तुत गऱ्यो तापनि उनीहरूले आफ्नो प्रतिभालाई निश्चित उद्देश्यमा उपयोग गरे र उनीहरू मरेर पनि जीवित रहेका छन् । हामीले पनि आफ्नो प्रतिभालाई निश्चित उद्देश्यले संयमित रूपमा समाजमा लगानी गर्न सक्यौ भने हाम्रो ज्ञान क्षमता, अभिव्यक्ति क्षमता आदिमा वृद्धि हुनेछ।

अब साहित्य के हो ? भन्ने बोधसँगै साहित्य सिर्जनका लागि चाहिने कुराको चर्चा गर्नु जरुरी छ। यसका लागि ज्ञान भएर मात्र पुग्दैन त्यसलाई जानेर, सोचेर, विचार गरेर सहि तरिकाबाट प्रस्तुत गर्न सक्नुपर्दछ। बोध भनेकै सान्त्वना, धैर्य, सुनेर, पढेर, बुझ्ने सिप, जान्ने वा बुझ्ने काम समझ, ज्ञान जानकारीको अर्थमा प्रस्तुत भएको छ । 'बुध' धातुमा 'घञ्' प्रत्यय लागेर 'बोध' शब्द बन्दछ। यसको शाब्दिक अर्थ प्रत्यक्ष जानकारी, सारज्ञान, तात्पर्य, प्रस्तुति र भित्रिज्ञान भन्ने बुझिन्छ। अङ्ग्रेजी भाषामा बोधलाई कम्प्रिहेन्सन (Comprehension) भन्दछन् । आफूले प्राप्त गरेको ज्ञानलाई निचोडमा प्रस्तुत गर्न सक्ने, मूल्याङ्कन

गर्ने, सार खिचेर भन्न सक्ने तथा आफ्नो ज्ञानचातुर्यलाई सामान्यीकरणका माध्यमबाट प्रस्तुत गर्ने कलालाई बोध भनिन्छ ।

कुनै कुरालाई देखेर, सुनेर, अनुभव गरेर ज्ञान आर्जन गरिन्छ भने त्यसरी प्राप्त गरेको ज्ञानको निष्कर्ष (निचोड) वा सारांशलाई जान्नु, भन्न सक्नु र प्रस्तुत गर्नुलाई बोध भनिन्छ । ज्ञान गर्दा सबै ज्ञानेन्द्रियको भूमिका रहन्छ तर कम्प्रिहेन्सन गर्दा बुद्धितत्त्व (मस्तिष्कको भूमिका मुख्य हुन्छ । इन्द्रियबाट प्राप्त ज्ञानलाई मथेर बुद्धितत्त्वले एउटा निचोड निकाल्दछ, त्यही निष्कर्षलाई बोध भन्नु उपयुक्त हुन्छ। बोध गर्दा ज्ञान आर्जनका सन्दर्भमा व्याख्या गरिएका सबै कुराहरू आवश्यक हुन्छन्। खास गरी सुनेका, पढेका वा देखेका र अनुभव गरिएका विषयहरूलाई सामान्यीकरण गरी अभिव्यक्त गरिन्छ, बोधको मुख्य लक्ष्य पनि यही हो । व्यावहारिक क्षेत्रमा अझ भनौं- विश्वविद्यालयका पाठ्यक्रममा लिखित र मौखिक अभिव्यक्तिको सामान्यीकरणलाई बोधका रूपमा प्रस्तुत गरिएको हुन्छ । ध्वनि सुनेर, वस्तुको स्पर्श गरेर, त्यसको गुण र अवस्थालाई प्रभावको आधारमा विचार सम्प्रेषण गर्नु नै बोध हो । नेपाली बृहत् शब्दकोशले सुनेर, पढेर, बुझ्ने क्षमता वा सिप, जान्ने वा बुझ्ने काम, समझ तथा जानकारीलाई बोध भनेर परिभाषित गरेको छ। कुनै कुरा पढेर बोध गर्नु वा बुझ्नु पठनबोध हो भने सुनेर बुझ्नु चाहिँ श्रुतिबोध हो। आवाज नसुन्नेले छामेर त्यसको बारेमा थाहा पाउँछ वा बोध गर्दछ । देख्नेले देखेर बोध गर्दछ । ध्वनि सुनेर बुझ्न सकिन्छ त्यही अवस्थामा कथ्य, लेख्य वा साङ्केतिक भाषाको प्रमुख कार्य विचारको सम्प्रेषण हो । भाषाको बोध सुनेर, बोलेर र पढेर हुने गर्दछ। भाषा सञ्चारको माध्यम भएकाले एक व्यक्तिबाट अर्को व्यक्तिबीच कुराकानी आदानप्रदान गर्न यसको प्रयोग हुने गर्दछ । मौखिक तथा लिखित रूपमा प्रस्तुत गरिएको सामग्री सुनेर वा पढेर त्यसमा रहेको सार बुझ्नु नै बोध हो। ◆◆◆

## मनमनै किन....



✍ **सानुराजा श्रेष्ठ 'अन्जान'**

मेरो आदतले तिमीलाई खोज्यो
मनमनै किन तिमीलाई रोज्यो
बादलुले जूनलाई खै किन छेक्यो
मनमनै किन तिमीलाई रोज्यो
मेरो आदतले तिमीलाई खोज्यो

वारि किनार म भएँ, पारि तिमी
नदी त्यहीं भयो, बिछोडमा हामी
हाम्रो भोको मायादेखि जूनतारा रोयो
बादलुले जूनलाई खै किन छेक्यो
मेरो आदतले तिमीलाई खोज्यो

# मृत्युकालीन घोषणा र प्रतिपादित नजिर



✍ प्र.ना.उ. कृष्ण खड्का

१) **विषय प्रवेश**ः

कुनै आरोप वा अपराध गरेको हो वा होइन पुष्टि गर्न प्रमाणको अहम् भूमिका र महत्व रहेको हुन्छ। प्रमाण लिखित पनि हुन सक्दछ वा मौखिक पनि हुन सक्दछ। नेपालमा प्रमाण कानुनको विकासक्रम प्राचिन किराँतकालीन सभ्यता देखिनै शुरू भएको बताइए पनि प्रमाण ऐन, २०३१ प्रचलनमा आएपछि प्रमाण सम्बन्धी कानुन एकिकृत (Codified) र व्यवस्थित भएको थियो। प्रमाण ऐन,२०३१ मा अन्य विषयवस्तुको अतिरिक्त मृत्युकालीन घोषणा (Dying declaration)को विषयमा पनि केही कुरा उल्लेख गरेको पाइन्छ।

प्रमाण वस्तुनिष्ठ, तथ्यपरक र प्रत्यक्ष हुनुपर्दछ; बनावटी हुनुहुँदैन । त्यसैले "सुनि जान्ने प्रमाण, प्रमाण होइन"(Hearsay evidence is no evidence) भनिन्छ । तथापि न्याय सम्पादन गर्दा कतिपय अवस्थामा सुनेको (Hearsay) प्रमाणलाई पनि अपवादको रूपमा प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन जान्छ। निष्पक्ष र प्रभावकारी न्याय निरोपणको कार्य एक गहन र संवेदनशिल विषय भएको हुँदा विभिन्न किसिमका तथ्य र प्रमाणहरूको सहयोग लिनुपर्ने हुन्छ। अतः अपराधको अनुसन्धान, अभियोजन तथा न्याय निरूपणसमेतको कार्यमा सुनिजान्ने प्रमाणलाई पनि नजर अन्दाज गर्न मिल्दैन।

सुनिजान्ने प्रमाण प्रमाण होइन भन्ने भनाइको अपवादको रूपमा मृत्युकालीन घोषणा (Dying declaration) लिन सकिन्छ। कतिपय अवस्थामा मृत्युकालीन घोषणालाई न्याय निरूपणको अभिन्न हिस्सा मान्नुपर्ने हुन जान्छ । मृत्युको मुखमा पुगेको व्यक्तिको मुखमा भगवानको बास बसेको हुन्छ, निजले असत्य कुरा बोल्दैन भन्ने धार्मिक विश्वास समेत रहेको पाइन्छ । (Nemo moriturus praesumitur mentire) (जसको अर्थ- A person who is about to die is presumed not to lie हुन्छ) कुनै व्यक्तिले आफ्नो मृत्युको बारेमा व्यक्त गरेको कुरालाई लिपिबद्ध गरिएको कागज, रेकर्ड आदि अदालतमा प्रस्तुत गर्न सकिन्छ।

अर्कोतर्फ निजले मृत्युपूर्व व्यक्त गरेको कुरा सुन्ने व्यक्तिले अदालत समक्ष आई व्यक्त वा पुष्टि गरेमा पनि प्रमाणको रूपमा लिनुपर्दछ । अतः कुनै घटना वा अपराध भएको गरेको सम्बन्धमा पीडितले मृत्युपूर्व व्यक्त गरेको कथनको प्रमाणिक मूल्य हुने हुँदा अनुसन्धानकर्ता त्यस प्रकारको प्रमाण संकलनमा सजग बन्नुपर्ने देखिन्छ ।

**२) आधारभूत तत्वहरू (Basic elements)**

मृत्युकालीन घोषणाले कानुनी हैसियत प्राप्त गर्न अन्य कुराको अतिरिक्त देहाय बमोजिमको आधारभूत तत्वहरूको विधमानता रहेको हुनुपर्दछ :

**क) मृत्युको नजिक रहेको अवस्थाः**

अपराधबाट पीडित व्यक्तिले आफू मृत्युको नजिक पुगेको वा केही समयपछि मर्दैछु भन्ने भएपछि अपराधको सन्दर्भमा मर्नु अगावै केही कुरा व्यक्त गरेको हुनुपर्दछ । मृत्युकालीन घोषणा गर्ने व्यक्ति बाँचेको अवस्थामा भने निजले व्यक्त गरेको कुरा केवल सामान्य कागजको हैसियतमा रहन्छ ।

**ख) माध्यमः**

मृत्युकालीन घोषणा गर्ने व्यक्तिले अपराधसँग सम्बन्धित कुरा लिखित, मौखिक, संकेत वा चिन्हद्वारा अभिव्यक्त गर्न सक्दछ । निजले व्यक्त गरेको कुरा घटना वा अपराधको बारेमा सम्बन्धित हुनुपर्दछ । आफ्नो कथन एक आपसमा बाझिने खालको हुनुहुँदैन ।

**ग) स्वस्थ मानसिक अवस्थाः**

पीडित व्यक्तिको मानसिक अवस्था बेहोसी, बिचलित र अस्थिर किसिमको हुनुहुँदैन । निजले सहि मानसिक अवस्था र स्वविवेकमा व्यक्त गरेको कुरालाई मात्र प्रमाणको रूपमा लिइने हुँदा अन्यथा प्रमाणको रूपमा स्विकार गरिन्न ।

**घ) अपराधसँग सम्बन्धित विषयवस्तुः**

पीडित व्यक्तिले व्यक्त गरेको कुरा आफूमाथि भएको कुनै घटना वा अपराधसँग सम्बन्धित विषयमा आधारित हुनुपर्दछ ।

**३) कानुनी व्यवस्थाः**

प्रमाण ऐन, २०३१ को परिच्छेद ३ अन्तर्गत दफा ११ (दोस्रो संसोधन) मा मृत्युकालीन घोषणा (Dying declaration)लाई यस प्रकार उल्लेख गरिएको छ- 'कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ ।' उल्लिखित कानुनी व्यवस्थाले कुनै अपराध भइसके पश्चात सो अपराधबाट पीडित व्यक्तिले आफूमाथि अपराध गर्ने व्यक्ति, कारण, स्थान आदिको बारेमा मृत्यु पूर्व व्यक्त गरेको कथनलाई प्रमाणमा लिन हुने कुरा उल्लेख गरेको पाइन्छ ।

**४)प्रतिपादित नजिर (नेपाल कानुन पत्रिका**(२०५९), **पृष्ठ** ९९)

**मुद्दाको (विषयवस्तुसँग सम्बन्धित) संक्षिप्त व्यहोराः**

सकुन्तला कार्कीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जि. ओखलढुंगा भदौरे गा.वि.स-२ स्थायी वतन भएका चन्द्र कुमार कार्की समेत भएको कर्तव्य ज्यान मुद्दा ओखलढुंगा जिल्ला अदालतबाट शुरू फैसला भएकोमा एल.बि भन्ने लालबहादुर भुजेल समेत वि. नेपाल सरकार भएको सोही मुद्दा सम्मानित सर्वोच्च अदालतको संयुक्त इजालसले अन्तिम फैसला (नेकाप २०७९,नि,नं १०८१०) गर्दा मृत्युकालीन घोषणालाई कानुनी महत्व दिँदै सिद्धान्त (नजिर) प्रतिपादन गरेको पाइन्छ । उक्त मुद्दाको सार देहाय बमोजिम रहेको छ ।

**क) जाहेरी दरखास्तको छोटकरी व्यहोराः**

मिति २०६७।०३।२४ गते राति अ.२०:५० को समयमा जि. ओखलढुंगा ठुलाछाप गा.वि.स-४ स्थितमा मेरा श्रीमान् छबिलाल कार्कीलाई ऐ.बस्ने चन्द्र कुमार कार्की समेतका वयक्तिहरूले सुनियोजित तवरले धारिलो हतियार समेत प्रयोग गरि सख्त घाइते बनाएकोमा सोहि घाउचोटको कारण सोही रातको १२;१५ बजे पतिको मृत्यु भएको हुँदा उक्त अपराधमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरि कानुन बमोजिम कारबाही गरि पाउँ भन्ने समेत व्यहोराको मृतककी श्रीमती सकुन्तला कार्कीले दिएको जाहेरी दरखास्त ।

**ख) शंकर बहादुर कटवाल समेतले गरेको कागजको छोटकरी व्यहोराः** निज समेतले गरेको कागजमा उल्लिखित मितिमा घाइते छबिलाल कार्कीलाई घाइते अवस्थामा मिसन अस्पतालमा ल्याइएकोमा रातिनै बिरामी हेर्न भनि अस्पतालमा जाँदा घाइतेको शरीरको विभिन्न भागमा गहिरो चोटपटक लागि गम्भीर घाइते भएको देखि को-कसले यस्तो हालत बनायो ? भनि घाइते लाई सोध्दा निजले विदुर विचार भन्ने बाबुराम सुबेदी समेतका मानिसहरूले रड, भाला समेतका हतियार प्रयोग गरि टाउको समेतका शरीरका विभिन्न अंगमा प्रहार गरि कुटपिट गरि यस्तो अवस्था बनाएको हो भन्ने कुरा घाइते छबिलाल कार्कीले हामी (शंकर कटवाल, ओम दयाल, मोहन कुमार श्रेष्ठ) एकै ठाउँमा बसेको अवस्थामा मृत्यु हुनुअघि भन्नु भएको थियो ।

छबिलाल कार्कीको हत्या गर्ने कार्यमा चन्द्रकुमार कार्किसमेतको संलग्नता रहेको छ भन्ने समेत व्यहोरा भएको एकै मिलानको छुट्टा-छुट्टै कागज । साथै निज शंकर कटवालसमेतले उल्लिखित व्यहोरासँग मिल्दोजुल्दो बकपत्र सम्मानित ओखलढुंगा जिल्ला अदालत समेतमा गरेको ।

**ग)** पक्राउ प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल बमोजिम सजाय

(कसुर अनुसार प्रतिवादीहरूलाई अलग-अलग तोकिएको)हुने भनि ओखलढुंगा जिल्ला अदालतबाट मिति २०७०।१०।२३ गते फैसला भएको।

**घ**) प्रतिवादी चन्द्रकुमार कार्की समेतले शुरू तहको अदालतको फैसलाप्रति चित्त नबुझाई पुनरावेदन अदालत राजबिराजमा पुनरावेदन गरेको । साथै प्रतिवादीहरू मध्येका चन्द्रकुमार कार्की समेतलाई गरिएको सजायप्रति चित्त नबुझाई नेपाल सरकारले पनि पुनरावेदन पत्र दायर गरेको।

**ङ**) पुनरावेदन अदालत राजबिराजमा दर्ता गरिएका(पक्ष-विपक्षीबाट) विभिन्न पुनरावेदन पत्रहरूको सम्बन्धमा शुरू तहको अदालतले गरेको फैसलालाई आंशिक सदर गर्दै मिति २०७२।११।०१ मा फैसला भएको।

**च**) पुनरावेदन अदालतले गरेको फैसला उपर चित्त नबुझाई प्रतिवादी नवराज बस्नेत, चन्द्रकुमार कार्की समेतले सर्वोच्च अदालतमा अलग-अलग पुनरावेन पत्र दायर गरेको।

**छ**) प्रतिवादी चन्द्रकुमार कार्की, देवबहादुर कटवाल समेतलाई कसुर अनुसारको सजाय नभएको हुँदा सुरू अभियोग मागदाबी बमोजिम सजाय गरि पाउँ भन्ने समेतको मागदाबी लिई नेपाल सरकार समेतले सर्वोच्च अदालतमा पुनरावेदनपत्र दायर गरेको।

**प्रतिपादित सिद्धान्त**(**नजिर**)

मृत्युकालीन घोषणालाई प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने भनि सम्मानित सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरेको छ, जुन यस प्रकार छः-

उक्त फैसलाको प्रकरण नं ११ मा- "....मृत्युकालीन घोषणा मानिसले आफू मर्नुअघि होस छँदै व्यक्त गरेको Statement हुन । यस्तो Statement लिपिबद्ध हुन पनि सक्छन् नहुन पनि सक्छन् तर निजले भनेको बेहोरा सुन्ने व्यक्तिले अदालतमा साक्षीका रूपमा उपस्थित भएमा प्रमाणका रूपमा लिन मिल्ने हुन्छ।

यो hearsay is not an evidence भन्ने प्रमाण कानुनको अपवादको रूपमा महत्वपूर्ण प्रमाणका ग्रहण गर्नुपर्ने आधार भनेको roman maxim "Nemo moriturus praesumitur mentire" हो जसको अर्थ a man will not meet his maker with a lie in his mouth हो, यसै कारणले नै मृत्युकालीन घोषणालाई प्रमाणका रूपमा लिइनुपर्छ भन्ने विधायिकाको मनसाय हो।''

उल्लेखित फैसलाले मर्न लागेको व्यक्तिले होसमा छदै व्यक्त गरेको कुरा लिपिबद्ध गरेको भए वा लिपिबद्ध नगरेको भए पनि सो कुरा सुन्ने व्यक्तिले अधिकार

प्राप्त निकाय वा व्यक्ति समक्ष उपस्थित भई दिएको कथन(Statement)लाई प्रमाणमा लिनुपर्दछ भन्ने कुरामा जोड दिइएको छ।

सो बाहेक प्रमाण ऐन २०३१ को दफा १० को उपदफा (१)को देहाय (**क**) र (**ख**)ले कुनै घटना र अवस्थाको बारेमा सो घटना घटाउने, प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने वा सो घटनाबाट पीडित व्यक्तिले मौकाको कागज गरेको भए सो कागजातलाई समेत प्रमाणमा लिन हुने भनि उल्लेख गरेको पाइन्छ।

तसर्थ कुनै पनि घटनाको प्रथम प्रत्यक्षदर्शी भनेको नै पीडित व्यक्ति स्वयम् हुने हुनाले निजले मृत्यु हुनु पूर्व व्यक्त गरेको कुरालाई सुन्ने, देख्ने व्यक्तिले अदालत वा न्यायीक निकाय समक्ष आई बकपत्र (पुष्टि) गरेमा र उक्त मृत्युकालीन घोषणालाई अन्य प्रमाणहरू समेतले समर्थन (corroborate) गरेमा उक्त कथन(statement)लाई निर्णायक प्रमाणका रूपमा लिइनुपर्ने हुन्छ।

सम्मानित अदालतले उक्त फैसलाको रोहमा मृत्युकालीन घोषणालाई उत्कृष्ट प्रमाणको रूपमा व्याख्या गर्दै देहाय बमोजिमको नजिरसमेत प्रतिपादन गरेको पाइन्छ।

फैसलाको प्रकरण नं १९ मा - "Inciter to be liable as perpetrator को व्यवस्था हाम्रो कानुनी व्यवस्था समेतले अङ्गीकार गरेको अवस्थामा ज्यानसम्बन्धी अपराधमा मुख्य भई वचन दिने व्यक्तिलाई पनि perpetrator को सरह सजाय गरिनुपर्ने हुँदा जन्मकैदको सजाय गरेको देखिन्छ।

घटनामा आफैँ संलग्न नभए पनि मार्न आदेश वा मार्न सहमति दिने व्यक्तिलाई मृतकको मृत्यु हुँदैछ भन्ने foresightness of consequence हुने हुँदा मृतक मरे पनि मरोस् भन्ने desire of consequence अभियुक्तले राख्ने हुँदा वचन दिने व्यक्तिलाई पनि first offender कै रूपमा हेरिनु पर्ने हुन्छ र निजलाई सजाय गर्दा पनि first offender को दर्जामा राखी सजाय गरिनुपर्ने भनि फैसला भएको छ।

यसैगरी प्रकरण नं २१ मा- जाहेरीमा नाम उल्लेख हुनु र कसुरदार ठहर हुनु फरक कुरा हुने र जाहेरीमा नाम किटान गरिदिनुले कुनै व्यक्ति कसुरदार हो भनि मान्न मिल्दैन भन्ने समेतको फैसला भएको पाइन्छ।

अतः सम्मानित सर्वोच्च अदालतले मृत्युकालीन घोषणाको प्रमाणिक महत्वलाई जोड दिँदै नजिर प्रतिपादित गरेको छ, जसको पालना गर्नु व्यक्ति सबै न्यायिक निकायहरूलाई बाध्यकारी हुन जान्छ। ◆◆◆

निबन्ध

# जीवनको यात्राः माटोदेखि माटोसम्म



✍ **इन्द्र कुमार श्रेष्ठ**

मानव जीवनको आरम्भ र अन्त्यको बिन्दु एउटै माटोमा गएर टुङ्गिन्छ, जुन सृष्टिको सबैभन्दा ठूलो, शाश्वत र अपरिवर्तनीय रहस्य हो । एउटा अबोध शिशुको रूपमा आमाको गर्भबाट संसारमा पाइला टेक्ने मानिस, आफ्नो जीवनको लामो यात्रा पूरा गरी मृत्युको अन्तिम घडीमा पुनः त्यही धर्तीको गर्भमा विलीन हुनुपर्ने नियति बोकेर आएको हुन्छ । यो ब्रह्माण्डीय चक्रले हामीलाई बारम्बार घचघच्याइरहेको छ कि जीवन कुनै स्थायी उपलब्धि होइन, बरु एउटा क्षणिक र प्रवाहशील ऊर्जा मात्र हो । जे जति हामीले आज 'मेरो' भनेर अङ्गाल्छौँ, ती सबै अन्त्यमा यही माटोको गर्भमा समर्पित गर्नुपर्छ । संसारका हरेक घटना, वस्तु र सम्बन्धहरू कालान्तरमा आफ्नो मूल स्वरूपमा फर्कन्छन्, जसले जीवनलाई एक अनन्त र रहस्यमय चक्रका रूपमा स्थापित गरेको छ ।

जन्मदाको अवस्था र मृत्युको मुखमा पुग्दाको शारीरिक अवस्थाबीचको आश्चर्यजनक समानताले हाम्रो अस्तित्वको खोक्रोपन र अहंकारलाई गिज्याइरहेको हुन्छ । आमाको गर्भबाट संसारमा आउँदा न हामीसँग दाँत थियो, न कपाल, न त शरीर र इन्द्रियमाथिको कुनै नियन्त्रण नै थियो, हामी केवल एउटा निरीह र अरूमाथि निर्भर जीव थियौ । उमेरको उकाली चढ्दै गर्दा युवावस्थाको जोश, सामर्थ्य र सुन्दरताले हामीलाई क्षणिक भ्रममा राख्छ र लाग्छ कि यो शरीर सधैँ यस्तै रहिरहनेछ, तर जब समयको घडी ओरालो लाग्छ, मानिस फेरि त्यही अबोधपन र असहाय अवस्थामा फर्कन्छ । दाँत झर्नु, केश फुल्नु र शरीरका अंगहरूले आफ्नो कार्यक्षमता गुमाउँदै जानुले यो प्रमाणित गर्छ कि मानिसको शारीरिक पहिचान समयको एउटा सानो धर्सो मात्र हो । यसरी जन्म र मृत्युका दुई किनारहरूबीचको समानताले हामीलाई जीवनको नश्वरता र अस्तित्वको क्षणभंगुरताको कठोर सत्यबोध गराउँछ ।

संसारिक मोह, पद-प्रतिष्ठा र 'म' भन्ने अहंकारको भ्रममा मानिसले आफ्नो जीवनको अमूल्य समयलाई व्यर्थका तनाव र सङ्घर्षमा खर्चिरहेको हुन्छ । जीवनको

मध्यकालमा जब मानिस युवा हुन्छ, उसले संसारलाई आफ्नो मुट्ठीमा पार्ने, धन थुपार्ने र कृत्रिम सुखको पछि दौडने होडमा आफूलाई नै पूर्णतः बिर्सन्छ। उसले बिर्सन्छ कि यो शरीर, यो बुद्धि र यो भौतिक धन केवल केही दशकका लागि प्रकृतिको तर्फबाट सापट लिइएका सामग्रीहरू हुन्, जसलाई एकदिन ब्याजसहित फिर्ता गर्नुपर्ने अनिवार्य सर्त छ। तनाव, ईर्ष्या र स्वार्थको यो अस्वस्थ प्रतिस्पर्धाले मानिसलाई भित्रैदेखि रित्याइरहेको हुन्छ, जसले जीवनको आनन्दलाई त के, सामान्य शान्तिलाई पनि पर धकेलिदिन्छ । जब हामी यो बुझ्छौँ कि हामी यो संसारमा पाहुना मात्र हौँ, तब हाम्रा अनावश्यक आकांक्षाहरू र अहंकारजन्य तनावहरू आफैँ विलीन हुन थाल्छन् ।

हाम्रो जीवनको वास्तविक सार्थकता हामीले जम्मा गरेको भौतिक सम्पत्तिमा होइन, बरु हामीले अरूका लागि बाँडेको प्रेम, सहानुभूति र सद्भावमा निहित हुन्छ । धेरै मानिसहरू जीवनभर भौतिक सुखका पछि अन्धो भएर दौडिन्छन् र अन्तिम क्षणमा आएर रित्तो हात फर्किनु पर्ने थाहा पाउँदा गहिरो पश्चात्तापमा डुब्छन् । उनीहरूले जीवनकालमा यो कहिल्यै बुझ्दैनन् कि धन-सम्पत्तिले शरीरलाई केही समयका लागि सहजता दिन सक्ला, तर यसले आत्मालाई कहिल्यै तृप्ति दिन सक्दैन । शान्तिको बाटो भनेको बाह्य जगतका वस्तुहरूमा खोज्ने कुरा होइन, बरु आफ्नै भित्री मनको गहिराइमा लुकेको विवेक र करुणाको खोजी हो । तसर्थ, जीवनलाई सानातिना तुच्छ कुरा र सांसारिक होडबाजीमा अल्झाउनु भन्दा मानवताको सेवा र आत्मिक विकासको मार्गमा लगाउनु नै बुद्धिमानी हो ।

जीवनको अल्पायु र अनिश्चिततालाई स्वीकार गर्नु नै तनावमुक्त र खुसी जीवन बाँच्ने एकमात्र र भरपर्दो कडी हो । हामी भविष्यको चिन्ता र विगतको कटु पश्चातापमा यति धेरै समय बिताउँछौँ कि वर्तमानमा बाँच्न नै बिर्सन्छौँ, जबकि सत्य के हो भने विगत बितिसकेको छ र भविष्य केवल एउटा कल्पना मात्र हो । हाम्रो हातमा केवल यो वर्तमान पल छ, जसमा सास फेर्नु, मुस्कुराउनु र बाँच्नु नै सबैभन्दा ठूलो पुरुषार्थ हो । जब हामी वर्तमानमा पूर्ण सचेत भएर बाँच्छौँ, तब जीवनमा अनावश्यक तनावका लागि ठाउँ नै रहँदैन किनकि तनाव सधैँ बितेका कुरा वा नआएका दिनहरूको बोझ हो । यो क्षणिक अस्तित्वको ज्ञानले नै हामीलाई आजको घडीमा मुस्कुराउन र खुसी रहन प्रेरित गर्दछ ।

कर्तव्य निर्वाह नै मानिसको जीवनको वास्तविक धर्म हो, जसले हामीलाई समाज र परिवारसँग एउटा दरिलो

धागोले जोडेर राख्छ। हामी केवल आफ्नै स्वार्थपूर्तिका लागि मात्र जन्मेका होइनौँ, हाम्रो केही सामाजिक, नैतिक र मानवीय दायित्वहरू पनि हुन्छन् । आफ्नो कर्मलाई निष्काम भावले र इमानदारीपूर्वक निर्वाह गर्दा जुन आत्मसन्तुष्टि प्राप्त हुन्छ, त्यो संसारका कुनै पनि भौतिक विलासिताभन्दा हजारौँ गुणा बढी मूल्यवान हुन्छ। कर्तव्यको पालना गर्दा मानिसले कहिल्यै बोझ महसुस गर्दैन, बरु उसले आफ्नो अस्तित्वलाई थप परिष्कृत, मर्यादित र अर्थपूर्ण बनाउँदै लैजान्छ । यस्तो कर्तव्यबोधले नै एक व्यक्तिलाई सामान्य मानिसबाट माथि उठाएर असाधारण व्यक्तित्वका रूपमा स्थापित गर्न मद्दत गर्दछ।

सत्कर्म नै त्यो एक्लो पूँजी हो, जुन मृत्युपछि पनि मानिसको नामसँगै यस धर्तीमा जीवित रहन्छ र मानिसको विरासत बन्छ। धन, शक्ति र सौन्दर्य सबै माटोमा मिल्नेछन्, तर हामीले अरूका लागि गरेका परोपकारी कामहरू र सिर्जना गरेका स्नेहका सम्झनाहरू सधैँ रहिरहनेछन् । सत्कर्म भनेको केवल ठूला दान-धर्म वा उपलब्धिहरू मात्र होइनन्, बरु आफूलाई लोभ, मोह र क्रोधजस्ता दुर्गुणबाट मुक्त राखेर अरूलाई सहयोग गर्नु पनि हो । जब मानिसले यो बुझ्छ कि उसको कर्म नै उसको वास्तविक परिचय हो, तब उसले कहिल्यै गलत बाटो रोज्दैन । हामीले संसार छाडेर जाँदा के लिएर जान्छौँ भन्ने प्रश्नभन्दा पनि, हामीले पछाडि के छोडेर जान्छौँ भन्ने कुराले नै हाम्रो जीवनको मूल्य निर्धारण गर्छ।

संसारको नश्वरता बुझेर पनि जीवनलाई एउटा उत्सवका रूपमा रमाइलो र उमङ्गका साथ बाँच्नु नै वास्तवमा जीवनको कला हो । धेरै मानिसहरू अध्यात्म र दर्शनलाई जीवनको दुःख वा गम्भीरतासँग जोडेर हेर्छन्, तर सत्य त यो हो कि दर्शनले नै जीवनलाई झन् रमाइलो र सहज बनाउन सिकाउँछ।

जब मानिसले मृत्युको निश्चिततालाई हृदयदेखि स्वीकार गर्छ, तब उसले सानातिना कुरामा दुःखी हुन छोड्छ र हरेक पलको आनन्द लिन थाल्छ। उसले गीत गाउँछ, हाँस्छ, प्रकृतिसँग रमाउँछ र जीवनका साना-साना पलहरूमा पनि अमृतको स्वाद फेला पार्छ। यसरी, जीवन भनेको गम्भीर हुनु वा दुःखी हुनु मात्र होइन, बरु जीवन भनेको एउटा अनमोल उत्सव हो, जसलाई हामीले हरेक दिन प्रेमपूर्वक मनाउनुपर्छ।

मृत्युलाई जीवनको अन्त्यका रूपमा होइन, बरु यसलाई एउटा प्राकृतिक र अनिवार्य रूपान्तरणका रूपमा हेर्नु नै विवेकपूर्ण दृष्टिकोण हो । मानिसले मृत्युसँग डराउनुपर्ने कुनै तार्किक कारण छैन, किनकि यो जन्म जस्तै सृष्टिको

अर्को एउटा स्वाभाविक र आवश्यक प्रक्रिया हो । जतिबेला हामी मृत्युलाई जीवनको अभिन्न अङ्गका रूपमा स्वीकार गर्छौं, तब हाम्रो मनमा रहेको अकारण डर सदाका लागि मेटिन्छ र एक प्रकारको असीम धैर्यको उदय हुन्छ । डरमुक्त जीवन नै वास्तवमा सबैभन्दा उच्च कोटिको जीवन हो किनकि मृत्युलाई बुझ्ने व्यक्तिले जीवनको हरेक सासलाई सम्मानका साथ लिन्छ र आफ्नो अस्तित्वलाई सार्थक तुल्याउँछ ।

अन्तमा, माटोबाट सुरु भएको यो जीवन माटोमै टुंगिने शाश्वत सत्यलाई आत्मसात् गरेर जिउनु नै मानव जीवनको परम लक्ष्य र सार्थकता हो । यो यात्रामा हामीले भौतिक रूपमा के पायौं भन्दा पनि हामीले कस्तो जीवन बितायौं, कति मानिसको हृदय जित्यौं र कति प्रेम बाँड्यौं, त्यसले मात्र अर्थ राख्छ । सानो समयका लागि मिलेको यो अवसरलाई घृणा, द्वेष र स्वार्थमा नभई प्रेम, करुणा र सेवामा बिताऔं । हाम्रो उपस्थिति र हाम्रो कर्मले यदि यो धर्तीलाई अलिकति भए पनि सुन्दर र बस्नयोग्य बनाउन सक्यौं भने हाम्रो जन्म र मृत्यु दुवै सार्थक हुनेछन् । सृष्टिको यही अटल र सुन्दर नियमलाई बुझेर, खुसी र तनावमुक्त भएर आफ्नो कर्तव्य पालन गर्दै बाँच्नु नै मानिसको सबैभन्दा ठूलो र उत्कृष्ट दर्शन हो । ♦♦

## मुक्तक



✍ **हरिकृष्ण धिताल 'एच.के'**

जति तौलिए पनि मेरो पट्टि मात्रै घट्छ तुलो किन ?
बलियो पारेर जति थुने पनि खोलिन्छ कुलो किन ?
कति सम्म निर्दयी बन्न सक्छस् ए भगवान् प्रश्न छ
संसार हेर्ने मेरो नयन माथि पारिन्छ फुलो किन ?

राजमार्गको यात्रा खल्तिमा एकसुको छैन
हजार होटेल छन, तर ती मेरा बाउको हैन
छोरो भन्छ बा त्यहाँ हेर्नुस् त भात पाइन्छ
भात पाइन्छ भनेर के गर्नु सित्तैमा पाइदैन

सबै निखिए पछि सुरु कहाँबाट आउँछ ?
तिमिले चाहँदा लुरुलुरु कहाँबाट आउँछ ?
भाग्यले ठगेको मान्छेको भाग्य बदल्छु भनि
भाग्यनै बदल्ने गरि गुरु कहाँबाट आउँछ ?

कहिले आफ्नो कहिले पराई बनायो
जे बनायो त्यो त्राही त्राही बनायो
यो जिन्दगीलाई पनि भगवान्ले
जे पकाए पनि हुने कराई बनायो

# निःशुल्क कानुनी सेवा (प्रो बोनो)

सामान्य अर्थमा निःशुल्क कानुनी सेवा भनेको कुनै पनि शुल्क नलिई सेवा प्रदान गर्नुलाई जनाउँछ। यो नितान्त कानुन व्यवसायसँग सम्बन्धित छ। कानुनी सेवा (Legal Service) भनेको व्यक्तिहरू, संस्था वा सरकारी निकायलाई कानुन सम्बन्धी समस्या समाधान गर्न दिइने व्यावसायिक सहयोग हो।

यसले न्याय पाउन, अधिकार संरक्षण गर्न र कानुनी प्रक्रिया सही रूपमा अगाडि बढाउन मद्दत गर्छ। यसमा कुनै कानुनी समस्या वा विवादबारे सल्लाह दिने, अदालतमा मुद्दा दायर गर्ने र पक्षको प्रतिनिधित्व गर्ने, करार, सम्झौता, वसियत, निवेदन आदि तयार गर्ने, विवादलाई अदालत बाहिरै समाधान गर्न सहयोग गर्ने र मानव अधिकार वा नागरिक अधिकार उल्लङ्घन भएको अवस्थामा सहयोग गर्ने लगायतका कार्यहरू पर्दछन्। जसले न्यायमा पहुँच सुनिश्चित गर्छ, कानुनी जटिलता बुझ्न सजिलो बनाउँछ, व्यक्तिको अधिकार र कर्तव्यबारे सचेत गराउँछ र विवाद समाधानमा सहयोग गर्छ।

सङ्क्षेपमा, कानुनी सेवा भनेको समाजमा न्याय र कानुनको शासन कायम राख्न अत्यन्त आवश्यक सेवा हो भन्ने



✍ पूर्व प्र.ना.उ. भोजराज पाण्डेय

बुझ्नु पर्दछ।

कानुन व्यवसाय गर्नको लागि अधिकार भएको व्यवसायीले मुद्दाका कुनै त्यस्तो पक्ष जो असहाय छ, गरिब छ, कानुनी सेवा लिनको लागि आवश्यक पर्ने आर्थिक दायित्व बहन गर्न असमर्थ छ, त्यस्ता व्यक्तिहरूको तर्फबाट निःशुल्क रूपमा प्रतिनिधित्व गर्नु नै निःशुल्क कानुनी सेवा हो। हरेक नागरिकको उसको व्यक्तिगत र पारिवारिक दायित्वको अलावा सामाजिक दायित्व पनि हुन्छ। अधिवक्ता अथवा कानुन व्यवसायीको पनि सामाजिक दायित्व रहन्छ। चाहे त्यो फौजदारी वा देवानी मुद्दा अथवा रिट नै किन नहोस् मुद्दाका पक्षलाई कानुनी सेवा प्रदान गरे बापत अधिवक्ताले पारिश्रमिक लिने कुरामा विवादको विषय होइन र हुनु हुँदैन। तर अधिवक्ताहरूको एउटा जिम्मेवारी समाजमा बसोबास गर्ने नागरिकहरूको कल्याणका लागि समय र सिप अनुसारको प्रस्तुति

प्रदान गर्नु पनि हो । खास गरि सार्वजानिक सरोकारका विषयहरूमा निःशुल्क बहस पैरवी गर्नु र कानुनी सुधारका लागि आवाज उठाउनु पनि अधिवक्ताहरूको जिम्मेवारी हो । प्रो बोनोले कानुन व्यवसायीको लागि व्यक्तिगत दक्षता अभिवृद्धि गर्ने कुरामा पनि बल पुर्याउँछ ।

झट्ट हेर्दा प्रो बोनो शब्द आश्चर्य लाग्ने खालको देखिन्छ । यसको प्रयोग नेपाल जस्ता अविकसित र विधिको शासन पूर्ण रूपमा लागु हुन नसकेका देशहरूमा अत्यन्त कम छ । जबसम्म नागरिकमा कानुनी अज्ञानता रहन्छ तबसम्म कानुन प्रतिको सम्मान पनि रहँदैन । कानुनी अज्ञानता क्षम्य हुँदैन भनेर मात्र नागरिकलाई तर्साएर विधिको शासन लागु हुन सक्दैन । संसदबाट पारित भएका कानुनहरू राजपत्रमा प्रकाशित गरेर मात्र राज्यको दायित्व पूरा हुन सक्दैन ।

राज्यले नागरिकलाई नयाँ बनेका कानुनहरूको सम्पूर्ण जानकारी गराउन सकेमा मात्र त्यस प्रति नागरिकले सकारात्मकता देखाउन सक्दछन् । राज्यले नागरिकलाई जसै गरि पनि थुन्ने र कानुन व्यवसायीले पारिश्रमिकको सोझो गर्ने मनसायले मात्र कानूनी सेवा प्रदान गर्दा वास्तविक न्याय मर्न जाने र नागरिक पीडामा रहनु पर्ने अवस्था रहन्छ । त्यसकारण प्रो बोनो सेवाको अवधारणा अब नेपाल जस्ता देशहरूमा पनि संस्थागत रूपमा लागु गरिनु पर्दछ भन्ने आवाज उठ्न थालेको छ ।

अमेरिका र बेलायत लगायतका देशहरूमा यसको प्रयोग अत्यधिक पाइन्छ । अमेरिकामा त प्रत्येक कानुन व्यवसायीले निश्चित समय प्रो बोनो सेवा प्रदान गर्नु पर्दछ र सरकारले कानुनी सेवा प्रदान गर्ने व्यक्ति र संस्थालाई स्वेच्छिक रूपले अर्थिक सहयोग गर्ने गर्दछ । बेलायतका कानुन व्यवसायीको जीवनकाल भरि नै प्रो बोनो सेवाका लागि कानुन व्यवसायीलाई प्रोत्साहन गरिन्छ । बेलायतमा The Bar Pro Bono Unit ले pro Bono कानुनी सेवा प्रदान गर्दछ र यो Bar Pro Bono Protocol द्वारा निर्देशित छ ।

यसको अलावा अन्य विभिन्न विकशित देशहरूमा पनि प्रो बोनो सम्बन्धी व्यवस्था रहेको छ । छिमेकी मुलुक भारत, पाकिस्तान र बंगलादेशमा पनि विगतको तुलनामा अधिवक्ताहरूमा प्रो बोनो सम्बन्धी धारणाको विकास भएको छ । जसरी राज्यका अन्य संघ संस्थाहरू सामाजिक कार्यमा पछिल्लो समय बढि उत्तरदायी बनिरहेका छन् त्यसैगरी कानुनी सेवामा रहेका अधिवक्ताहरूले पनि विभिन्न कानुनी, पीडितको उद्दार र व्यवस्थापन र सचेतना मार्फत आफूलाई सामाजिक काममा समाहित गराइरहेका छन् ।

नेपालको सन्दर्भमा हेर्दा तीनै

तहका अदालतहरूका नियमावलीहरूमा असहाय, अशक्त, नाबालक, आर्थिक रूपमा विपन्न वा थुनामा रहेका मुद्दाका पक्षहरूलाई स्वेच्छिक निःशुल्क कानुनी सहायता (प्रो बोनो) उपलब्ध गराउन अदालतले आवश्यक व्यवस्था मिलाउन सक्नेछ भन्ने उल्लेख गरिएको छ । यहाँ "सक्नेछ" भन्ने अर्थले सम्मानित तीनै तहका अदालतहरूलाई बाध्यकारी बनाएको भने छैन । यदि प्रो बोनो सेवालाई साच्चै विधिको शासनको कडिको रूपमा लिने हो भने यसलाई कानुन व्यवसायीको लागि बाध्यकारी बनाइनु पर्दछ । अदालतमा न्यायाधीश नियुक्त वा बढुवाको लागि प्रो बोनो सेवालाई अनिवार्य सर्तको रूपमा राखिनु पर्दछ ।

स्वेच्छिक रूपमा कानुनी सहायता उपलब्ध गराउने कानुन र स्वेच्छिक कानुनी सहायता प्रदान गरेको कार्यको अभिलेख अदालतले राख्ने गरेको छ । कुनै मुद्दामा कुनै पक्षको प्रतिनिधित्व गरिदिन कुनै कानुन व्यवसायीलाई अदालतले गरेको अनुरोध निजले स्वीकार गरेमा त्यस्तो कानुन व्यवसायीले वकालतनामा भर्नु नपर्ने र सो मुद्दामा पक्षको तर्फबाट बहस पैरवीको लागि अध्ययन गर्न आवश्यक पर्ने मिसिल समेत उपलब्ध गराउने व्यवस्था गरेको छ ।

नेपाल बार एशोसियसनले स्वेच्छिक निःशुल्क कानुनी सेवा (प्रो बोनो) सम्बन्धी निर्देशिका २०७५ लागु गरेको छ । यसमा बारमा प्रत्येक एकाइलाई प्रो बोनो दिन चाहने अधिवक्ताहरूको सूची तयार गरि सोको प्रति सम्बन्धित अदालत र नेपाल बार एसोसियसनलाई पठाउनु पर्ने र आफ्नो सूचना पाटीमा समेत टाँस गर्नु पर्ने निर्देश गरेको छ । यसैगरी कानुन व्यवसायीहरूको आचार संहितामा पनि प्रत्येक वर्ष कानुन व्यवसायीहरूले न्यूनतम रूपमा गर्नुपर्ने प्रो बोनो सेवा र यसको अभिलेखिकरणको बारेमा उल्लेख गरेको छ ।

नागरिक कानुनी सेवा लिनबाट वञ्चित हुनु हुँदैन । यो राज्यको आधारभूत दायित्व अन्तर्गत पर्नु पर्दछ । जसरी गाँस, बास र कपास नागरिकको दैनिक जीवनसँग जोडिएका विषयहरू हुन्, त्यसैगरी कानुनी सेवा पनि अनिवार्य सेवामा राखिनु पर्दछ । फौजदारी मुद्दाको अनुसन्धानको क्रममा अभियुक्तले आफूले चाहेको कानुन व्यवसायी राख्न पाउने कानुनी तथा संवैधानिक व्यवस्था नेपालमा रहेको छ ।

कतिपय अवस्थामा आर्थिक अभावको कारण पक्षले कानुन व्यवसायी नियुक्त/राख्न सक्ने अवस्था हुँदैन । यस्तो अवस्थामा प्रो बोनो सेवा दिन चाहने कानुन व्यवसायीहरूको सूची अनुसन्धान तहकिकात गर्ने निकायहरूमा समेत उपलब्ध हुन सकेमा कुनै पनि नागरिक कानुनी सेवा लिनबाट वञ्चित हुनु पर्दैन । ◆◆◆

निबन्ध

# चिसो गोजी



✍ डा. छायादत्त न्यौपाने

जीवन सुन्दर छ। सृष्टिले सिर्जना गरेको अनन्त जीवन। प्रकृतिमा कति जीव छन् हिसाब छैन । विज्ञानले जानकारी दिने प्रयत्न गर्छ कि पृथ्वी, जल र दुवै ठाउँमा जीवहरू बस्छन् । यी कुन जीव कहाँ बस्छन् ? खोजीसँगै विज्ञान सूचना प्रवाह पनि गर्छ। जीवनले आशा अपेक्षा गर्ने वस्तुहरू अनन्त रहेको तथ्याङ्क पनि बताउँछ तर पूरै तथ्याङ्कले सुन्दर जीवनको सजीव रङले मान्छेको सर्वाङ्ग मापन गर्दैन । सचेत हुँ भनी दाबी गर्ने मान्छेले गर्नुपर्ने आग्रह राख्छ तर अङ्ग पुऱ्याउन बाँकी नै देखिन्छ।

जीवन चल्न यति बन्दोबस्ती आवश्यक छ नभई हुँदैन । यति नभए पनि काम चल्छ ? कस्तो हो सहज शैलीले बाँच्ने अर्थपूर्ण जीवन ? कीटान गरिएको छैन । यै हो सार्थक जीवन, यस्तै हुन्छ सुखी जीवन भनिएको जीवनको पूर्ण नमुना पाइँदैन । जीवन पद्धति र सन्दर्भअनुसारका परिभाषाहरू भेटिन्छन् । खानेले खा-खाई । निमुखाले हेऱ्या-हेऱ्यै ! यो यथार्थ सृष्टि सौन्दर्य होइन तर सृष्टि-सौन्दर्य जोगाउने दायित्व सचेत तथा इमानदार प्राणी मान्छेको हो ।

मान्छेसँग पैसा नहुनु अभाव हो। पर्याप्त नहुनु आलस्य अनि असन्तोष हो। बढी हुनु खती हो। क्यै नयाँ हुनु सङ्घर्षको परिणाम हो । फरक अनुभवको खोजीले हो जीवनलाई गति दिने । सृष्टि सौन्दर्यले भन्छ समस्त जीवको जतन गरौं । मान्छे सचेत प्राणी भएकाले सबैको सुरक्षा चासो यसैमा निहित रहन्छ । प्रकृति र सृष्टिको सन्तुलन जोगाउने जिम्मेवारी मान्छेकै हो । वातावरणीय संरक्षणमा इमानदार रहेर समाज निर्माण गरी सहअस्तित्वमा रमाउने सिप सिकेर कला जानेको मान्छेले गर्ने व्यवहारमा समताको उज्यालो छाउनु आवश्यक छ।

म जीवनमा शैक्षिक चेतना पस्न नभ्याएको दुर्गम गाउँको किसान परिवारको सदस्य। निर्वाहमुखी जीवन शैलीको सीमित परम्परित खेतीपातीमा हुर्केको हुँ। कमजोर अर्थव्यवस्थामा खुम्चिएको किसान परिवारको प्रतिनिधि सदस्य । खेतबारीको उत्पादनले पढाइ खर्च जुट्न सक्दैनथ्यो। पढ्नु पर्छ पढ, भन्ने सचेतनाले गृह प्रवेश पाएको

थिएन । पढ्न जाने गाउँघरे साथीहरूको उस्तै अभाव । मैले पढ्न पाइनँ, सन्तानलाई त जसरी पनि पढाउँछु भनेर कम्मर कस्ने अभिभावकीय मनोविज्ञान जन्मिन नभ्याएको त्यो समयको यथार्थ आजसम्म खड्किँदो छ । पारिवारिक सदस्य पढाइको उदाहरण बनेको परिवेश पनि तयार थिएन । पढाइ राम्रो कर्म हो,अनुकरणीय छ, सुखले पाल्छ भन्ने विश्वास तिनले गर्थे जसले छोराका लागि कुटुम्बकी छोरी माग्नु पर्थ्यो । तिनै सम्बन्धमा बाँधिएर एक हुन लागेका दुई भिन्न परिवारका अभिभावकले गतिलो जुवाइँ भेटियो भन्ठान्थे । पढाइको अन्तर्य पत्याउँथे । अरू त घाँसदाउरा गर्ने, गोरू पालेर मोटो बनाई गैरी खेतमा खोक्याउनु नै बहादुरी थियो ।

म दुर्गम गाउँको परम्परित शैलीको किसानको सन्तान । मेरो पढ्ने रहर गाउँकै मित्रलाल दाइले बिउँझाएका । बिहानै उठेर धानखेतमा पानी लाउन गएको थिएँ । मैले खेत भिजाइसके पछि दाइको पालो थियो । पालो पर्खंदै कुलाको डिलमा टुक्रुस्स बसेका दाइले ए भाइ ! ल, भन ३ पाथी, ३ माना, आधा पाथी ९ माना जम्मा कति पाथी ? मैले मन-मनै हिसाब गरेर उत्तर मिलाएँ, दाइले ४ रूपियाँ दाम, ३ जनालाई बराबर बाँड भने । मैले यसको पनि उत्तर मिलाएँ । उनले के खेतका आली-आली दौड्या त यत्तिको मान्छे ! पढ्न जाऊँ हिँड भनेर हौस्याए । म उकालोमा हस्याँङफयाँङ गर्दै घर पुगेँ । बासँग 'म स्कुल जान्छु बा' भनेँ । बा खुसी हुनुभो । 'हो र, जान्छस् त' भन्नुभो । मैले 'हो, मित्रेदाइसँग जान्छु' भनेँ । बाले विचार गरेर भन्नुभो 'आज मंगलवार हो, वार मिलेन भोलि जालास् ।' त्यो भोलि १ वर्षपछि आयो । म १२ वर्षको केटो बासँग नाम लेखाउन स्कुल पुगेँ । प्राधानाध्यापकले 'यति ठुलो केटो ! १ कक्षाका लागि त उमेर पनि बढी भो मिल्दैन' भनेर भर्ना नगर्ने आशय व्यक्त गरे । केही भन्नु होला भन्ठान्नेर हो कि कुन्नि तर सोझो स्वभावका मेरा बाले क्यै मेसो पाउनुभएन । अलपत्र परेको देखेर प्रधानाध्यापकले 'उमेर घटाएर नाम लेखाम पछि जागिर खानेबेलामा पनि काम लाग्छ' भनेपछि बाले हुन्छ भन्ने अर्थमा टाउको हल्लाउनुभो र १ वर्षदेखि थन्किएको मेरो सपना झन्डै सदाका लागि हराएन ।

पढ्न पाएर मख्ख पर्दै उकालिएको सम्झनाले आज पनि त्यै परिवेशमा पुऱ्याउँछ । घाँस काटेर गाईगोरूलाई स्याहार पुऱ्याएपछि स्कुल जाने रीत थियो । साथीहरूबिच कसको गोरू मोटो ! कति जुध्न सक्ने होडबाजी चल्थ्यो । कतिपटक स्कुल पुग्न ढिलो भो कि हत्केलामा बाँसका भाटाको रातो छाप पर्ने गरेको स्मृतिले तर्साउँछ उस्तै गरी आज पनि । कहिले स्काउटमा भाग

लिने रहरले उचाल्थ्यो । कतैको भोजभतेरे सन्दर्भले मस्तिष्क कोट्याउँछ । एक दिन स्कुल छुटेर टाउकोमा ताता घाम थाप्दै उकालो चढ्ने क्रममा वेदराज सरले भन्नुभा थियो-'हेर केटा ! जीवनमा राम्रो काम गर्नू, नाम चम्काउनू । आफूले गरेजस्तै काम गर्न अरू पनि लालायित होऊन् ।' उहाँले भनाइ नटुङ्ग्याउँदै भट्टराई सरले-' जीवनभर गरेका कामले नाम चम्केन भने मर्नेबेलामा अर्को बिहे गरेर भए पनि चर्चित नभई नमर्नू' थप्नुभयो । उपस्थित सबै गलल हाँसियो । सबैका निधारमा तरतरी पसिना थियो । हामी दारसिङ चौतारीमा गजधम्म बसेर वर्षौंदेखि छहारी बाँडिरहेको शमीको रूखनिर पुग्यौं । सरर शीतल हावा आयो । भट्टराई सरले 'आहा कति मिठो, यो त ३५ पैसाको हावा' भनेर फेरि ठट्यौली मिसाउनुभयो ।

गाउँघरे परिवेश, खेतीपातीको काम, परम्परित जीवनशैली, घाँसको ठुलो भारी बोक्ने, गोरू मोटो बनाएर जुधाउने रहर, खेतीपाती धेरै उब्जाउने होडमा भुलेको जीवन विद्यालय तह पूरा नगरी संस्कृत पढ्न भारतीय सहर ऋषिकेश, दिल्ली, बनारस हुँदै ३७ वर्षअघि राजधानी काठमाडौं पस्यो । संस्कृतको जगले पढाउने विषय नेपाली भाषासाहित्य । त्यसैको विद्यार्थी भएर त्रिवि छात्रावासको ५ मोहोर छाक भात खाएर स्नातकोत्तर तहको औपचारिक प्रमाणपत्र हात पारियो । यसैबिच मुलुकमा राजनीतिक उथलपुथल मच्चियो । सङ्घ-सङ्गठनले सिफारिस दिएमात्र जागिरमा प्रवेश गर्न पाइने अघोषित लहर चलेको रहेछ, त्यो नभई नहुने राजनीतिक योग्यताबारे अनविज्ञ रहेछु । समयमा आवश्यक सूचना खो जिएनछ । नखोजिएकाले पाइएन । उसले उसको उसले उसको भन्ठानेछन् मलाई परिणामले कसको न कसको बनायो ! समूहबाट उछिट्टिएर पर तातो बालुवाको माछासरि भइयो कसैको भइएन । यो रहस्य थाहा पाउँदा धेरै ढिलो भइसकेछ । आजसम्म पनि त्यसैले खेदिरहेको छ ।

कतै केही सिप नलागेसी निजी विद्यालयको शरण परेँ । २०४९ फागुन २१ गतेदेखि काठमाडौंकै निजी विद्यालयमा पढाउन थालेँ । काम चलिरहेको थियो । १ वर्षपछि पढाउने कामसँगै विद्यालयीय शैक्षिक गतिविधि हेर्ने संयोजकको जिम्मेवारी थपियो । समय गतिमै थियो गणित विषय पढाउने साथीले गृहकार्य परीक्षण गर्दा गल्तीमा पनि ठिक चिन्ह लगाएछन् । मोहन सरले बैठक राखे । उनले भने 'यस्तो भएपछि अभिभावकलाई के जबाफ दिने ? मलाई देखाउँदै 'तपाईं एकेडेमिक इन्चार्ज, ल भन्नुहोस् के गरौं' भने । म के गरूँ कसो गरूँ अलपत्र परेँ । साथीलाई कारबाहीको प्रस्ताव गर्नुपर्ने भयो,

सजिलो थिएन ! खै कसरी के फुऱ्यो ? 'सरको अध्यक्षतामा एकसदस्यी छानबिन समिति गठन गर्नुपऱ्यो' भनेँ । मेरो कुराले एकछिन वातावरण स्तब्ध बनायो, सन्नाटा छायो । सरलाई चित्त बुझ्ने कुरै भएन । यो उनीसँगको भदौरे खटपटले शैक्षिक सत्रको अन्त्य पुससम्म बल्झायो । पुसमा हुने जाडो बिदा अघि मोहन सरले कोही जागिर छाड्न इच्छुक हुनुहुन्छ कि ? नयाँ शैक्षिक सत्रको सुरूमै पुराना इच्छुक शिक्षकले छाड्ने र नयाँ शिक्षक कर्मचारी व्यवस्थापनका लागि उनले जानकारी खोज्नु स्वाभाविक थियो । उनको कुरा विचारै नगरी हात उठाएँ । किन छाड्नुहुन्छ, नछाड्नुस् भनेर थुमथुम्याउनु होला भन्ने लागेको थियो । के हुन्थ्यो उल्टो भो । उनले लाउनुपर्ने कुचो बतासले उडायो । मेरो भने हुन लागेको जाडो बिदाको अतिरिक्त आम्दानी पनि खोसियो । भरे डेरामा पुगेर सिरानीमा टाउको टेकाउँदा सिलिङसित आँखा जुध्दै थिएँ,झसङ्ग भएँ । छोराछोरी, कोठा भाडा, दैनिक खर्च कसरी जुटाउने ? बचत छैन, मौसमजस्तै गोजी पनि चिसो !

करबट फेरि फेरि रात बित्यो, केही दिन बिते । मित्र भरत शर्माले विज्ञापन देखेको कुरा सुनाए । अविलम्ब काठमाण्डू पोस्ट खोजेर वैयक्तिक विवरण नत्थी गरी विवेदन दिइएको पोस्ट बक्स नं.मा हालिदिएँ । संयोग २३५ निवेदनमध्ये ५ ओटाभित्र मेरो पनि परेछ । अन्तर्वार्ताका लागि निम्त्याइएँ । माघको महिना, सामान्य कोट पाइन्टमा गएको थिएँ, राजधानीकै निजी विद्यालयमा । प्रधानाध्यापक दक्षिण भारतीय रहेछन् । संयोग उनलाई नेपाली भाषा नआउने मलाई अङ्ग्रेजी तर हामीले अन्तर्वातामा ३ घण्टा बितायौं । बिचमा चिया बिस्कुट पनि खाइयो । मेरो पोसाक र स्वाभाव उनलाई चित्त बुझेछ । झन्डै पहिलाको स्कुल किन छाडेको भनेर सोधेनन् । जागिर पाएँ । खाइपाइ आएको भन्दा राम्रै सुविधा । अङ्ग्रेजी मोह त छँदै थियो तर मैले विद्यार्थी नेपालीमा गन्ती, शिष्टाचार आदि भलाकुसारीमा पछाडि छन् । उनीहरूलाई नेपालीमै धेरै कुरा गर्नुपर्ने हुन्छ भनेर सहमत गराएँ आफूलाई सजिलो पारेँ । स्कुल हाताभित्र मलाई अरूलाई जस्तो अङ्ग्रेजी बोल्नै पर्ने बाध्यकारी भएन । मैले तत्काल त केकेन युद्ध जितेँ भन्ठानेँ तर सँगैका धेरै साथीले भाषा सिके दक्ष भए, म भने हेरेको हेऱ्यै ।

मङ्गलवार एक दिनमात्र कक्षा १०मा चौथो घण्टी थियो । अरू ५दिन यो घण्टी खाली । खाली नै सम्झेर म शिक्षक विश्राम कक्षमै विद्यार्थीको गृहकार्य जाँचेर बसेँ । विद्यार्थीले हल्ला गरेछन् । प्रधानाध्यापक के भो भन्दै पुग्दा त शिक्षक छैन ! कसको घण्टी हो ? न्यौपानेको ! बल्ल मलाई खोज्दै आए विद्यार्थी । हस्याङफस्याङ

गर्दै पुगेँ कक्षामा । घण्टी सकिन पाएको छैन शिक्षकहरूको बैठक डाकिहाले । गफ गरेर बस्ने कक्षामा नजाने ? यसो गर्दा विद्यार्थी आपसमा झगडा गरे, उनीहरूलाई चोट लाग्यो भने ? शिक्षक स्वयंले समयको ख्याल गरी जिम्मेवारीप्रति इमानदार नभए विद्यार्थीलाई कसरी अनुशासित बनाउने ? शिक्षक स्वयंले नीतिनियम पालना नगरे विद्यार्थीले के सिक्छन् ? विभिन्न प्रश्नहरू उठे । विद्यार्थीको पोसाक व्यवस्था, किताबकापीको जतन, समयमा उपस्थिति, नियमित गृहकार्यजस्ता व्यावहारिक ज्ञानसिप सिकाउने कुरामा पनि सबै शिक्षक उत्तिकै सचेत रहनुपर्ने विद्यालयको नियमै थियो । खुरूखुरू पाठ पढाउनुले मात्र शिक्षकको दायित्व पूरा गर्दैन ।

विद्यार्थीको सर्वाङ्गीण विकासमा शिक्षकको भूमिका रहन्छ र रहनुपर्छ भन्ने कुरामा उनको जोड रह्यो । हुन त बिहानीले दिन देखाउँछ, पहिलो प्रभाव नै अन्तिम परिणामको सूचक मानिन्छ । वर्षभरि गरिने शैक्षिक गतिविधिलाई योजनाबद्ध प्रस्तुति दिने प्रशिक्षणको दिन प्रशिक्षण कक्षमा प्रवेश गर्न २ मिनेट ढिलो भयो भनेर क्षमा मागेको विषयले ममा बेग्लै किसिमको सकारात्मक प्रभाव छाडेको थियो । यसअघिको स्कुलमा स्कुल छुट्टीपछि शिक्षक बैठक भनी १५ मिनेट पर्खाएपछि छोरीलाई नुहाइदिने काम देखाएर बैठक सार्ने प्रवृत्ति भोगेर गएको बबुरो म । प्राचार्य, त्यसमाथि निजी विद्यालयको ! महान् मान्छे भन्ने बुझेको मैले २ मिनेट पर्खाएँ भनेर स्वयं प्राचार्यले सरि भन्दा छक्क नपर्ने कुरै थिएन ।

विद्यालयको प्रशासन चुस्त थियो । समयमा व्यवस्थित काम हुनुपर्छ । शिक्षक स्वयं कर्तव्यप्रति सचेत र व्यवहारमा इमानदार नभई गुणस्तरी शिक्षा दिन सकिँदैन भन्ने विचारले निर्देशित थियो प्रशासन । यसले शिक्षकमा हुनुपर्ने गुण बुझाउँछ । अवस्था हेरी विद्यार्थीलाई माया गर्ने र तर्साउने दुवै विषयमा परि पक्व थियो प्रशासन । १ जना शिक्षकले उनीजस्तो प्राचार्यबाट धेरै कुरा सिक्न सक्छ । शिक्षकलाई सेवासुविधा दिने र दिएअनुसार नतिजाको अपेक्षा गर्ने उनको स्वभाव अनुकरणीय लाग्छ ।

मैले भाषा शिक्षण गर्दा अपनाएको खेलशैली उनकै देन हो । 'भाषाः सिकाइ सिप र सिर्जना'-२०५३, पुस्तक मैले यसै विद्यालयमा सिकेको अनुभव-अनुभूतिको परिणाम हो । नेपाली कुन अक्षर कसरी लेख्ने ? कुन अक्षरको संरचना कस्तो हुन्छ भनेर अक्षर ढाँचाको व्याख्या गर्न मैले यहीँ पढाउँदै सिक्दै गरेको हुँ । परिणाम स्वरूप सजिलो शिक्षणविधिको खोजी र बालसाहित्य सिर्जना गर्ने उर्जा पनि मलाई यहीँबाट मिलेको हो ।

सम्झना ताजै छ आज पनि-एक दिन कक्षा ८ का विद्यार्थीहरूको गृहकार्य जाँच्दै थिएँ । १ जना छात्राको कापीमा अक्षर राम्रा बनाऊ भनेर निर्देशनात्मक वाक्य लेखेँ । यो वाक्य पढेर ती छात्रा दुःखी भइन् । उनले भनिन्-'सरले अक्षर राम्रा बनाऊ, अक्षर राम्रा बनाऊ भन्नुहुन्छ तर कसरी राम्रा बनाउने ? सिकाउनुहुन्न ।' उनको भनाइले मलाई रन्थन्यायो । झन्डै मैले उनीसँग प्रतिवाद गरिनँ । म शिक्षक, विद्यार्थी मुख लाग्ने ? मेरो सोचाइ त्यतातिर गएन, गएको भए...!

मैले अक्षरको संरचना १ २ ३ कक्षातिरै सिक्छन् । मैले त किताबका कुरा पढाउने हो, अक्षरको बनोट सिकाउनु पर्दैन भन्ने बुझेको रहेछु तर त्यस घडीमा सिकाइक्रम निरन्तर भइरहने विषय हो भन्ने सम्झेर नेपाली अक्षर संरचना र लेखाइ ढाँचाबारे खोजीनिती गरेँ र विद्यार्थीलाई पनि बुझाउने प्रयास गरेँ । उनले पनि मेरो सल्लाह अनुसरण गरिन् । उनी यो घटना घटेको ३०/३५ दिनपछि भएको अन्तरविद्यालय स्तरीय हस्तलेखन प्रतियोगितामा ८०० विद्यार्थीबिच प्रथम भइन् । त्यो थियो उनीसँगै म पनि खुसी भएको क्षण ।

हाम्रा पूर्वजले बनाएको ताप्के नताती बेंड तात्दैन भन्ने भनाइ साँच्चै अनुभवको आगोले खारेर व्यवहारको हतौडाले पिटेको परिपक्व रहेछ । हामी शिक्षकले पढाउनुभन्दा बढी पढ्नु पर्ने रहेछ विद्यार्थीसित पढिनु असल शिक्षकको परिचय बन्ने रहेछ । यो मैले त्यसै बेला अनुभूत गरेको तथ्य हो । आज पनि विद्यार्थीसित सिक्ने अभ्यासमै छु । प्रिय लाग्छ सिकाइ कर्म । ◆◆◆

## गीत



✍ **उर्मिला पन्त पाण्डेय**

प्रकृतिको अनमोल बरदान हो जीवन
सकुसल सुन्दर कोमल ज्यान हो जीवन

माता पिता र गुरुजनको सम्मान बढाऔँ
सामाजिक सुरक्षाको राम्ररी ध्यान जगाऔँ
एक आपसमा मिली सहयोग गर्ने गरौँ
सानालाई माया ठूलामा सम्मान गर्ने गरौँ

प्रकृतिको अनमोल बरदान हो जीवन
सकुसल सुन्दर कोमल ज्यान हो जीवन

हटेर होइन डटेर सामना गर्न सिकौँ
हरेक पल अगाडि बढने हौसला राखौँ
मनमा सदा प्रयत्नशील भाव राख्ने गरौँ
प्रयत्नशील भाव नै अगाडि बढ्ने सिँढी हो

प्रकृतिको अनमोल वरदान हो जीवन
सकुसल सुन्दर कोमल ज्यान हो जीवन

# मानव जीवन र अपेक्षाका चाङहरू

मानव जीवन के हो ? प्रश्न सुन्दा अति सरल लागे पनि यसको जवाफ जटिल छ। अर्कोतर्फ यसको जवाफ आध्यात्मिक वा वैज्ञानिक दृष्टिकोणले पृथक-पृथक हुन सक्छ । सामान्य मान्छेले पनि यसको उत्तर दिन सक्छ, जुन बेठिक पनि हुँदैन । तर विशिष्ट अनुसन्धान र खोजबाट अर्थात् कुनै तपस्याबाट जीवनको गहिराइमा पुगेर गरिएको जीवनको परिभाषा भने निकै फरक हुन जान्छ।

आध्यात्मिक गुरु र विचारकका रूपमा परिचित खप्तड बाबाले भन्नुभएको छ, 'तपाईं जुन विचार गर्नुहुन्छ, त्यसै अनुरूप जीवन बन्छ । विचार बदल्नाले जीवन बदलिन्छ ।' उहाले विज्ञान, योग र व्यवहारलाई एकत्रित गर्दै विचारलाई परिवर्तन गरेर जीवन परिवर्तन गर्न सकिन्छ भन्नुभएको छ।

तै पनि मान्छेले आ-आफ्नो जीवनलाई आ-आफ्नै तरिकाले बुझिरहेका हुन्छन् । महसुस गरिरहेका हुन्छन् । कसैले जीवनलाई बोझ ठान्लान्, कसैले उमङ्ग ठान्लान् । जसले जे ठाने पनि आखिर जीवनलाई माया नगर्ने मानव विरलै हुन्छन् । तर पनि समय, परिस्थिति र आवश्यकताअनुसार मान्छेले आफ्नो



✍ **घनबहादुर थापा**

विचारलाई परिवर्तन गरेर जीवन परिवर्तन गर्न चाहेको जस्तो देखिँदैन ।

जीवन र जगत एकअर्काका परिपुरक हुन् । यीसँग अरु थुप्रै भौतिक अभौतिक वस्तु जोडिन्छन् । यिनैले मानव जीवनलाई जन्मदेखि मृत्युसम्म प्रभाव पार्दछन् । मृत्युपश्चात के हुन्छ ? त्यो सामान्य खोजीको विषय पक्कै होइन । जीवनसँग जोडिएका यी तत्वहरूले नै मानव जीवनको सार्थकता प्रमाणित गर्दछन् ।

हो, मानव जीवन जे भए पनि जीवनका अपेक्षाहरू भने वृहत् छन् । नदेखिएर मात्रै हो, मानवीय अपेक्षाहरू बादल नलागेको बेला देखिने निलो आकाशझैँ फैलिएका छन् । ती चाङहरू सबैका आकाशको रङझैँ निलै छन् । तीमध्ये कसैले सूर्यझैँ चम्किला फल प्राप्त गर्दछन् । कसैले चन्द्रमा जस्तै शितल, शान्त र सौम्य उद्देश्य हासिल गर्दछन् । केही बढीले ताराजस्तै तिलमिल प्रतिफलमा नै

चित्त बुझाउँछन् । बाँकीको भागमा केवल निलो आकाश मात्रै पर्दछ। कहिले बादलले टम्म ढाकिएको उराठलाग्दो मौसम त कहिले सफा सुन्दर आकाश फेला पर्दछ।

साङ्केतिक वर्णन झिँजोयुक्त हुन्छ । सिधैँ भन्दा मान्छेका अपेक्षाका चाङलाई लोभ, माया र मोहले प्रभाव पार्दछ । लोभको चाङ मान्छेभित्र यति फैलिएको हुन्छ कि, उसले चाहेर पनि त्यसको विरुद्धमा उभिनै सक्तैन। यो सामान्य व्यक्तिदेखि विशिष्ट व्यक्तिसम्म लागु हुन्छ नै । यसको व्यावहारिक पक्ष पनि त्यति नै कमजोर हुन्छ। जसले लोकलाजको समेत वास्ता गर्दैन। जब सञ्चार माध्यममा यसको परिणाम छताछुल्ल हुन जान्छ । फलतः केही पछुताउँछन् । तर सम्पूर्ण रूपमा भने लोभको छायाँबाट मान्छे पृथक हुनै सक्तैन। यसलाई विश्व इतिहासले सुनौलो अक्षरले लेखेको सत्य मान्न सकिन्छ।

वास्तवमा अपेक्षा मानवीय गुण पनि हो । जसले उसको आर्थिक एवम् सामाजिक रूपमा सबल र सक्षम हुन मद्धत पुऱ्याउँछ भने व्यक्तित्व विकासमा टेवा समेत पुऱ्याउँछ । तथापि वर्तमान युगमा अपेक्षाका कारण विकृति विसङ्गतिले प्रसय पाएका उदाहरण यथेष्ट छन् । कुनै एक व्यक्तिको अस्वाभाविक अपेक्षाका कारण अरु धेरै जना वा राष्ट्रलाई नै क्षति पुगेका घटना हाम्रै सामु छन् ।

भन्ने गरिन्छ, जनअपेक्षाअनुसार राज्य र तिनका निकायले काम गर्नुपर्छ। हो, वास्तवमै यो कुरा सत्य हो । तर प्रश्न चिन्ह यहाँनेर खडा हुन्छ कि के राज्य र त्यसका निकायले जनअपेक्षाअनुसार काम गरेका छन् त ? सरकारी निकायका कर्मचारीले छातीमा हात राखेर भन्न सक्नुपर्छ, कि राज्य र आफ्नो संघ, संगठन वा कार्यालयको नीति निर्देशनबमोजिम हामी काम गरेका छौं कि छैनौं ? तर लाग्छ, अपेक्षाअनुसार त गरिएको होला तर कसको ? प्रश्न गम्भीर छ । यो सवालमा आम नागरिक, सेवाग्राहीले कस्तो नजरले हेरिरहेका छन् ? अगाडि त प्रशंसा गर्नै पर्‍यो तर आपसमा अनौपचारिक रूपमा कस्तो भावना व्यक्त गरिरहेका छन् ? बुझ्नु जरूरी छ।

एउटा व्यक्तिले आफू बालक हुँदा कहिले ठूलो मान्छे हुने होला। तल्लो कक्षामा पढ्दा माथिल्लो कक्षामा कहिले पुग्ने होला । सानो तहमा जागिर खाँदा माथिल्लो तहमा कहिले पुग्ने अनि थोरै सम्पत्ति हुँदा कहिले धेरै कमाउने अपेक्षा राख्छ। त्यो अपेक्षा बढ्दै जान्छ। समय र सञ्चयका कारण मानिसको आम्दानी र बचतमा वृद्धि पनि हुन्छ। तर जति वृद्धि भए पनि उसको अझै बढी कमाउने अपेक्षामा कमी आउँदैन । उदाहरण हाम्रै समाजमा यथेष्ट छन् । विश्व परिवेशमा नजर लगाए पनि बग्रेल्ती उदाहरण पाउन सकिन्छ। केही

कम र बढी मात्रै हो । जुन हाम्रै आँखा अगाडि ठिङ्ग उभिएका छन् ।

अरु सबै वस्तुका चाङहरू खपत गरे घट्दै जान्छन् । तर अपेक्षाका चाङहरू भने बढ्दै जान्छन् । महाभारतका कुरा गरौं वा महादेवका, सबै ठाउँ र समयमा अस्वाभाविक अपेक्षाकै कारण युद्ध भएका पौराणिक कथनहरू छन्, कथाहरू छन् । राम राज्यमासमेत रावणको सीता पाउने अस्वाभाविक अपेक्षाका कारण युद्ध भयो रे ! पत्याउँ वा नपत्याउँ विविध समयमा पृथक पात्रका अस्वाभाविक अपेक्षाकै कारण समाज बिथोलिएको छ । विश्व युद्ध भएका छन् । तेरो र मेरो भन्ने घमण्ड स्थापित भएको छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले भनेका थिए, 'जीवन दुःखपूर्ण छ जहाँ आँसु पिएर बाँच्नु पर्छ ।' त्यसो भन्दैमा जीवन सुखी बनाउन धनको मात्र अपेक्षा गर्नु गलत हो । अस्वाभाविक अपेक्षाको चाङ थुपार्नु राम्रो हुँदै होइन । त्यसैले 'मानिसले अस्वाभाविक अपेक्षा गर्नु व्यर्थ छ' भन्ने भनाइ जीवनको यथार्थसँग जोडिएको सत्य हो । अस्वाभाविक अपेक्षा भनेको आफ्नो क्षमता, परिस्थिति र समयको सीमालाई नबुझी अत्यधिक चाहना राख्नु हो । यस्ता अपेक्षाले प्रायः निराशा, तनाव र असन्तोष जन्माउँछन्, किनकि संसार हाम्रो इच्छाअनुसार मात्र चल्दैन । जब परिणाम सोचेजस्तो हुँदैन, आत्मविश्वास कमजोर बन्छ र सम्बन्धहरूमा पनि दरार आउन सक्छ । त्यसैले अपेक्षा नगर्नु भनेको निष्क्रिय बस्नु होइन, बरु यथार्थ बुझेर परिश्रममा केन्द्रित हुनु हो । आफ्नो कर्तव्य इमानदारीपूर्वक निभाउँदै, परिणामलाई स्वीकार गर्ने मनोवृत्ति अपनाउनु नै बुद्धिमानी हो । यथार्थपरक सोच, धैर्य र आत्मविश्वासले मात्र जीवनलाई सन्तुलित र सफल बनाउँछ । ♦

## गजल



✍ **प्र.ज.मस्त पुन मगर**

दुःखसँग फुल्न खुसीलाई मञ्जुर हुनु छ ।
हेर साँच्चै हरेकलाई आफू बहादुर हुनु छ ।

आँखा बन्द गरी छातीमा कुद्छन् वैरीहरू
भुल्छन् कि कतै यो चलन समधुर हुनु छ ।

बस्न रहर छ तिम्रो सिउँदोमा कि अधरमा
बाँचुन्जेल हरपल जिन्दगीमा इँगुर हुनु छ ।

सबैबाट एक्लो हुनु रहेछ केही नहुनु पनि
म शून्यतामा पनि शून्यको भरपुर हुनु छ ।

सबै भरपाई चलान गरियो अब रित्तै भइयो
यो आफ्नाको मन राख्न आफै दस्तुर हुनु छ ।

नियात्रा

# फर्किंदा पनि नसकिएको यात्रा



✍ मुरारीराज मिश्र

यात्रामा जाने तानाबाना बुनिदै थियो । अनायास मनले प्रश्न गऱ्यो "तँ यात्रा किन गर्छस् ? प्रकृतिलाई नजिकैबाट नियाल्न ? ईश्वर भेट्न ? कि आफूलाई आफूले नियाल्न ?"

यात्रालाई कहिल्यै यसरी गहिरिएर नसोचेको म, आफ्नै मनले सोधेको प्रश्न सुनेर झस्किएँ ! सोच्न लागें "साँच्चै, म किन घर छोडेर समयसमयमा यात्रामा निस्कन्छु ? मेरो यात्राको उद्देश्य के हो ? यात्राले मलाई बोलाउँछ कि म नै यात्रामा गइरहेको हुन्छु ? यात्राबाट मैले के पाउँछु ? के गुमाउँछु ? मनमा यस्तै-यस्तै प्रश्नहरूको लाइन लाग्छ । यसअघिका यात्रा अगाडि, मनमा यस्ता भावनाहरूको कम्पन आएका थिएनन् तर आज भने स्पष्टै महसुस गरिरहेको थिएँ ।

यात्राको प्रत्येक पाइला, मनको एउटा तह खोलिँदै जाने प्रक्रिया जस्तै लाग्छ मलाई ! "जीवन पनि यस्तै हैन र ? कहिले अघि बढ्छ कहिले रोकिन्छ, फेरि बढ्छ । कहिले उफ्रिन्छ कहिले शान्त हुन्छ ।" मनले फेरि प्रश्न गर्छ ।

यात्रा सधैं नयाँ ठाउँको मात्रै हुँदैन । कहिले रहरले त कहिले करले पनि यात्रामा जानुपर्ने हुन्छ । पहिले पुगेका स्थानमा पनि पटकपटक गइन्छ । नयाँ ठाउँ होस् वा पुगिसकेका ठाउँ होस् जहाँ पुगे पनि यात्राले भने नौलो अनुभूति र उर्जा थप्छ । पट्यार लाग्दो एकनासे दैनिकीबाट केही दिनमात्रै भएपनि मुक्त भएर स्वच्छन्दतापूर्वक रमाउने अवसर दिन्छ । मनभित्र आत्मिक शान्तिको आभास गराउँछ । यथार्थताको अनुभूति, फरक अनुभव, ज्ञान र आनन्द प्राप्ति गर्ने उपयुक्त माध्यम यात्रा भएकोले, शायद यिनै कुराहरूको प्राप्तिका लागि म यात्रामा निस्कन्छु !

यस पटकको यात्रा, एउटा बाहेक पहिले पुगिसकेका ठाउँहरूको थियो । छाब्दी बाराही, ढोर बाराही, व्यास गुफा, देवघाट धाम, त्रिवेणी र गजेन्द्रमोक्ष पहिले पनि पटकपटक पुगिएको स्थानमा पर्दथे भने त्रिवेणी पारीको वाल्मीकि आश्रम भने पुग्न बाँकी थियो । तीनदिने यात्राको निर्धारित गन्तव्य यिनै स्थानहरू थिए । नयाँ स्थानमा जानुपूर्व कौतुहलता हुनु स्वाभाविकै

भए पनि पुगिसकेको ठाउँमा पुनः पुग्दा हुने रोमाञ्चकता भने बेग्लै हुन्छ।

झिसमिसेमै यात्रा सुरू गर्नुपर्ने कार्यक्रम थियो। २०८२ कात्तिक २४ गते बिहान निन्द्रा नपुग्दै अर्लामको घण्टीले ब्यूँझायो । नित्य कर्म सकेर चिया-सातु खाएर तैयार भइयो । यात्रामा सकभर हलुका भएर हिँड्नु पर्छ भन्ने मान्यता छ मेरो । त्यसैले लुगाफाटो धेरै बोकिएन । दैनिक आवश्यकताका सामग्री र औषधी बाहेकका सामान नभएकाले झोला हलुकै थियो। चौबीसजनाको टोली लिएर हामी चढेको बस अघि बढ्यो।

यात्रामा अगाडि बढ्दै जाँदा गाडीको झ्यालबाट देखिने सडकका मोड, हरिया बुट्यान, सलल बग्ने हावा, टाढा देखिने ठिङ्ग उभिएका पहाड आदिका दृश्यले मनलाई आनन्द दिन्छ। हावाको हल्का स्पर्शले रूखका हाँगामा नाचिरहेका पातले हामीलाई पुराना चिनारू जस्तै स्वागत गरिरहेका भान हुन्छ।

बिचमा चियाको लागि रोकिन्छौं । छाब्दी बाराहीमा पुगेर बिहानको खाना खाने योजना थियो। त्यहाँ पुगेपछि हामी मन्दिरतर्फ लाग्छौं। यात्रा व्यवस्थापन टोली भने खाना पकाउने तरखरमा लाग्छ।

मन्दिरमा भिडभाड थियो । हातमा पूजासामान बोकेका भक्तजनहरू कोही मौन त कोही मन्त्र जप्दै थिए । कोही उत्साहले वरिपरि निहार्दै थिए । मनभित्र प्रश्न उठ्यो- तीर्थयात्रा मनको शान्ति खोज्न गरिन्छ कि शरीरलाई आनन्द दिन ? म मौन रहेँ ।

मन्दिरमा प्रवेश गर्न चाहनेरूको भिड देखिन्थ्यो। लाइन बसेका मानिसमा धैर्य, अधैर्य, आस्था, लाइन अघि नसरेकोमा क्षणिक क्रोध आदि सबै मानवीय स्वभाव देखिन्छ। म भने देवीको दर्शन गर्न आतुर दर्शनार्थीहरूको मुहार पढ्ने कोसिस गर्दैछु । सबैको एउटै लक्ष्य भए तापनि कामना फरक हुनु स्वाभाविकै हो! अनगिन्ती आशा लिएर आएका होलान् यिनीहरू ! माताले सबैको मनको चाहना पूरा गरून्, मेरो मनले कामना गर्छ।

मभन्दा अगाडि दर्शनको लागि पङ्क्तिमा रहेकी एक वृद्धाको खसेको झोला उठाएर दिन्छु। मतिर हेर्दै “बाबु, ईश्वरले कल्याण गरून्” भन्छिन् उनी । वृद्धाको आशीर्वचनले मन आल्हादित हुन्छ।

मन्दिर वरिपरि देखिने रङ्गीचङ्गी ध्वजापताका, फूल, प्रसाद, धूप-बत्ती आदिमा मानिसभित्रका आस्था प्रतिविम्बित भएझैं लाग्थ्यो। मन्दिरको घण्टीको ध्वनि पहाडभरि फैलिँदा सुनिने नाद कुनै मिठो संगीतभन्दा कम लाग्दैनथे । समय टक्क रोकिएजस्तो मन शान्त भयो । साँच्चै ‘यस्तो शान्ति किन सबैतिर भेटिन्न ?’ आफैंलाई प्रश्न गरेँ मैले।

"छाब्दी बाराही" माछाको पूजा गरिने नेपालकै सम्भवत एकमात्र मन्दिर हो ! यहाँ मगर समुदायका पुजारी छन् । यस मन्दिरको जलकुण्डमा सुनको टीका लगाएको माछा छ भन्ने जनविश्वास रहिआएको छ । औँसी, एकादशी र साउन महिनाभरि मन्दिर बन्द रहन्छ । उक्त समयमा देवि गुफा बस्न जाने मान्यता रहेको पाइन्छ । मन्दिरमा रहेकी देवीलाई अठार पुराणका रचयिता भगवान वेदव्यासको माताको रुपमा पूजा गर्ने गरिन्छ ।

दर्शन सकेर मन्दिरबाट तल झर्दा मौसम अलि तातिएको महसुस भयो । फर्किंदै गरेका मानिसहरूको अनुहार पहिले जस्तै सामान्य थियो । तर त्यसमा सन्तुष्टिको छाप देखिन्थ्यो । लाग्थ्यो, आफ्नो मनोकामना पूरा हुनेमा विश्वस्त थिए उनीहरू ! यात्राभर मनमा कसैले हेर्न नसक्ने, तर आफूले अनुभूत गर्ने अनेकौं उतार-चढाव आए गए ।

खाना खाएर दोस्रो गन्तव्यतर्फ बढियो । ढोरबाराही उक्लदैं गर्दा लठ्ठी टेकेर बिस्तारै हिँडिरहेका एक वृद्ध भेटिए । "गाह्रो भएजस्तो छ, एकछिन थकाइ मार्दै जानुस् न बुबा" मैले भने । "होइन बाबु, मनले आँटेपछि पाइलो छोटिन्छ । रोकिएपछि झन् गाह्रो हुन्छ, त्यसैले बिस्तारै हिँड्नुपर्छ !" उनको जवाफ आयो । मनमनै भनेँ, "यी यतिका धैर्यशाली, हामी भने किन सधैँ हतारोमा ?"

केही मिनेटको हिँडाइपछि मन्दिर पुगियो । "ढोर बाराही" भक्तहरूको मनोकामना पूरा गरिदिने देवीका रूपमा प्रख्यात छिन् । तत्कालीन चौबीसे राज्यमा पर्ने ढोर राज्यकी देवी भएकाले यस मन्दिरलाई ढोर बाराही भनिएको हो ! हिमवत्खण्ड पुराणमा समेत उल्लेख भएकाले ढोर बाराहीको स्थापना मध्यकालतिरै भएको मानिन्छ ।

लम्साल थरका पुजारी रहने यस मन्दिरमा रहेको कुण्डमा पहाडको खोँचबाट बेलाबेलामा आफैं पानी आउने र बग्ने गर्दछ, जसलाई दैवी शक्तिका रूपमा मानिने र लहरी छुट्ने भनिन्छ । लहरी चल्ने बेला माछाले संकेत पाउँछन् र उनीहरू पानीको मुखतिर थुप्रिन्छन् ।

यहाँबाट हामी सेती र मादी नदीको संगम स्थलका रहेको महर्षि व्यासको तपस्थल व्यास गुफा पुग्यौं । गुफा परिसर पुग्दा शरीर र मनमा भावनाहरूको अनौठो मिश्रण थियो । थकाइ पनि, आस्था पनि र कतै कुनै बिन्दुमा आफूलाई बुझ्न खोज्ने मानवीय इच्छा पनि ! केही वर्षअघि पुगेको ठाउँ उही हो, तर अब दृश्यहरू फरक लागे । त्यहाँ एउटा अपनत्व भेटियो । लाग्थ्यो, अब आँखाले होइन, मनैले हेर्न सिकिसक्यो !

मादी र सेती नदीको दोभानमा

रहेको “व्यास गुफा” महर्षि वेदव्यासको तपस्थल हो । यहाँ वेदव्यासको मूर्ति तथा शिव लगायतका देवताहरू स्थापना गरिएका छन् । ढुंगे ओडारमा रहेको यस स्थानमा आकाश तर्फ फर्किएको गुफा पनि छ। यहाँ पुग्दा मनमा अलौकिक आनन्दको अनुभूति हुन्छ।

शालिग्राम गर्भमा लिएर बग्ने कालीगण्डकी र त्रिशुली नदीको संगम स्थलमा पर्ने देवघाट धाममा पुगेर रात्रि विश्रामको कार्यक्रम अनुसार देवघाटमा बसाइको व्यवस्थापन भयो। समय समयमा पटकपटक देवघाट धाम पुगिन्छ । तर हरेकपटक पुग्दा मनमा बेग्लै उर्जा र उत्साह थपिएको भान हुन्छ।

भोलिपल्ट बिहानै देवघाटमा स्नान, दान, तर्पण र दर्शन पश्चात् भारतीय सीमासँग जोडिएको नवलपरासी जिल्लास्थित पवित्र धार्मिक क्षेत्र त्रिवेणी धामतर्फ बस हुँइकियो । भगवान् नारायण क्षीर सागरबाट निस्किएर पृथ्वीमा आउनु हुँदा यसै नदीमा बास बस्ने गर्नु भएकाले नारायणी नाम रहेको मानिने नारायणी नदीमा पूर्वतर्फबाट आएका पञ्चा र तमसा पनि भनिने पूर्णभद्रा र स्वर्णभद्रा नामका दुई साना नदी मिसिएको त्रिवेणी पुग्दा दिउँसो भइसकेको थियो।

यहाँ स्नान र दर्शनपछि आधा घण्टाको जलयात्रा र पैंतालीस मिनेटको जंगल यात्राबाट पुगिएको रामायणकालीन लवकुस जन्मस्थल वाल्मीकि आश्रमको अवलोकन रोचक र अविस्मरणीय रह्यो । वारि आएर गजेन्द्रमोक्षको दर्शन गरेर बसाइको लागि निर्धारित होटेल पुग्यौं।

यसपटकको हाम्रो यात्रा कार्यक्रम यति नै थियो । निर्धारित गन्तव्य पूरा भए तापनि मन भने फर्कन मानिरहेको थिएन । मैले महसुस गरेँ, तीनदिनको यात्राले मलाई प्रकृतिको साधिन्यता दिलायो। उकुसमुकुसको दैनिक जीवनमा सन्तुलन सिकायो । भेटिएका मानिसहरूको व्यवहारले धैर्य सिकायो । र, भूगोलले मनभित्र यात्राको नक्सा पुनः कोर्न सिकायो।

घर नजिकिँदै जाँदा, आफ्नै गाउँठाउँको बास्ना, आफ्नै वातावरण, आफ्नाहरूसँगको भेटघाट र सामीप्यताको महसुस गर्छ मनले। हामी समूहका चौबिस यात्रुहरू एकएक गर्दै आफ्नो गन्तव्यमा ओर्लन्छौं । रित्तो गाडी हामीलाई छोडेर बेहुली अन्माएको घर झैं रित्तो फर्कन्छ।

यो पटकको भ्रमण सकियो तर सम्पूर्ण यात्रा पूरा भएको छैन। यी चलिरहने यात्राहरू त अन्तर्मनमा चल्ने दीर्घयात्राका एउटा छोटो अध्याय मात्रै त हुन्। यात्राको कहिल्यै अन्त्य हुँदैन। शायद त्यसैले होला, घर फर्किए पनि मन भने निरन्तर हिँडिरहेकै थियो। ◆◆◆

# नेपाल प्रहरीमा समावेशीकरणको वर्तमान अवस्था



✍ प्र.नि.मन्दिप चौहान

## १. पृष्ठभूमि

समावेशीकरण (Inclusion) भनेको राज्य, समाज र सार्वजनिक संस्थाहरूको मूल प्रवाहबाट ऐतिहासिक रूपमा पछाडि परेका वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदाय जस्ता कम प्रतिनिधित्व भएका समूहहरूलाई अर्थपूर्ण पहुँच, प्रतिनिधित्व, अवसर, राज्यको स्रोत तथा शक्तिको न्यायोचित हिस्सेदारी सुनिश्चित गर्ने प्रक्रिया हो ।

यसले समाजमा विद्यमान विविधतालाई प्रतिनिधित्व मार्फत निर्णय प्रक्रिया र शासन प्रणालीमा सीमान्तकृत समूहका फरक दृष्टिकोण र अनुभवलाई समेट्ने कार्यलाई समेत बुझाउँछ । साझा शासनको अवधारणाको रूपमा शासन प्रणालीका विभिन्न अङ्गहरूमा सबैको प्रतिनिधित्व सुनिश्चित गर्दै सारभूत समानता कायम गर्ने लक्ष्य राखेको समावेशी प्रणालीले राज्यको सुरक्षा संयन्त्र, विशेषगरी प्रहरीमा समेत समावेशीकरणको अभ्यासले सामुदायिक सम्बन्ध सुधार गर्न, समस्या समाधानमा नवीनता ल्याउन र सांस्कृतिक रूपमा रहेको विविधतालाई आत्मसात गरी प्रहरी कर्मचारीहरूको दक्षता बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसरी समावेशीकरणलाई शक्ति, स्रोत र अवसरको न्यायोचित बाँडफाँटका रूपमा लोकतान्त्रिक आधारको रूपमा लिन सकिन्छ ।

प्रहरी राज्यको सबैभन्दा बढी प्रत्यक्ष देखिने सुरक्षा संयन्त्र भएकोले प्रहरी संगठनको सन्दर्भमा समावेशीकरण अझ बढी महत्वपूर्ण हुन्छ । प्रहरी संगठनमा समाजको विविधता प्रतिविम्बित भएन भने नागरिकको विश्वास घट्न सक्ने, सेवा प्रवाहमा पूर्वाग्रह वा अविश्वास पैदा हुने र विशेषगरी महिला, दलित, मधेसी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत समूह न्याय र सुरक्षा पाउनबाट हतोत्साहित हुन सक्छन् । त्यसैले समावेशीकरणको अभ्यास प्रहरी सेवाको नैतिक वैधता, व्यावसायिक क्षमता र जनविश्वाससँग गाँसिएको विषयको रूपमा रहेको हुन्छ ।

ऐतिहासिक विकासक्रमलाई हेर्दा सन् १९९७ मा ग्रीक दार्शनिक

टाकिस फोटोपाउलसले आफ्नो कृति टुवार्ड एन इनक्लुसिभ डेमोक्रेसी मार्फत समावेशीकरण शब्दलाई लोकतन्त्रसँग जोडेको देखिन्छ । विश्वव्यापी रूपमा सीमान्तकृत वर्गको अधिकार र प्रतिनिधित्वको आवाज उठ्न थाले पछि यस अवधारणाले नीतिगत रूपमा प्रवेश पाएको थियो । राज्यका संयन्त्रहरू जबसम्म समाजको वास्तविक ऐना बन्न सक्दैनन् तबसम्म नागरिकले राज्यसत्ताप्रति अपनत्व महसुस गर्न सक्दैनन् भन्ने मान्यताका आधारमा समावेशीकरणको आधुनिक अभ्यास सुरू भएको पाइन्छ । आधुनिक अर्थमा समावेशीकरणको अवधारणा विश्वव्यापी रूपमा मानव अधिकार, लोकतन्त्र, समानता, नागरिक अधिकार सम्बन्धी आन्दोलन, महिला अधिकार सम्बन्धी आन्दोलन र सकारात्मक विभेदसम्बन्धी बहससँगै अगाडि बढेको देखिन्छ ।

नेपालमा समावेशीकरणको आवाज वि.सं. २०४६ सालपछि सुनिन थाले पनि यसले स्पष्ट राजनीतिक र संस्थागत रूप २०६२/०६३ को जनआन्दोलनपछि पाएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले समानुपातिक प्रतिनिधित्वलाई औपचारिक आधार दिएपछि समावेशीकरण राज्य सञ्चालनको प्रमुख सिद्धान्तका रूपमा स्थापित भएको देखिन्छ । यही विषय पछि निजामती सेवा, नेपाल प्रहरी, नेपाली सेना लगायतका संस्थाहरूमा आरक्षण र समानुपातिक पहुँचको नीतिमा रूपान्तरित भएको हो ।

## २. **विश्वव्यापी तथा क्षेत्रीय परिवेश**

प्रहरी संगठनमा समावेशीकरणको आधुनिक अभ्यास सामुदायिक प्रहरीको अवधारणाको विकाससँगै सुरू भएको देखिन्छ । विगतमा प्रहरी सेवालाई राज्यको शक्ति प्रदर्शन, गैर कानूनी कार्यमा संलग्नलाई नियन्त्रण गर्ने तथा बल प्रयोग गर्ने संस्थाका रूपमा हेरिन्थ्यो तर जब प्रहरी सेवामा प्रोएक्टिभ शैलीको सामुदायिक प्रहरीतर्फ रूपान्तरण भयो तब पछिल्ला दशकमा प्रहरीले समुदायसँग सहकार्य गर्ने, सेवाग्राहीको आवश्यकताका आधारमा विशिष्टीकृत सेवा दिने र अपराधलाई रोकथाममुखी ढंगले सम्बोधन गर्ने संस्थाको रूप लिन थालेपछि भने संगठनभित्र विविधता र समावेशीकरण अपरिहार्य बनेको हो ।

प्रहरी संगठनमा समावेशीकरणको औपचारिक अभ्यासको सुरूवात मुख्यतः पश्चिमी लोकतान्त्रिक देशहरूबाट भएको मानिन्छ । अमेरिका र बेलायतमा नागरिक अधिकार आन्दोलनपछि प्रहरीमा महिला तथा अल्पसंख्यक समुदायलाई सहभागी गराउनुपर्ने माग उठ्यो । सन् १९७२ मा अमेरिकाको 'इक्वल एम्प्लोयमेन्ट अपर्च्युनिटी' कानुनले

प्रहरी संगठनहरूमा भेदभावरहित भर्नाको आधार बनेको थियो। त्यसपश्चात् समुदाय प्रहरीको अवधारणाले प्रहरी संगठनमा विविधताको महत्वलाई थप टेवा पुर्याएको देखिन्छ । हाल विश्वका अधिकांश विकसित र विकासोन्मुख देशहरूले आफ्ना प्रहरी संगठनलाई समावेशी बनाउन विभिन्न कानुनी र रणनीतिक कार्यक्रमहरू लागु गरेको देखिन्छ।

बेलायतमा मार्च २०२५ सम्मको तथ्याङ्क अनुसार ३६.१ प्रतिशत महिला प्रहरी र ८.५ प्रतिशत जातीय अल्पसंख्यक प्रहरी कर्मचारी रहेको देखिन्छ ।[१] यो प्रगतिलाई दीर्घकालीन विधायिकी सोचका साथ तर्जुमा गरीएको Race Relations Act, १९६५ र Equality Act, २०१० को प्रभावकारी कार्यान्वयन, पारदर्शी जनशक्ति व्यवस्थापन र प्रतिनिधित्वमूलक प्रहरीका लागि निरन्तर सार्वजनिक अभियानको परिणामको रूपमा लिन सकिन्छ।

दक्षिण एसियाली सन्दर्भको केही उदाहरण हेर्दा भारतले केन्द्रीय प्रहरीमा महिलाका लागि ३३ प्रतिशत आरक्षणको औपचारिक लक्ष्य निर्धारण गरेको भए पनि सन् २०२३ सम्म वास्तविक महिला प्रतिनिधित्व करिब ११.७ प्रतिशतमा सीमित रहेको थियो । महिलाहरू प्रायः आधारभूत दर्जाका पदहरूमा सिमित भएको र कसुरको अनुसन्धान र फिल्ड तहको नेतृत्वदायी भूमिकामा नगण्य उपस्थिति पाइन्छ । यसबाट संख्यात्मक कोटाले (आरक्षण) मात्र नभई संस्थागत कार्यविधि परिमार्जन गर्नुपर्ने आवश्यकता देखिन्छ।[२]

यसबाट औपचारिक नीति समावेशी प्रहरीको लागी आवश्यक पूर्वशर्त रहेको र दिगो प्रतिनिधित्व सुनिश्चित गर्न पदोन्नति संरचना, कार्यस्थलको संस्कृति, प्रहरी परिचालनमा जिम्मेवारी वितरण र संस्थागत जवाफदेहिता जस्ता संयन्त्रको सुधार अपरिहार्य रहेको देखिन्छ।

### ३. नेपालको परिवेशमा समावेशीकरण

नेपालमा समावेशीकरणको प्रवेश राजनीतिक आन्दोलन, पहिचानको प्रश्न, सामाजिक न्यायको माग र राज्य पुनर्संरचनासँग सम्बन्धित रहेको थियो । वि.सं. २०४६ सालपछि यसको चर्चा बढे पनि २०६२/०६३ को जनआन्दोलनपछि मात्र यसले राजनीतिक रूप लिएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले समानुपातिक प्रतिनिधित्वलाई औपचारिक आधार दिएर राज्यका संरचनामा बहिष्कृत समुदायको उपस्थिति सुनिश्चित गर्ने

१. GOV.UK (2022). Police workforce data and news release regarding female police officers in England and Wales.

२. Regional Studies / Accountability Lab (2024). Police Organizations in South Asia

दिशामा मार्ग प्रशस्त गरेको थियो ।

नेपालको संविधान, २०७२ को प्रस्तावनालेनै बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र विविधतायुक्त राष्ट्रको स्वीकारोक्ति गरेको छ । धारा १८ ले समानताको हक र सकारात्मक विभेदको आधार दिएको छ। धारा ४२ ले सामाजिक न्यायको हक, धारा ४३ ले सामाजिक सुरक्षाको हक र धारा २८५ ले सरकारी सेवालाई समावेशी बनाउनु पर्ने उल्लेख गरेको छ। त्यसैले नेपालमा समावेशीकरण संवैधानिक दायित्व बनेको देखिन्छ। यिनै संवैधानिक आधारले नेपाल प्रहरी, नेपाली सेना, निजामती सेवा लगायतका संस्थामा समावेशी भर्ना र प्रतिनिधित्वको व्यवस्था गरेको हो ।

त्यसैगरी सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४, विभिन्न सेवा-सम्बन्धी ऐनहरू, आरक्षणसम्बन्धी नीति र संवैधानिक आयोगहरूको स्थापना पनि समावेशीकरणलाई संस्थागत बनाउने कानुनी आधार हुन्। समावेशीकरण पश्चात राज्यका विभिन्न संरचनामा महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा पिछडिएका क्षेत्रका व्यक्तिहरूको पहुँच बढेको छ।

यद्यपी आरक्षणको लाभ वास्तविक सीमान्तकृत समुदायभन्दा समुदायभित्रकै सक्षम वा सम्भ्रान्त व्यक्तिले बढी लिएको, योग्यता र समावेशीकरणबीच अन्तरसम्बन्ध सम्बन्धी पुनरावलोकन गर्नुपर्ने बहस पनि देख्न सकिन्छ।

**४. नेपाल प्रहरीमा समावेशीकरण**

नेपाल प्रहरीमा समावेशीकरणको संस्थागत यात्रा प्रहरी नियमावली, २०४९ जारी भएपश्चातसँगै आरम्भ भएको देखिन्छ। यद्यपि निर्णायक रूपमा नियमावलीको १२औँ संशोधन पश्चात वि.सं. २०६४ सालबाट नेपाल प्रहरीको भर्नामा महिला, जनजाति, मधेसी, दलित र पिछडिएको क्षेत्रका उम्मेदवारलाई आरक्षण दिने व्यवस्था गरिएकोले यसलाई प्रहरीमा समावेशीकरण संस्थागत हुनुको औपचारिक सुरूवात मान्न सकिन्छ।

हाल कार्यान्वयनमा रहेको प्रहरी नियमावली, २०७१ परिच्छेद ३ को नियम ९ मा पदपूर्ति सम्बन्धी व्यवस्था गरिएको छ। नियम ९(५) मा प्रहरी सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालिस प्रतिशत पद समावेशी प्रतिस्पर्धाका लागि छुट्याइने विषय उल्लेख भएको पाइन्छ । उक्त पैंतालिस प्रतिशतलाई नै शतप्रतिशत मानी महिला २० प्रतिशत, आदिवासी/जनजाति ३२ प्रतिशत, मधेसी २८ प्रतिशत, दलित १५ प्रतिशत र पिछडिएको क्षेत्र (अछाम,

३. प्रहरी नियमावली, २०७१

कालीकोट, जाजारकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला) ५ प्रतिशत छुट्टाछुट्टै प्रतिस्पर्धा कायम गरी पद पूर्ति गरिने उल्लेख गरिएको छ।[३]

नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभागका अनुसार २०८२ चैत २० गतेको तथ्याङ्क अनुसार नेपाल प्रहरीमा हाल ७५३३८ जना प्रहरी कर्मचारी कार्यरत रहेका छन् । यसैगरी कुल कार्यरत प्रहरी कर्मचारीमध्ये समावेशी समूह अन्तर्गत सबैभन्दा बढी आदिवासी/जनाजाति समूहका २२४७६ (३०%) रहेको देखिन्छ । यसपश्चात क्रमशः कार्यरत मध्ये ९८६८ जना (१३%) महिला प्रहरी कर्मचारी, मधेशी १३%, दलित ११% र पिछडिएको क्षेत्रका ६% नेपाल प्रहरीमा सेवारत रहेका छन् । यसरी समावेशी समूह अन्तर्गत पर्ने समूहको ७४% (५५३७४ जना) प्रहरी कर्मचारीहरू हाल सेवामा बहाल रहेको देखिन्छ।

यसरी संवैधानिक परिप्रेक्ष्यमा हेर्दा नेपाल प्रहरीमा समावेशी पद पूर्ति हुने व्यवस्थाले मुख्यतः महिला, आदिवासी/जनजाति, मधेसी, दलित र पिछडिएको क्षेत्रलाई सामाजिक न्याय, क्षेत्रीय प्रतिनिधित्व, लैङ्गिक सन्तुलन, सांस्कृतिक संवेदनशीलता र राज्य प्रणालीमा ऐतिहासिक रूपमा कम प्रतिनिधित्व भएका समूहको पहुँच विस्तार भएको देखिन्छ।

यसैगरी कार्यगत रूपमा समावेशीकरणको अभ्यास नेपाल प्रहरीमा कार्यान्वयन भइरहेको छ । हाल नेपाल प्रहरीको २६० वटा प्रहरी एकाइमार्फत महिला बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी विशिष्टिकृत प्रहरी सेवा प्रवाह भइरहेको छ। यसैगरी दलित समुदायसँग सम्बन्धी घटनाको थप प्रभावकारी सेवा प्रदान गर्ने उद्धेश्यले नेपाल प्रहरीको विभिन्न तहको कार्यालयमा गरी २५५ वटा दलित डेस्क सञ्चालनमा रहेको छ।

## ५. निष्कर्ष

नेपाल प्रहरीमा समावेशीकरणको कार्यान्वयन निरन्तर भइरहेको छ। संवैधानिक र कानुनी आधारमा समावेशीकरणको व्यवस्थाले प्रहरी संगठनलाई अझ बढी प्रतिनिधिमूलक, विश्वसनीय र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ । विश्वव्यापी र क्षेत्रीय सन्दर्भमा हेर्दा समावेशी प्रहरी संगठनहरूले बढी प्रभावकारी रूपमा समुदायको सेवा गर्न सक्ने, अपराध नियन्त्रणमा सफल हुने र नागरिकको विश्वास जित्न सक्षम हुने पाइन्छ।

नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधताले भरिएको देशमा अझ बढी सान्दर्भिक रहेको छ । समावेशीताको

क्षेत्रमा महिला प्रहरीको संख्यामा निरन्तर वृद्धि, विभिन्न जातीय तथा भौगोलिक समुदायहरूको उल्लेखनीय प्रतिनिधित्व र नेपाल प्रहरीको लैङ्गिक नीतिको विकास जस्ता महत्वपूर्ण प्रगति भएको देखिन्छ।

आरक्षण सकारात्मक विभेदको प्रभावकारी माध्यम भएकोले निश्चित कोटामार्फत पिछडिएका वर्गको सहभागिता सुनिश्चित गर्दछ। तथापि यो अल्पकालीन अवधारणा भएकाले लक्षित वर्गलाई समेटी समय-समयमा पुनरावलोकन नगरिए दीर्घकालमा नकारात्मक परिणाम आउन सक्ने जोखिम हुन्छ। निजामती सेवा ऐन, २०४९ मा दश वर्षमा पुनरावलोकनको व्यवस्था भए पनि यो कार्यान्वयन हुन नसकेको हुँदा आरक्षणको सुविधा सम्बन्धित वर्गका सम्भ्रान्त तहले (Creamy Layer) बढी उठाउने समस्या देखिएको छ। साथै आर्थिक-सामाजिक सूचकका आधारमा लक्षित समूहलाई सीमान्त, सुविधाविहीन र उच्च वर्गमा वर्गीकरण गरी वास्तविक हकदारको पहिचान गर्नु अपरिहार्य देखिन्छ।[४]

अन्तमाः नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने परिकल्पना गरेको हुँदा नेपाल प्रहरीले यस परिकल्पनाको अग्रदूत बनिरहेको देखिन्छ। विविध सामाजिक पृष्ठभूमिका प्रहरी कर्मचारीहरूले समुदायसँगको सम्पर्क र सम्बन्धलाई सहज बनाएको हुँदा समावेशीकरणले नेपाल प्रहरीलाई बहुआयामिक लाभ पुगेको छ।

बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा प्रहरीको प्रभावकारिता बढाउन सांस्कृतिक दक्षता आवश्यक हुने भएकोले समावेशी संरचनाले विभिन्न समुदायका मूल्य मान्यताको सम्मान गर्दै आवश्यक कार्यसम्पादन गर्न सहज भएको हो। यसै गरी एउटै विषयवस्तुमा समेत विविध दृष्टिकोण र अनुभव बोकेका प्रहरी कर्मचारीहरूबाट समस्याको प्रभावकारी समाधान खोज्ने क्षमता अभिवृद्धि हुने थप अवसर रहेको देखिन्छ। यद्यपि नेपाल प्रहरीमा समावेशीकरणलाई अझ प्रभावकारी र सान्दर्भिक बनाउन लक्षित समुदायहरूमा प्रहरी सेवाप्रतिको रूचि र जागरूकता बढाउन विशेष अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी पिछडिएका समुदायका उम्मेदवारहरूलाई सक्षम तुल्याउन आवश्यक पहलकदमी चाल्नु उपयुक्त हुने देखिन्छ। ◆◆◆

---

४. राष्ट्रिय समावेशी आयोग, विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन प्रतिवेदन, २०७९

# हेमोफिलीया



✍ मंचिता कुमारी अर्याल

विश्वमा भएको सूचना प्रविधिको विकाससँगै नयाँ रोगहरूबारे थाहा भएको छ भने समयक्रमसँगै समुदायमा रहेका तर पहिचान नभएका रोगहरू समेत बिस्तारै उजागर हुँदैछन् । यीनै रोगहरू मध्येको एक वंशाणुगत रोग हो हेमोफिलीया ।

हामीलाई चोटपटक लाग्दा, रगत बग्दा हाम्रो शरीरमा रहेका १३ वटा blood clotting factors अर्थात् रगत जम्न मद्दत गर्ने तत्वहरूको सहयोगले नै केहीबेर पछि रगत जम्ने गर्दछ ।

रगत जम्न मद्दत पुऱ्याउने यी १३ वटा तत्वहरू मध्ये कुनै एकको पनि शरीरमा कमी भएको खण्डमा रगत जम्ने प्रक्रियामा अवरोध पुग्दछ । यो समस्या bleeding disorder भनेर चिनिन्छ । यस्तै bleeding disorder मध्येको एक हो हेमोफिलीया । शरीरमा रगत जम्न मद्दत गर्ने तत्वहरूमध्ये आठौं तत्वको कमिका कारण हुने हेमोफिलीयालाई हेमोफिलीयाA भन्ने गरिन्छ भने नवौं तत्वको कारण हुने हेमो फिलीयालाई हेमोफिलीया B भनेर चिनिन्छ ।

त्यसैगरी कहिलेकाहीँ शरीरमा भिटामिन K को कमिका कारण, भाइरस जन्य कारण, Leukemia, कलेजो सम्बन्धी समस्याले गर्दा पनि रगत नरोकिने हुन सक्छ । यी कारणहरूबाहेक रगत नजम्ने वा ढिलो जम्ने समस्या आनुवंशीक हुन सक्छ जुन पिँढी दर पिँढीसम्म परिवारमा देखा परिरहन्छ ।

सामान्य मानिसमा अर्थात् हेमोफिलीया नभएको मानिसमा रगत आएको ठाउँ वरिपरी रगत जम्न मद्दत गर्ने पदार्थ fibrin बन्दछ र रगत जम्छ तर हेमोफिलीया भएका मानिसहरूलाई सानो मात्र चोटपटक लाग्यो भने पनि धेरै रगत बगिरहन्छ । कहिलेकाहीँ त हप्तौं, महिनौसम्म वा कहिल्यै नथामिने गरि पनि रगत बग्न सक्छ । कहिले बिना कारण गीजाबाट, नाकबाट रगत बग्न सक्छ ।

रोगको प्रभावका आधारमा लक्षणहरू पनि कम वा बढि देखिने गर्दछ । कहिलेकाहीँ हेमोफिलीया भएको मानिसमा जोर्नीहरूबाट रगत बगेर जोर्नीहरूबिचको खाली ठाउँमा रगत पस्ने गर्दछ । त्यसैगरी नरम तन्तुहरूबाट पनि रगत बग्न सक्दछ जुन समयमै उपचार नगरेमा ती जोर्नी तथा नरम

तन्तुहरूले काम गर्न छोड्छ।

हेमोफिलीया रोग पहिलोपटक युरोपकी महारानी भिक्टोरियाद्वारा उनका छोरा र छोरीहरूमा सरेको पाइएको थियो त्यसैले यो रोगलाई शाही रोग पनि भन्ने गरिन्थ्यो । तर वैज्ञानिक रूपमा भने यो रोग दशौं शताब्दीमा Abulcasis नामक चिकित्सकले पत्ता लगाएका थिए । सन् १९६० को दशकमा हेमोफिलीया भएको व्यक्ति १० देखि १२ वर्षसम्म मात्र बाँच्न सक्थे भने हिजोआज उपचार पद्धतिहरूको विकाससँगै हेमोफिलीया भएका व्यक्ति पनि सामान्य मानिस सरह नै बाँच्न सक्दछन् तर नेपालमा भने हेमोफिलीयाका रोगीहरूको बेलैमा रोग पहिचान हुन नसक्नु र आवश्यक औषधीको अभाव, उपचार प्रक्रिया पनि निकै खर्चिलो र समयमै उपलब्ध नहुँदा हेमोफिलियाका कारण व्यक्ति अपाङ्ग समेत हुनु परेको छ।

हिजोआज हेमोफिलीया रोग देखापरेका परिवारमा शिशु जन्मनु भन्दा पहिले नै हेमोफिलियाको समस्या उक्त शिशुमा छ वा छैन भन्ने कुराको जाँच गराउन विषेशज्ञहरू सल्लाह दिन्छन् तर परिक्षण सर्वसुलभ छैन।

विश्वका धेरै मानिसहरू प्रभावित हुने गरेको रोग हेमोफिलीया तथा अन्य रगत सम्बन्धी रोगहरूबारे जनचेतना जगाउने उद्देश्यका साथ World federation of Hemophilia द्वारा प्रत्येक वर्षको April १७ तारीखलाई World Hemophilia day का रूपमा मनाउने गरिन्छ। सोही क्रममा यस वर्ष सन् २०२६ मा Diagnosis first step to care भन्ने नाराका साथ विश्वभरि तथा नेपालमा पनि यो दिवस मनाइएको छ।

यस रोगलाई पूर्णतया निको पार्न नसके तापनि औषधी उपचार पद्धतिहरूको प्रयोगद्वारा रोकथाम भने गर्न सकिन्छ। नेपालमा यस रोगको उपचारका लागि नेपाल हेमोफिलिया सोसाइटीले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। नेपाल हेमोफिलिया सोसाइटीका अनुसार नेपालमा करीब १००० जना हेमोफिलियाका बिरामी रहेको तथ्याङ्क छ । यो संख्या बढी पनि हुन सक्छ किनकि कतीपय दूर दराजमा रहेका हेमोफिलिक व्यक्ति पहिचान हुन नसकेको अवस्था छ। पहिचानका लागि आवश्यक परीक्षण महँगो रहेको र सबैतिर सजिलै उपलब्ध नहुनुले पहिचानमा समस्या रहेको देखिन्छ । साथै समाजमा अपहेलित हुने डरले संकोचका कारण सम्पर्कमा नआउने हुँदा रोगीको संख्या उच्च रहे पनि थोरै देखिएको हुन सक्छ । पहिचान भएका बिरामीका लागि पनि अन्य मुलुकबाट अनुदानका प्राप्त औषधीमा भर पर्नु परेको छ जसले गर्दा औषधीको अभावका कारण बिरामी मर्कामा छन् । नेपाल हेमोफिलिया सोसाइटीका अनुसार क्यानाडेलि सरकारको

सहयोगमा प्राप्त औषधीलाई उक्त समाजले पीडितलाई वितरण गर्दछ। यदी अनुदानमा औषधी प्राप्त नभएको खण्डमा के गर्ने भन्ने बारेमा सरोकारवाला निकायको ध्यान जानु आवश्यक छ।

वंशाणुगत रोग हेमोफिलियाबाट ग्रसित रोगीका लागि रोग पहिचान र औषधी उपचार सहज र सर्वसुलभ बनाउन तर्फ नेपाल सरकारले ध्यान दिनु अत्यावश्यक भइसकेको छ। ♦♦♦

*लेखक नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, खुमलटारमा वरिष्ठ प्रवर्द्धन अधिकृत हुनुहुन्छ।*

लघुकथा

# तिम्री आमा



**✍ रन्जना पराजुली लम्साल**

आज पनि टाउको खाइ जानकीले बुधेको। सञ्चो बिसञ्चो सोध्न भनेर फोन गर्यो, “हामी आमाछोरालाई लिन कहिले आउने ? तिम्री आमालाई भात पकाएर बस्न सक्दिन। छिटो लिन आउ।” सधैं एउटै कुरोले घोचिरहन्थी। सिधा सासु मिठुलाई जानकीले देखिसहन्न थिइन्। ससुरा उहिले बिते। जहान नै कति पो हो र! सासु बुहारी र एउटा नाती।

मान्छेको अगाडि ठिक्क पार्ने कला भएकी जानकीले आफू सासू र सासूलाई बुहारी बनाएकी थिइन्। सरकारी जागिरे बुधे। सरुवा भई सहर गएको धेरै भएको थिएन। सहरमा कति न सुख हुन्छ भन्ठानेर एकदिन जानकी छोरो च्यापेर गई बुधेको कोठामा र उतै बस्न थाली।

केही समयपछिको एक बिहान, बुधे अफिस जान तर्खर गर्दै थिए। टकटक ढोका बज्यो। बुधेले झ्यालबाट चियाए र भने, “जानकी, आमा आउनु भएछ जाउ त ढोका खोल।” “तिम्री आमालाई तिमी नै जाउ ढोका खोल्न। हैन हामी यहाँ बस्छौ भनेर कसले भन्यो ?” “अघि फोनमा यसरी आउनु भनेको थिए ठ्याक्कै आउँनु भएछ। “बुधेलाई आँखा तर्दै जानकीले ढोका खोल्दा आफ्नी आमालाई देखेर, “अघिनै तिम्री आमा आउँनुभो भन्नु पर्दैन।” भन्दै थिइन, फेरि ढोका बज्यो। “को आयो फेरि” भन्दै ढोका खोलिन्। सासूलाई देखेर, “हेर त बाबुको बुवा, तिम्री आमा पनि आउनु भएछ। “बुधे पनि कम बाठो हुन र!

“ए हो र! कसरी देख्नु भएछ हामी यहाँ बस्छौ भनेर ?”

“उस् उस्, मेरो आमालाई जस्तै फोनमा बताएर अहिले ठिक्क पार्छौ।” हाँस्दै जानकीले भनि।

# अप्रत्यासित निःशुल्क यात्रा



✍ श्रीहरि के.सी.

यात्रा वास्तवमा अविरल र अनन्त छ । मेरो गहिरो बुझाईमा संसार वास्तवमै एउटा अप्रत्यासित यात्रा र विशाल पुस्तक हो । जसले यात्राको मार्ग समातेको छ, उसले त्यो पुस्तकका सम्पूर्ण पृष्ठहरू पल्टाएर जीवनलाई विस्तारपूर्वक पढ्दछ; तर जसले यात्रा गर्दैन, उसले त्यो पुस्तकको केवल एउटा वा दुई पृष्ठ मात्र पढेको हुन्छ, अरू भाग सधैँ अधुरै रहन्छ ।

यात्राले मलाई यही सन्देश दिएको छ-जीवन अपूर्ण छोड्न मिल्दैन यसलाई पूरै पढ्नु पर्दछ । मैले यात्रा गर्ने क्रममा निकै कठिनाई र अद्भूत शिक्षा प्राप्त गरेको छु । युएन शान्ति मिसनको समयमा मेरो यात्रा निकै स्मरणीय र चुनौतीपूर्ण रह्यो, जुन यात्रामा म र मेरा सहकर्मी डोमिनिकन गणराज्यको बोर्डरसम्म पुग्यौं ।

डोमिनिकन गणराज्य, क्यारिबियन क्षेत्रको ऐतिहासिक तथा विविध राष्ट्र हो, जुन हाइटीसँगै रहेको हिस्पानिओल नामक टापुमा अवस्थित छ । यस टापुको एक-तिहाइ भाग हाइटीमा पर्दछ भने बाँकी दुई-तिहाई भाग डोमिनिकन गणराज्यमा पर्दछ ।

फ्रान्सेली नोबेल पुरस्कार विजेता आन्द्रे गिडेले भन्नु भएको छ-'जबसम्म मानिसले समुन्द्रको किनार छोडन सक्दैन, तबसम्म उसले समुन्द्रको मजा लिन सक्दैन ।' हो, साँच्चै पौडी खेल्न र समुन्द्रमा डुबुल्की मार्न त स्वयम् आफैं नै तयार हुनुपर्दछ अनि मात्र सिकिन्छ र पौडी खेलिन्छ । सैद्धान्तिक ज्ञानले मात्र पौडी खेल्न आउँदैन, त्यसको लागि व्यावहारिक ज्ञान पनि आवश्यक हुन्छ । त्यस्तै, समुन्द्रको आन्नद लिन पनि त्यो किनारा वा तटीय क्षेत्र छोडेर समुन्द्रको छाल र चालमा गएर रमाउन सक्नु पर्दछ ।

डोमिनिकन गणराज्यतर्फको प्राकृतिक दृश्य साँच्चिकै मन लोभ्याउने थियो । हरियालीले ढाकिएका पहाडहरू, झरनाहरू, नदी-नाला, घना जंगलहरूले वातावरणलाई आनन्ददायी बनाएका थिए । क्यापाहाइसियनबाट डोमिनिकन गणराज्य जाने क्रममा बाटो छेउबाट समुन्द्रको किनारामा देखिएको दृश्य साँच्चै मनमोहक र रमणीय थियो । जुन समुन्द्रको एक भाग जमिनतिर प्रवेश गरेको जस्तो देखिन्छ भने अर्को भाग जमिनमा समुन्द्र छिरे जस्तो देखिन्छ ।

यात्रामा मन मिल्नेहरू जोडिदै जान्छन्, मन नमिल्नेहरू छोडिदै जान्छन् भने झैं म लगायत मेरा सहकर्मीहरू एक्कैछिन गाडी रोकेर त्यो जमिनमा समुन्द्र छिरेको दृश्य हेर्न निस्कियौ । त्यो ठाउँको नाम फोर्ट लिबर्टे हो । देशको सबैभन्दा पुरानो सहरहरू मध्ये एक हो । ऐतिहासिक फोर्ट-लिबर्टे हाइटीको नोर्ड-एस्ट विभागको कम्युन र प्रशासनिक राजधानी पनि हो । यो डोमिनिकन गणराज्यको सिमानाको नजिक नै रहेको छ । हामीले त्यहाँ समुन्द्रको बिचौ बिचमा राखिएका नेभिगेसनका पोलहरू देख्यौ । सायद ती पोल र एन्टिनाजस्ता मसिना तार रात्रिकालीन समयमा आएका जहाजहरूको लागि दिशा पत्ता लगाउने यन्त्र थिए होला । निकै प्रचण्ड गर्मि र तेजिलो घामका कारण नाङ्गो आँखाले त्यहाँको सम्पूर्ण दृश्य अवलोकन गर्न कठिन थियो । मैले कालो चस्माको प्रयोग गरेर त्यो निलो, कञ्चन समुन्द्र, आकाशमा सेता बादलहरू रमाइरहेका, तटीय क्षेत्रमा हरिया रूख विरूवा र वरिपरि फोर्ट-लिबर्टेको एरिया हेरे र केही थान फोटो कैद गरैं । केही भग्नावेश भवनहरू र युद्धकालको झझल्को दिने चिजवस्तुहरू पनि देखैं ।

त्यति मात्र होइन, हैटीको स्वतन्त्रताको लडाइँमा महत्वपूर्ण भूमिका खेलेको र अहिले एक प्रमुख पर्यटकीय आकर्षणको रूपमा उभिएको फ्रान्सेली किल्ला नै हो ऐतिहासिक फोर्ट-लिबर्टे । यी सबै कुरा हेर्दा निकै चाख लाग्दो दृश्य देखिन्थ्यो । प्रकृति फरक छ र प्रकृतिमा भएका विभिन्न चिजवस्तु र वातावरणको आ-आफ्नै महत्व र विशेषता हुन्छन् । सबैमा कुनै न कुनै अद्भूत क्षमता र पहिचान हुन्छन् । त्यसैले कुनै बगैंचामा रहेका फूलहरू एक अर्कासँग प्रतिस्पर्धा गर्दैनन् भन्ने कुरा साँचो रहेछ भन्ने कुरा मैले बुझ्रैं । अनि हामी सबैजना आफ्नो गन्तव्य डोमिनिकन गणराज्य तर्फ लाग्यौ ।

यस यात्रामा मसँग मेरा साथी शंकर दवाडी र प्रहरी जवान भाइ प्रशेस के.सी पनि थिए । यात्राको क्रममा हामीले बिहान र बेलुकाको मानिसको भिड, ट्राफिक जाम पनि अनुभव गर्यौ। डोमिनिकन गणराज्य तर्फको क्षेत्रमा सडकमात्र नभई मान्छे पनि सफा र अनुशासित देखिन्थे । हाइटीतिर प्रायः सबै काला जातीका मानिसहरू देखिन्थे भने डोमिनिकनतर्फ गोरा अनुहार भएका युरोपियनजस्ता देखिने मानिसहरू भेटिन्थे । डोमिनिकनको अनुशासित वातावरणले मलाई युरोपमा पुगेको आभास गरायो ।

यद्यपि मलाई त्यहाँ डोमिनिकनको सम्पूर्ण महत्वपूर्ण स्थापना र स्थलहरू जान मन लागेको थियो तर मसँग त्यहाँको भिसा थिएन । तर मैले विनम्रतापूर्वक युएनको परिचयपत्र देखाएर आवश्यक विवरण भरेर हरियो कलरको पेपरमा पेपर भिसा प्राप्त

गरि सीमावर्ती क्षेत्रसम्म प्रवेश गर्ने अनुमति पाए। अनि फुरूङ्ग हुँदै डोमिनिकन एरियाको भ्रमण र अवलोकन गरेँ। त्यहाँको क्षेत्र र वातावरण साँच्चिकै हरभरा, सफा, सुग्घर, व्यवस्थित र मनमोहक थियो।

पूर्व राजा वीरेन्द्रले भन्नु भएको वाणी मलाई यहाँको प्रकृति र मनुष्यजाति देख्दा झलझली याद आयो- “प्रकृतिका हरेक प्राणीहरू अद्वितीय हुने भएकाले एकसँग अर्कोको तुलना गर्नु उचित हुँदैन।” तर मलाई हाइटी र डोमिनिकन रिपब्लिकाको प्रकृति, परिवेश, वातावरण लगायत यहाँको रहनसहन, भाषा, धर्म, जातजाती, वर्णको तुलना र वर्णन नगरिकन बस्नै सकिन। हाइटी देश फ्रेन्च कोलोनाईज हो भने डोमिनिकन गणराज्य स्पेनिश कोलोनाईज हो।

हाइटी फ्रान्सेली उपनिवेश थियो र क्रूर दास व्यवस्था र रक्तपातपूर्ण क्रान्तिको अनुभव गरेको थियो हाइटी, जबकि डोमिनिकन गणतन्त्र फरक औपनिवेशिक अनुभव भएको स्पेनीस उपनिवेश थियो। हाइटीले निरन्तर गरिबी र राजनीतिक अस्थिरताको सामना गरिरहेको छ भने डोमिनिकन गणतन्त्रको अर्थतन्त्र स्थिर छ र जीवनस्तर उच्च छ। झट्ट हेर्दा मेरो नजरमा त्यो समय, हाइटीमा काला जाती धेरै देखिने, वातावरण फोहोर, जतातत‍ै लथालिङ, अव्यवस्थित थियो भने डोमिनिकनमा सबै गोरा मात्र देखिन्थे, एकदमै सफा वातावरण र व्यवस्थित थियो।

डोमिनिकनमा मनै रमाउने वातावरण र परिवेश देखियो। साँच्चै मलाई युरोपको कुनै सहरमा छु भन्ने भान भइरहेको थियो। त्यहाँको मानिसहरू पनि सुकिला मुकिला अनि विशेषतः महिलाहरू पनि लाम्चो गोलो, गोरो अनुहार भएका, भरिपूर्ण वक्षस्थल र हीप भएका, मृग नयनी, राता पिरा चञ्चले र आकर्षक ओठ थियो। निकै आकर्षित वर्ण थियो, जो कोही पनि मोहित र आकर्षित हुने प्रकारका थिए। बाटा घाटा, पुल पुलेसा, यातायात सबै व्यवस्थित देखिन्थे। अनि पूर्व राजा वीरेन्द्रले भने जसरी प्रकृतिका हरेक प्राणीहरू अद्वितीय हुने भएकाले एकसँग अर्कोको तुलना कसरी नगर्नु मैले।

मेरो नजरमा दुई देशको हरेक चिजवस्तु र रहनसहनको निकै फराकिलो भिन्नता थियो। सबका आ-आफ्ना विचार विमर्श हुन्छन्। मैले मात्र होइन सायद पृथ्वीका हरेक प्राणीले यसरी नै तुलना गर्दछन्। राम्रा नराम्रा, सही गलत, पक्ष विपक्ष यस्तै यस्तै बिचको भिन्नता। अनि त्यहाँको भ्रमण सकेर आफ्नै अफिसको युएनको गाडीद्वारा हामी साँझपख आफ्नै बासस्थान नेपाल एफपियु स्वर्गद्वारी क्याप फर्कियौ। यस दिनको यात्रा र भ्रमण हाम्रो छोटो थियो।

केही दिनको कामकाज सकेर पुनःडोमिनिकन रिपब्लिकका भ्रमण गर्न अफिसियली बिदा लिई युएनको अनलाइन फाराम भ्रमण आदेश (MOP-Movement Of Personnel) र सेक्युरिटी क्लियरियन्स (Security Clearance ) भरि स्वीकृति प्राप्त पश्चात बेस क्याम्पबाट एयरपोर्ट तर्फ लागियो । त्यहाँ एयरपोर्टमा एमओपि (MOP) देखाएर युएनको हेलिकप्टर (CHOPPER) चढेर हामी हाइटीको राजधानी पोर्ट-ओ-प्रिन्सतिर लाग्यौ । सो क्रममा आकासबाट हाइटीको सम्पूर्ण दृश्य अवलोकन गरियो । हवाइयात्रामा विभिन्न मुलुकका युएनका प्रतिनिधिहरू पनि थिए । हेलिकप्टरमा अलि ध्वनि प्रदुषण हुने रहेछ ।

केही घण्टापछि हाइटीको राजधानी पोर्ट-ओ-प्रिन्समा ल्याण्ड भयो । हामीलाई रिसिभ गर्न पोर्ट-ओ-प्रिन्समा रहेका नेपाल हाउसबाट चालक आरबि मण्डल र एक जना प्रहरी जवान भाइ आएका थिए । नेपाल हाउस भनेर पहिला पहिलाको नेपाली टोलीले नामकरण गरेका रहेछन् जसको भाडा नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण शाखाबाट प्राप्त गरि नेपाल एफपियु टोली कन्टिनजेन्ट कमाण्डरले भुक्तानी गर्दथे । सो हाउस (घर) राजधानी पोर्ट-ओ-प्रिन्स निवासी एक जना हाइसियन लेडी स्टेफिनाको बुवाको थियो । त्यहाँ आमा र छोरी मात्र बस्दथे । उनको बुबा धेरैजसो अमेरिका बस्नुहुन्थ्यो । कलिलै उमेरकी स्टे फिनाका काला-काला नयन, कालो हिस्सी परेकी, सेता दाँत, घुम्रेको कपाल, छोटो कदकी सबैलाई आकर्षित गर्ने ज्योति थियो उनमा ।

उनी भने गमदारी थिइन । अपरिपक्व थिइन । उनको रूपको माधुर्य देखेर जो कोही मुग्ध हुन्थे । पहिलाको सहकर्मीको भनाई अनुसार त्यहाँ पुग्दा सबैमा आनन्द, उल्लास र फूर्तिलो महसुस हुन्थ्यो । हामी सिधैं नेपाल हाउस गएर केही समय विश्राम गरि खानपिन गरेर राजधानी पोर्ट-ओ-प्रिन्सको विभिन्न महत्वपूर्ण स्थानहरू, युएन अफिस, दरबार, म्युजियम, वीर लडाकुहरूको मूर्ति र हतियार, पार्क, क्यासल लगायतको अवलोकन गर्यौं ।

भोलिपल्ट बिहान करिब सात बजेतिर एयरपोर्ट लाग्यौ । प्रत्येक शनिवार बिहान आठ बजे युएनको स्पेशल फ्लाइट राजधानी पोर्ट-ओ-प्रिन्सबाट डोमिनिकन रिपब्लिकाको सहर सेन्ट डोमिनिको जाने गर्दथ्यो । जसको चाँजोपाँजो चालक आरबि मण्डलले मिलाएको थिए । ती भाइ पढ, लेखमा कमजोर र असक्षम भए तापनि अन्य कुरामा अब्बल थिए । पोष्ट र प्रतिष्ठा आ-आफ्नै ठाउँमा हुन्छ । तर कस्ता कस्ता व्यक्तिहरूले मिलाउन र व्यवस्था गर्न नसकेको कुरा सानै दर्जाको

व्यक्तिले पनि आफ्नो क्षमता र सिपले ती आवश्यकताहरू पूरा गर्दा रहेछन् भन्ने कुरा सहि रहेछ। त्यसैले “अल्प विद्या भयङ्करी” भनेको सहि रहेछ।

बिहान करिब आठ बजे विमान चढेर डोमिनिकन गणराज्यतर्फ लागियो। सो क्रममा आकाशबाट देखिने सम्पूर्ण दृश्य र समुन्द्रले हामीलाई निकै नै रोमाञ्चित बनायो। त्यस युएनको फ्रि-फ्लाइटमा सबै शान्ति सेनाका सदस्यहरू मात्र यात्रा गरेका थिए। करिब एक घण्टाको हवाइयात्रा थियो। सबै रमाईलो, खुसी अनि फोटो कैद गर्दै आनन्दित मुद्रामा थिए। ठुलो समुन्द्रकै छेउमा बिमान आइरहेको थियो। जब बिमानले समुन्द्र माथिबाटै बिमानको पाङ्ग्रा खोलेर ल्याण्ड गर्न खोज्दै थियो सबैजना यात्रुहरू डरले कराए, चिच्चाए। सबैले आ-आफ्ना भगवान पुकारे।

मैले पनि श्री पशुपतिनाथलाई सम्झे। बिमानका परिचारिका लगायत चालक दल सदस्यहरू (Crew members)ले सबैलाई संयमित भएर बस्न, सिट बेल्ट बाँध्न आग्रह गरे र केहीबेरमा अवतरण हुने जानकारी दिए। मलाई पनि सुरूमा निकै डर र चिन्ता लागेको थियो। कतै समुन्द्रमा परिने त होइन भनेर। तर पछि आफूलाई सम्हालेर संयमित भएर बसैं। मसँगै बसेका एकजना भाइ त सुक्क सुक्क गरेर रोएका पनि थिए। केहीबेरमा बिमानको पाङ्ग्राले भुइँ छोएपछि बल्ल सबैले सन्तोषको सास फेरेँ। विमानका पाईलटले विमानलाई समुन्द्रको नजिक पुर्याएर ल्याण्ड गरे। समुन्द्र सतहसँगै जोडिएको थियो त्यहाँको रनवे र धवान मार्ग। पछि मैले अन्य देशमा पनि समुन्द्र नजिकको एयरपोर्ट देखेँ, अनुभव गरेँ। मलाई त्यो डर सामान्य लाग्न थाल्यो।

प्लेनबाट ल्याण्ड गरिसकेपछि सेन्ट डोमिनिकनको एयरपोर्टमा सेन्सर जडित सिसै सिसाको ठुलो मूल ढोका नजिक पुग्दा आफसे आफ ढोका खुल्दा हामी तर्सित भएका थियौ। त्यो सिसा जडित ढोका पारदर्शी थियो। वास रूममा पुग्दा त्यहाँ सेन्सर जडित धारा थियो। ट्वाइलेट प्रयोग गरिसकेपछि हात सफा गर्दा पानी निकाल्न नजानेर अरू मानिसको सहयोग लिनु परेको थियो। गेटमा मान्छे पुग्ने बित्तिकै बल्ने बत्ति लगायतको विज्ञानका विभिन्न आविष्कारहरूको अदभूत उपकरण र चिजवस्तुले हामीलाई निकै अच्चमित बनायो। अनेकन पाठ सिकायो। त्यो समय भने नेपालमा डिजिटलाइजेशन भइसकेको थिएन। मैले रिलवाला क्यामरा बोकेर गएको बेला थियो त्यो। हामी विस्तारै विस्तारै विधि र प्रविधिको अभ्यास गर्दै थियौ।

डोमिनिकन गणराज्यको कला,

संस्कृति, रहनसहन, खानपिन, पोसाक, विभिन्न उत्सव, पर्व, ऐतिहासिक र पर्यटकीय स्थलहरू लगायतले हरेकले आ-आफ्नै कथा अंगालेका छन् । ती कथा केवल त्यहाँका जनताको मात्र कथा होइन सम्पूर्ण मानव जातिको सङ्घर्षका कथा हुन्, अस्तित्वका कथा हुन् । डोमिनिकन गणराज्यको त्यो यात्रा केवल भौगोलिक भ्रमण मात्र थिएन, यो सांस्कृतिक, भावनात्मक र सौन्दर्यप्रेमी आत्माको यात्रा पनि थियो । सीमित समयमै मैले एक अर्को प्रकारको वातावरण, मानिस, व्यवस्थापन प्रणाली अनुभूत गर्न पाएँ । डोमिनिकन गणराज्यको यात्रा मेरो जीवनको स्मरणीय अनुभवमध्ये एक रह्यो । यस देश सम्भावनाले भरिएको प्राकृतिक सम्पदा, सामुद्रिक दृश्य, विभिन्न तटीय क्षेत्र, जैविक विविधता, महत्वपूर्ण प्रतिष्ठानहरू अनि ऐतिहासिक धरोहरले पहिलो नजरमै जो-कसैलाई मोहित बनाउँछ । आकर्षित तुल्याउँछ ।

**बोका चिका (Boca Chica) बीच्को सम्झना:**

भनिन्छ, 'को नैं छ र ब्रह्माण्डमा, जसमा कुनै कमी छैन । आकाससँग पनि त, आफ्नो कुनै जमिन छैन ।' साँच्चै, हामी भूपरिवेष्टिक राष्ट्र भएकोले पनि होला हामीलाई समुन्द्र, तटीय क्षेत्र, बन्दरगाह लगायतको अपरिहार्य महसुस भएको । विभिन्न मुलुक मानिसहरू त्यसरी सामुन्द्रिक क्षेत्रहरूमा रमाइरहँदा कसको मन नलोभिएला । यो चाहना र इच्छालाई पूरा गर्न म लगायत मेरा साथीहरू आफ्नो अफिसियल बिदा मिलाएर हाइटीबाट डोमिनिकन गणराज्यको बोका चिका बीच् घुम्न र अवलोकन गर्न हिँड्यौ । प्रकृतिको पनि अनेक लिला हुँदोरहेछ । प्रकृतिको त्यो सौन्दर्यताले जो कसैलाई पनि मोहित गराउँदछ । आकर्षण गर्दछ । अनि प्रकृतिमै धेरै समय भुलाउँदो रहेछ ।

डोमिनिकन गणराज्यको एक अत्यन्तै प्रसिद्ध र मनमोहक समुद्री तटीय क्षेत्र हो बोका चिका बीच् । सान्टो डोमिङ्गोबाट बोका चिका बीच् लगभग ३० किलोमिटर टाढा रहेको छ । त्यसैले यहाँ सहरदेखि घुम्नको लागि सजिलै पहुँचयोग्य छ । यो समुद्रतट या किनारालाई स्वर्गको एक टुक्राको रूपमा पनि लिने गरिन्छ । त्यहाँको प्राकृतिक सौन्दर्य, न्यानो बालुवा र निलो रङको समुद्रले जो कोहीको मन मोहित र आर्कषित पारिदिन्छ । संसारका धेरै मुलुकका पर्यटकहरू प्रकृति, मनोरञ्जन र विश्रामको अनुभव लिन आउँछन् । यो नजिकैको सहर सान्टो डोमिंगोको मुख्य समुद्रतटको रूपमा चिनिन्छ, जसले स्थानीय र आन्तरिक तथा बाह्य पर्यटक दुवैलाई आकर्षित गर्दछ । समुद्रतटको प्रमुख विशेषता भनेको कै प्राकृतिक चट्टान हो जसले ठूलो एरियामा सुरक्षित विशाल

प्राकृतिक पोखरी सिर्जना गर्दछ । जहाँ सुरक्षित पौडी खेल्ने क्षेत्र र बोटिङ लगायत अन्य मनोरञ्जन खेलको सिर्जना गर्दछ।

त्यो समुद्रको छाल वा ज्वारभाटामा कुनै परिवर्तन हुन सक्छ, तर सामुद्रिकतट सदा उस्तै रहन्छ। कुनै पर्यटक त्यहाँ तटीय क्षेत्रमा पाइला टेक्ने बित्तिकै समुन्द्रि किनारामा खुलेका क्याँफे र रेष्टुराँका आकर्षक महिला स्टाफले न्यानो स्वागत गर्न आइपुग्छन् । अन्य पर्यटकीय क्षेत्र भन्दा भिन्दै आकर्षण देखियो त्यहाँ । हामीलाई पनि के के कुरा र सुविधाले सुरूवात गर्यौ भनेर सोधियो। साथीहरूलाई चिसो प्रिसिडेन्ट क्यान बियरले स्वागत गरे। मैले चिसो कोक पिएँ। विभिन्न सामुन्द्रिक खाना र स्पा मसाज लगायतले भरिपूर्ण व्यवस्था थियो त्यहाँ । हामी चिसो पिय पदार्थ हातमा लिएर बोटिङ गर्न लाग्यौ अन्य साथीहरू स्पा मसाज तर्फ लागे भने कोही पौडी खेल्न थाले ।

बोका चिका (Boca Chica) बीच् हरियाली वातावरण जहाँ तटीय क्षेत्रमा रूखै रूख, निलो आकाश, निलै समुन्द्री पानी अनि बच्चादेखि वृद्धसम्मको भिडभाड र रमाइलो रौनकले जो कसैको मन प्रफुलित किन न होला र ? म लगायत मेरा सहकर्मीहरू पनि दंग परे त्यो अवस्था र परिवेश देखेर। देश दुनियाँका मानिसहरू यो रंगमञ्चमा आ-आफ्नै सुर र तालमा रमाइरहेका थिए । हामीले पनि भरपुर मनोरञ्जन गर्यौ । डोमिनिकन गणतन्त्रमा अवस्थित बोका चिका समुद्रतट यसको शान्त, कञ्चन पानीको लागि प्रसिद्ध छ, । जसले गर्दा देश दुनियाँका पर्यटकहरूको परिवार र आराम खोज्नेहरूका लागि यो लोकप्रिय गन्तव्य पनि बनेको छ।

बोका चिका बिचमा सेतो कपडाजस्तो सफा र चम्किलो बालुवा हेर्दै आकर्षक देखिन्छ। प्रचण्ड घामको राप र ताप छल्न त्यहाँ किनाराका क्याँफेहरूमा ठूला-ठूला छाताहरूको पनि व्यवस्था थियो। टन्टलापुर घाममा आँखा नै टल्केर हेर्न निकै कठिन हुन्थ्यो। बालुवामा खुट्टा टेक्दा सुरूमै तातो अनुभूति भयो मलाई । जब बालुवा खोतलेर तलसम्म पुगिन्छ तब निकै चिसो महसुस भयो । त्यहाँ घुम्न आएका मानिसहरू समुद्रमा पौडी खेलेर आएपछि त्यही बालुवामा पल्टिने गर्छन् ताकि शरीरले तातो र आराम अनुभूति पाउँथ्यो।

एक दिन त्यो पाठ पनि सिकाउँछ जिन्दगीले, जुन कुनै किताबले सिकाउँदैन भनेको ठिक हो रहेछ। यात्राको क्रममा धेरै कुरा सिक्ने र अनुभव बटुल्ने मौका र अवसर मिल्यो मलाई। साँच्चै, जुनसुकै समुद्रले हृदयलाई हलचल गराउँछ। मनलाई चञ्चल बनाउँछ। आत्मामा निकै आनन्द

ल्याउँछ भनेको पनि सही हो रहेछ । बोका चिका बीच्मा निकै भिडभाड र चहलपहल थियो । प्रचण्ड गर्मी छल्न तुरून्तै समुद्रमा पुनःहाम फालेँ मैले । केहीबेर पौडी खेले पछि शरीर थाक्यो । अरू पर्यटकहरूको नक्कल गर्दै मैले पनि किनारामा रहेको सेतो बालुवालाई हातले खनेर खाल्डो पारेँ । त्यो खाल्डोमा आफ्नो शरीरलाई पुरेर छोपेर टाउको मात्र बाहिर निकालेँ । छुट्टै शीतल, चिसो र अनौठो अनुभूति भयो जिन्दगीमा । त्यहाँको वातावरण यति स्वतन्त्र र खुला छ कि सबैजना आ-आफ्नो दुनियाँमा रमाइरहेका देखिन्छन् । खुला पोसाक र रङ्गीन दुनियाँमा झुमिरहेका हुन्छन् । कोही खुलेआम बालुवामा टावेल र रूमाल बिछ्याएर मसाज गरिरहेको हुन्थे । कोही बिकिनी लगाएर पौडी खेलिरहेका हुन्थे । कोही खुलेआम एक आपसमा चुम्बनमा रमिरहेका हुन्थे । कति हात समाइ हिँडिरहेका हुन्थे । कोही कसैलाई वास्ता गर्दैनन् । कसैलाई अर्काको कुरामा रूचि नै हुँदैन । यो नै बोका चिका बीच्को प्रमुख विशेषता हो ।

साँच्चै, जुनसुकै समुद्रले हृदयलाई हलचल गराउँछ । मनलाई चञ्चल बनाउँछ । आत्मामा निकै आनन्द ल्याउँछ भनेको सही हो रहेछ । मैले डोमिनिकनमा देखेको समुद्र र बोका चिका बीच्मा बिताएको समय एकदमै स्मरणीय रह्यो । मलाई सानैदेखि मोटर बोटिङ गर्ने रहर थियो, जुन इच्छा म त्यहाँ पुगेपछि पूरा गर्न सकेँ । आफ्नो छुट्टिमा त्यहाँ घुम्न र रमाइलो गर्न गएको थिए । समुद्रकै बिचमा ठूला-ठूला आकार बराबरको विशाल पानीजहाज विभिन्न सहर र बन्दरगाह हुँदै आइपुग्थ्यो । त्यो देख्दा मनै आन्नदित र रमाइलो हुन्थ्यो । ती पानी जहाज र समुन्द्रमा चलाइने सवारी साधनहरू हेर्नकै लागि पनि थुप्रै मानिसहरू बोका चिका बीच्मा आइपुग्दथे । यस्तो ठूलो जहाज, समुद्रको विशालता र विदेशी पर्यटकहरूको भिडले हाम्रो नेपाल जस्ता भूपरिवेष्ठित मुलुकका मानिसहरूलाई नयाँ अनुभव र अनौठो रहरले भरिएको वातावरण दिन्थ्यो । मैले मैत्रीपूर्ण वातावरण भेटे त्यहाँ ।

मेरो बुबाले अहिले पनि भन्नुहुन्छ मलाई- हेर ! बावु, “दुई चिजलाई कहिल्यै व्यर्थ जान दिनु हुँदैन, अन्नको कण र आनन्दको क्षणलाई ।” साँच्चै, हो रहेछ यो समुद्रको आनन्दको पल र क्षणलाई सदा सर्वदा म व्यर्थ जान दिन सक्दिन । त्यसैले मैले आफ्ना अनुभव र आनन्दलाई यो लेख, रचना र आख्यानमा उल्लेख गर्न चाहेँ । परिवारमैत्री वातावरण, प्रकृतिको त्यो सुन्दरता र सौन्दर्यताको खानी बोका चिका बीच् अत्यन्तै प्रख्यात र लोकप्रिय गन्तव्य हो । ◆◆◆

# विद्युतीय सवारीः प्रविधि अघि, तयारी पछि ?



✍ **प्र.व.ना.नि. बिष्णु थापा**

विश्व राजनीतिमा देखिने साना-ठूला हलचलले हामी नेपालीको दैनिकीमा कति गहिरो प्रभाव पार्छ भन्ने कुरा अहिले स्पष्ट देखिएको छ । पछिल्लो समय अमेरिका र इरानबीच चुलिएको तनावले अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य मात्र बढाएको छैन, यसले विश्व अर्थतन्त्रलाई नै अनिश्चिततातर्फ धकेलेको छ । पेट्रोलियम पदार्थको बढ्दो मूल्यले ढुवानी महँगो बनाउँदा दैनिक उपभोग्य वस्तुको मूल्य आकाशिएको छ, जसको प्रत्यक्ष मार सर्वसाधारणको जीवनस्तरमा परेको छ ।

यस्तो अवस्थामा नेपालका लागि दीर्घकालीन र दिगो विकल्पका रूपमा विद्युतीय सवारी साधन (EV) आशाको किरण बनेर उदाएका छन् । चुलिँदो व्यापार घाटा र बढ्दो वायु प्रदूषण-यी दुवै समस्याको समाधानका रूपमा EV को प्रयोग विस्तार हुँदै गएको छ । आफ्नै देशमा उत्पादन भएको विद्युत् प्रयोग गरेर सवारी सञ्चालन गर्नु आर्थिक स्वाधीनता र वातावरणीय स्वच्छता दुवै दृष्टिले सकारात्मक उपलब्धि हो ।

तर, यो उत्साहसँगै समाजमा एउटा नमिठो डर पनि फैलिएको छ । पछिल्ला दुर्घटना र आगलागीका घटनाले समस्या केवल प्रविधिमा मात्र नभई हाम्रो व्यवहार र सार्वजनिक यातायात प्रणालीका कमजोरीमा पनि रहेको देखाएको छ । यिनै कारणले समाजमा डर अझ गहिरिँदै गएको छ ।

पछिल्लो समय यात्रुहरूबाट आएका गुनासाहरूले देखाउँछन् कि सार्वजनिक सवारी सञ्चालनमा अनुशासन र जिम्मेवारीको कमी छ । अत्यधिक भाडा असुली यसको प्रमुख उदाहरण हो । इन्धनको मूल्य बढेको बहानामा कतिपय सवारीहरूले मनोमानी रूपमा भाडा बढाउने गरेका छन् । अझ विद्युतीय सवारीमा त इन्धन खर्च नहुने भएकाले यस्तो व्यवहार झन् असंगत देखिन्छ । भाडा निर्धारण पारदर्शी, वैज्ञानिक र नियमनअनुसार हुन आवश्यक छ ।

त्यस्तै, यात्रु संख्या पर्याप्त नहुँदा सवारी सञ्चालन नगर्ने प्रवृत्ति पनि देखिन्छ । यसले यात्रुहरूलाई लामो समयसम्म कुर्न बाध्य बनाउँछ, विशेषगरी दुर्गम वा कम

भिड हुने क्षेत्रमा । सार्वजनिक सेवा प्रदान गर्ने सवारी साधनले नाफामात्र होइन, सेवा जिम्मेवारी पनि वहन गर्नुपर्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

अर्को गम्भीर समस्या हो- क्षमताभन्दा बढी यात्रु राख्ने प्रवृत्ति । सिट क्षमताभन्दा धेरै यात्रु कोच्ने, उभ्याएर लैजाने र अझ खतरनाक रूपमा छतमा समेत यात्रु राख्ने कार्य अझै पूर्ण रूपमा नियन्त्रणमा आएको छैन । इन्धन महँगो भएको कारण देखाएर बढी आम्दानी गर्न यस्तो जोखिमपूर्ण व्यवहार अपनाउनु न त कानुन सम्मत छ, न त मानवीय नै । यसले सवारी दुर्घटनाको जोखिम अत्यधिक बढाउँछ र सानो गल्तीले ठूलो क्षति निम्त्याउन सक्छ ।

पछिल्लो समय विद्युतीय गाडी दुर्घटनामा पर्ने वा सडकमै आगलागी हुने घटना बढेपछि मानिसहरूबीच “आज EV मा, भोलि TV मा” भन्ने व्यङ्ग्यात्मक भाष्य चल्न थालेको छ । यसले विद्युतीय सवारीप्रति बढ्दो असुरक्षा र शंका झल्काउँछ । तर, समस्या प्रविधिभन्दा बढी यसको प्रयोग, व्यवस्थापन र तयारीमा देखिन्छ । यो लेखको उद्देश्य इभी प्रविधिप्रति मानिसलाई डराउनु होइन, बरु यसका विशेषतालाई बुझेर यात्रालाई कसरी सुरक्षित बनाउने भन्नेमा केन्द्रित छ ।

हामीले दशकौँदेखि पेट्रोल र डिजेलबाट चल्ने सवारी साधन प्रयोग गर्दै आएका छौँ । त्यसैले हाम्रो अनुभव र बानी पनि त्यहीअनुसार विकास भएको छ । तर, विद्युतीय सवारी पूर्ण रूपमा फरक प्रविधिमा आधारित हुन्छन् । EV हरूमा आवाज कम हुन्छ, तर एक्सेलरेटर थिच्ने बित्तिकै तीव्र गतिमा अघि बढ्ने क्षमता हुन्छ । यही विशेषता धेरै चालकका लागि चुनौती बनेको छ ।

विशेषगरी पुराना अनुभव भएका चालकहरूले यो नयाँ प्रविधिलाई सही रूपमा नबुझ्दा वा अति आत्मविश्वासका कारण गाडी नियन्त्रण बाहिर जाने र दुर्घटना हुने सम्भावना बढेको देखिन्छ । अर्को चुनौती भनेको इभीको मौनता हो । इन्धन गाडीमा केही प्राविधिक समस्या आए आवाज आउँछ, धुवाँ निस्कन्छ वा कम्पनमार्फत संकेत पाइन्छ, जसले चालकलाई सतर्क गराउँछ । तर, EV मा यस्ता संकेत बाहिरबाट सहजै देखिँदैनन् । इभीमा भित्रभित्रै ब्याट्री तातिएको, वायरिङमा समस्या आएको वा सफ्टवेयर त्रुटि भएका विषयहरू समयमै पहिचान गर्न कठिन हुन्छ ।

अर्कोतर्फ, धेरैमा एउटा गलत धारणा छ-गाडी चलाउन जानियो भने EV त झन् सजिलो हुन्छ । तर, यो पूर्ण सत्य होइन । EV मा प्रयोग हुने ‘रिजनेरेटिभ ब्रेकिङ’ प्रणाली, ब्याट्री व्यवस्थापन र विद्युतीय सुरक्षासम्बन्धी आधारभूत ज्ञान नभएसम्म सुरक्षित रूपमा सञ्चालन गर्न

सकिँदैन । त्यसैले विद्युतीय सवारीको सुरक्षित, भरपर्दो र प्रभावकारी प्रयोगका लागि अब ढिला नगरी राज्य, व्यवसायी र चालक तीनै पक्षले ठोस कदम चाल्न आवश्यक छ।

यसका लागि पहिलो आवश्यकता हो, समयानुकूल चालक प्रशिक्षण प्रणाली । सामान्य लाइसेन्सले मात्र EV चलाउन दिने व्यवस्था पर्याप्त छैन । इभीको प्रकृति फरक हुने भएकाले यसका लागि छुट्टै अभिमुखीकरण तालिम र विशेष अनुमति प्रणाली आवश्यक छ। यस तालिममा चालकलाई सवारी सञ्चालन मात्र होइन, आकस्मिक समस्या आउँदा वा आगलागीको जोखिम हुँदा 'किल स्विच' को प्रयोग कसरी गर्ने र यात्रुलाई कसरी सुरक्षित बाहिर निकाल्ने भन्ने विषयमा प्रयोगात्मक अभ्यास गराइनुपर्छ।

दोस्रो, सवारी साधनको प्राविधिक गुणस्तरमा कडाइ गर्नुपर्छ । बजारमा सस्ता, अप्रमाणित र गुणस्तरहीन ब्याट्री तथा अनधिकृत वर्कशपमा गरिने मर्मतले जोखिम बढाइरहेको छ । आयातकर्ताले बिक्रीपछिको सेवा र सक्कली पार्टपुर्जाको सुनिश्चितता दिनुपर्छ । साथै, सम्बन्धित निकायले नियमित फिटनेस टेस्ट र प्राविधिक निरीक्षणलाई कडाइका साथ लागु गर्नुपर्छ।

तेस्रो, प्रविधिको सही प्रयोग मार्फत सुरक्षा बढाउन सकिन्छ । त्यसैले सार्वजनिक सवारीमा स्पीड लिमिटर र GPS प्रणाली अनिवार्य जडान गरी सवारीको गति, स्थान र सञ्चालन अवस्थाको निगरानी गर्नुपर्छ। यसले दुर्घटना रोकथाममा ठूलो योगदान पुऱ्याउँछ। विशेषगरी राजमार्गमा सञ्चालन हुने सार्वजनिक सवारीका लागि टाइम कार्ड प्रणाली लागु गर्नु अत्यन्त आवश्यक छ। यसले चालकलाई निर्धारित समयभित्र गन्तव्यमा पुग्न हतार नगर्न प्रेरित गर्छ र दुर्घटनाको जोखिम घटाउँछ।

चौथो, जनचेतना अभिवृद्धि अपरिहार्य छ। "स्मार्ट EV, सुरक्षित यात्रा" भन्ने सन्देशलाई गाउँदेखि सहरसम्मका चालक र यात्रुसम्म प्रभावकारी रूपमा फैलाउनुपर्छ । सडक सचेतना, विद्यालय स्तरका कार्यक्रम र सञ्चार माध्यममार्फत EV सुरक्षाबारे जानकारी प्रवाह गर्न आवश्यक छ। यात्रुहरू पनि उत्तिकै जिम्मेवार हुन जरुरी छ। सवारीमा चढ्दा चालकको व्यवहार, गति र सवारीको अवस्था बुझ्ने बानी बसाल्नुपर्छ । असुरक्षित महसुस भएमा आवाज उठाउने र सुरक्षित सवारी छनोट गर्ने बानी विकास गर्नुपर्छ।

विद्युतीय सवारी हाम्रो विकल्प मात्र होइन, भविष्य र आवश्यकता दुवै हो। यसले नेपाललाई विदेशी इन्धनको परनिर्भरताबाट मुक्त गराउँछ, वैदेशिक मुद्रा सञ्चितिमा मद्दत गर्छ र वातावरण संरक्षणमा समेत महत्वपूर्ण योगदान दिन सक्छ। तर, प्रविधि जतिसुकै उन्नत भए पनि त्यसलाई प्रयोग

गर्ने मानवीय पक्ष कमजोर र अदक्ष भएमा त्यसले समृद्धिको साटो क्षति र जोखिम निम्त्याउन सक्छ ।

त्यसैले, विद्युतीय सवारीको बढ्दो प्रयोगसँगै हाम्रो तयारी, अनुशासन र जिम्मेवारी पनि त्यत्तिकै बलियो हुनुपर्छ । चालकको दक्षता, सरकारको प्रभावकारी नियमन, व्यवसायीको इमानदारीता र नागरिकको सचेतना, यी चार खम्बा मजबुत भए मात्र विद्युतीय सवारी सुरक्षित, भरपर्दो र सफल बन्न सक्छ ।

अन्ततः, प्रविधि अघि बढिसकेको छ, अब हाम्रो तयारी पनि त्यसकै गतिमा अघि बढ्नुपर्छ। सुरक्षा र अनुशासनबिनाको प्रविधिले सुविधा मात्र होइन, जोखिम पनि निम्त्याउन सक्छ । त्यसैले विद्युतीय सवारीलाई दुर्घटनाको चिन्ता होइन, समृद्धि, दिगोपन र सुरक्षित भविष्यको प्रतीक बनाउने जिम्मेवारी हामी सबैको काँधमा छ। सुरक्षा सावधानी अपनाऔँ, प्रविधिलाई सही रूपमा प्रयोग गरौँ र आफ्नो यात्रालाई सुरक्षित, सहज र विश्वसनीय बनाऔँ । ♦

कविता

# यो देश बन्छ बन्छ !

✍ **विवेक दुलाल क्षेत्री 'दमक'**



यहाँ के छैन
छन् निधारजस्ता फराकिला
तराइका फाँटहरू
छन् दाँत जस्ता टलक्क टल्केका सेता हिमालहरू
छन् रहर जस्ता मन हर्ने राता गुराँसहरू
यहाँ के छैन,
छ चुलेबुले बादलजस्तो अग्लो सगरमाथा
छ हेर्दा सबैको हृदय सङ्गलिने फेवा रारा
छ स्वयम्भू र पशुपतिनाथको रिदम रूपको
मादकता
छ हर नेपालीको जाँगर र अटल देशप्रेम
यहाँ के छैन,
छ विश्वकै पृथक र विशिष्ट हावापानी
छ दोस्रो वैभवशाली जलस्रोत
छ संसारकै होचो भाग कचनाकलन
छ कालीगण्डकीमा रातो शालीग्राम
र पनि रितिएका छन् गुँडहरू
र पनि खाली छन् गाउँहरू
र पनि छैनन् घरमा युवाहरू
र बाँझो छ जमिन आखिर किन ?
यो ठाउँलाई माया गर्न
पर्याप्त छैन व्याख्या
पर्याप्त छैन हल्का श्रम
पर्याप्त छैन कोरा बिचार
यसैले आउनुहोस्, व्यवहारिक कर्म गरौं
मन भित्रैबाट माटोलाई प्रेम गरौं
एक दुई तीन, यो देश बन्छ बन्छ ।

कथा

# त्यो अकल्पनीय क्षण



✍ गङ्गा कर्माचार्य पौडेल

"रश्मी ! बाहिर जान लागेको ? एकछिन बातमारूँ भनेर आएकी थिएँ" कमलाले भनी, 'अफिसमा बस्दै गर, म आइहाल्छु' भनेर उसलाई पर्खाएर म बाहिर गएँ।

कमला अफिस भित्र छिरेर चारैतिर आँखा डुलाई। त्यहाँ महिला हिंसा सम्बन्धी भित्तामा टाँसिएका फोटाहरू हेरेर भनी "कति निर्दयी छन् मान्छेहरू ? आफ्नै छोरी चेलीहरूको हुर्मत लिन सक्ने पशु भन्दानी निच। उसले मनमनै यो पनि भनी "रश्मी !" जस्तो नाम त्यस्तै काम"। महिला हिंसा तथा यौन दुर्व्यवहार सचेतन केन्द्र खोलेर दश वर्षदेखि समाजमा उज्यालो छर्दै आएकी छ। पीडितलाई न्याय दिलाउने, भर्खर पखेटा लागेका चराका बचेरा जस्ता अल्लारे उमेरका किशोर किशोरीहरूलाई शारीरिक मानसिक परिवर्तनका बारेमा परामर्श दिने, विपरीत लिङ्गतर्फको आकर्षण प्रति सचेत गराउने, यौन दुर्व्यवहार सम्बन्धी चेतना जगाउने देखि विभिन्न प्रकारका तालिमको व्यवस्था समेत गर्दै आएकी छ।

हामीसँगै पढेकी उसले मास्टर्स गरिसकी र पनि बिहा गरेकी छैन। मैले मात्र बैंसमा आँखा नदेखेर कक्षा नौमा पढ्दै विनोदसित लभ गरेँ। उमेर नपुगी आमा हुँदा पहिलो बच्चा खेर गयो। पछिका तीनवटालाई पाल्नै कठिन छ। बेलामा बुद्धि पुगेन अहिले पछुताएकी छु। उबेला यस्तो केन्द्र भई दिएको भए सुध्रिने थिए की"?

"कमला ! भन्दै म भित्र पसेँ, ऊ झसङ्गै भई।"

तँलाई बोर भयो हगि ? के गर्नु ? एकजना किशोरीलाई अधबैंस मान्छेले बाटो छेकेर यौन दुर्व्यवहार गरेछ। जसरी नि आइदिनु पर्‍यो भनेर फोन गरे, त्यसैले गएकी। तँ घरबाट कहिले आइस्? बिनोदलाई कस्तो छ ? नानीहरू कत्रा भए ?।

"ठिकै छ..." भनेर लामो सास तानी कमलाले ।

अब चियाखाजा खाउँ है ? तँलाई भोक पनि लाग्यो होला ? भन्दै मैले ग्यास चुलोमा कित्ली बसालेँ।

"काम गर्ने मान्छे छैनन् ?" कमलाले सोधी।

मान्छे भर्ना गरेपछि तलब दिनु

पर्छ। अफिसको आम्दानी छैन। त्यसकारण सबै काम आफै गर्छु।

हामी गफिदै चियाखाजा खाँदै गर्दा एउटी किशोरी टुप्लुक्क आईपुगेर धरधरी रूँदै भनी "दाइले मलाई नराम्रो व्यवहार गर्छ" ।

"तिम्रो बुबाआमा हुनुहुन्न ?" मैले सोधेँ ।

"बुबा हुनुहुन्न, आमा ओछ्यान पर्नुभको छ। दाइले राती जाँड खाएर आएर मलाई गाला चिमोट्ने, अंगालेर छातीमा टाँस्ने, संवेदनशिल अंगमा छुने गर्छ । त्यसो नगर भन्दा मार्दिन्छु भनेर धम्क्याउँछ । दिनभरि काम गर्न अन्तै जान्छु। राती बिरामी आमालाई छोडेर कहाँ जाउँ "। भनेर ह्वाँ ह्वाँ रोई ।

मैले किशोरीको आँसु पुछिदिँदै "नरोऊ अब निर्धक्क भएर घरमा बस । जे गर्नुपर्छ हामी गर्छौं" भने ।

"त्यो दाइ साह्रै मुर्ख छ । यस्तो कुरा अरूसित भनिस् भने मार्दिन्छु भनेको छ। मैले भनेको नभन्नु है मिस ।"

नडराउ, मुर्खको उपचार छ हामीसित । धन्दा नमान । मैले भनेपछि किशोरीले मुहार उज्यालो पारेर घर गई ।

"तँ यस्ता जोखिमपूर्ण काम कसरी गर्छेस् ? यस क्षेत्रमा लाग्ने प्रेरणा कसले दियो ?" कमलाले सोधी ।

हेर कमला ! जोखिम विनाको न ठाम हुन्छ न काम । हामी बसेको घर भुइँचालोले भत्काउन सक्छ, खाना पकाउँदा होसियार नभए हात पोल्छ होइन र ?"

बोलेर कसले जित्ने तँलाई ? बरू अप्ठेरो परेको बेला हामीलाई सम्झी है। कमलाले भनी।

तिमीहरू जस्ता मित्रहरू छौं र त काम गर्ने हौसला बढेको छ नि । हेर न ! अहिलेका किशोर किशोरीहरू कति पीडित छन्। किशोरहरूलाई अभिभावकले नबुझ्ेर पीडित छन् । किशोरीहरू यौन दुर्व्यवहारबाट पीडित छन् । आफ्नै घरमा सुरक्षित छैनन् उनीहरू। कोही बुबा, हजुरबाबाट बलात्कृत भएका छन् । कोही काका, मामा, दाइबाट यौन दुर्व्यवहारमा परेका छन्। अरू पुरूषबाट हुने हिंसाको कुरै छोडौं । त्यस्तो अनैतिक कार्य रोक्नु संस्थाको मुख्य उद्देश्य हो । यसका थुप्रै चुनौतीहरू छन्।

सर्वप्रथम घरको इज्जत जाने डरले हत्पति कसैले भन्ने आँटै गर्दैनन्। भनी हाले पनि घरपरिवार, समाजले पीडितकै दोष देख्छन्। तर अहिले यो महिला हिंसा तथा यौन दुर्व्यवहार सचेतना केन्द्र खोले पछि अभिभावकहरूमा जागरण आएको छ । किशोरीहरू पनि पहिला बोल्नै लाज मान्थे। अहिले खुलेर बोल्न थालेका छन्। अगि सुनिहालिस् ती किशोरीका कुरा।

अब महिला हिंसा र यौन दुर्व्यवहारलाई बहसकै विषय बनाई पाठ्य

पुस्तकमा समेत समवेश गरिनु पर्छ । अनि मात्र किशोर किशोरीहरू अझै बढि सचेत र सजग हुन्छन् ।

मेरो कुराले कमला शान्त भइन । उसले फेरि सोधी, “हैन तँलाई यस्तो काम गर्ने प्रेरणा कसले दियो ?त्यो त भन्” ।

मैले अतितका घटना सम्झिदै भने, ‘म आठ कक्षामा पढ्दा चौध वर्षकी किशोरी थिएँ । तिमीहरूले अङ्ग्रेजीको ट्यूसन पढ्दा मलाई नि पढ्न मन लागेर ममीसित भने। ममीले “मसँग पैसा छैन। तिम्रो बुबाले भएभरको पैसा खर्च गरेर आफ्नो (देवर) भाइलाई रूसमा इन्जिनियर पढ्न पठाउनु भयो। भाइ गएको दुई वर्षमा आफै पनि यो संसार छोडेर जानुभयो। उहाँ गएदेखि हाम्रो दुःखका दिन सुरू भयो । विगत पाँच वर्षदेखि म यो घरमा बिना पारिश्रमिककी दासी जस्तै भएकी छु । दुइ महिना पछि अंकल आउनुहुन्छ त्यसपछि घरमै पढौली” भन्नुभयो ।

ममीले पैसा नदिएपछि हजुरबाआमालाई मैले अनुरोध गरैं। उहाँहरूले बिहे गर्ने बेलामा किन पढ्न पर्‍यो ? भने पछि डौडिदै गएर बुबाको तस्विर अगाडि ह्वाँ ह्वाँ रूँदै भने ‘बुबा ! मलाई छोडेर कहाँ जानु भयो ? यहाँ कसैले माया गर्दैनन् मलाई लिन आउनु न हुँहुँहुँहु...।

ममी आएर मेरो आँसु पुछिदिँदै “तिमीलाई धेरै पढाएर ठूलो मान्छे बनाउने बुबाको धोको थियो । नजानेका कुरा सर मिससँग सोध्दा नि हुन्छ । ट्यूसन पढ्दैमा नम्बर आउँछ भन्ने छैन” । भनेपछि रून छोडेँ किनभने ममी मेरो साथी जस्तै हुनुहुन्थ्यो। उहाँले म ठुली हुँदै गर्दा ममा आएको शारीरिक परिवर्तन, पहिलो पटक रजस्वला, विपरीत लिङ्गतर्फको आकर्षण जस्ता कुराको ज्ञान दिनु भएको थियो। त्यसैले म अलि गम्भीर स्वभावकी थिएँ।

कमलाले बिचैमा प्वाक्क बोली त्यो त थाहा छ “अनि अंकल आउनु भएन ?”

सुन न म भन्दैछु ‘अंकल आउने दिन बडो व्यग्रताका साथ पर्खिरहेकी थिएँ। उहाँ आएपछि कुद्दै ढोका बाहिरै लिन गएँ। अंकलले अहो ! मेरी गुड्डी कति छिट्टै ठूली भइछ भनेर च्वाप्प गालामा म्वाइँ खानु भयो । त्यतिबेला उहाँको मुखबाट ह्वास्स पुरूष गन्ध आएको महसुस गरैं । किनभने म सानी छँदा अंकलको म्वाइँमा स्नेह, अपनत्वको मिठास हुन्थ्यो तर यसपाली त्यस्तो थिएन।

उहाँ घरभित्र पसेपछि सबैजना खुसी भए । हजुरबाआमाले जेठो छोरो बितेको दुःख, नातिनी हुर्किएको पीर, आर्थिक अभावको चिन्ता एकसाथ पोख्नु भयो । साँझ परिसकेकोले खाना खाएर आ-आफ्नो कोठातिर लागियो । त्यसरात ममी र म धेरैबेरसम्म सुतेनौं। ममीले “छोरी!

तिमीले अंकलबाट बुवाको माया र पढाई एकसाथ पाउने भयौ। मैले देवरानी आएपछि घरधन्दाबाट अलि फुर्सद पाउनेछु । अब हाम्रा दुःखका दिन गए" भन्नुभयो ।

म पनि 'अंकलले घडी, मोबाइल, ल्यापटप केके ल्याइदिनुभएको होला ? भन्दै साथीहरूलाई मोबाइलमा एसेमेस, फेसबुक च्याट गरेको कल्पनामा चुर्लुम्मै डुबेँ ।

भोलिपल्ट बिहान ममी र म अंकलको कोठामा गयौं । ममीले "ल..बाबु ! यसले ट्र्युसन पढ्न नपाएर भुतुक्कै भएकी छ । तपाईंले पढाइदिनु पऱ्यो" भन्नुभयो ।

"ए ! भइहाल्छ नि, बस्दै गर म हातमुख धोएर आउँछु" भनेर निस्कनुभयो। ममी पनि भान्छातिर लाग्नुभयो ।

अंकल रूमालले मुख पुछ्दै भित्र पसेर ड्याम्म ढोका ढप्काएर चुक्कुल लाउनु भयो। त्यसपछि मेरो कपाल मुसारेर गालामा म्वाइँ खाँदै भन्नु भयो। "कुन चाहिँ लेसन सिकाउँ ? मेरी गुड्डीलाई"।

लजाउँदै मैले भने 'पहिलो लेसनबाटै सुरू गर्ने ..साथीहरू धेरै अगाडि बढि सके मैले मात्र पढ्न पाछैन ।

अंकलले राम्ररी बुझाएर अङ्ग्रेजी पढाउदा छुटेका लेशनहरू छिट्टै कभर गरिहालेँ । नियमित पढेपछि त झन कक्षामा तिमीहरूभन्दा सिपालु नै भएँ ।

"त्यो त थाहा छ । त्यसपछि के भयो भन न ।" कमलाले भनि के हुनु नि "अंकल घरमा आएपछि मलाई त बुबा आए जत्तिकै लाग्यो । खुसीले फुरूङ्गै भएँ । तैपनि उहाँको व्यवहारबाट चाहिँ दिक्क थिएँ। किनभने उहाँले घरि काखमा राख्ने, घरि जीउ सुमसुम्याउने, अंगाल्ने गर्नुहुन्थ्यो । गाला चिमोट्ने, म्वाइँ खाने त कति, कति । मैले त्यो कुरा ममीलाई पनि भनेँ । ममीले "तिमी सानी छँदा अंकलले औधी माया गर्नुहुन्थ्यो। ख्वाउने, खेलाउने न्वाइदिने समेत गर्नहुन्थ्यो । त्यसैले प्यारो नामले गुड्डी भनी बोलाउनु हुन्छ नि। अंकलले काखमा राख्दा, म्वाइँ खाँदा, अन्यथा मान्नु हुँदैन।"

मैले म सानी छँदा र अहिलेको फरक अनुभूति मैले ममीलाई बुझाउन सकिन त्यतिखेर । अंकल भने फक्रिन लागेको फूलको कोपीला देखेर भमराले ऱ्याल काढे जस्तै संयमता अपनाउन नसकेर मलाई यौन दुर्व्यवहार गरिरहनु भयो ।

एकदिन साँझ खाना खाएपछि पढ्न आउ भनेर बोलाउनु भयो। म कोठामा पसेपछि सधैँ झै ढोकाको चुक्कुल लाउनु भयो । मैले एउटा कपी लान बिर्सेछु । फेरि गएर ल्याउँदा ढोका ढप्काएँ मात्र । अंकलले रूममा बस्दा खिचेका फोटाहरू देखाउनु भयो । एउटा फोटो मोबाइमा कुरा गर्दै गरेको देखेर भने 'अंकल ! मलाई मोबाइल,

ल्यापटप ल्याइदिनु भएन ? मैले फोन गरेर भनेकि थिएँ त । सुटकेश भित्रै छ हो ? भनेर सोधें ।

हो..भन्दै अंकलले च्वाप्प म्वाइँ खाएर चपक्क अङ्गालोमा कसेर मलाई ओछ्यानमा पल्टाउनुभयो । त्यतिखेर मैले अंकललाई नराम्रो राक्षस जस्तो देखेँ । अनि हिम्मत जुटाएर भएभरको बल निकाली घोडाको टापले जस्तै खुट्टा उचालेर छातीमा लात्तीले हिर्काएँ । त्यो राक्षस ढुन्मुनिदै पलङ्मुनी ढल्यो । म पत्ताचोर भागेर हाम्रो कोठामा पुगेँ । त्यति राम्रो अंकल त्यस्तो नराम्रो राक्षस बन्नु होला भनेर कल्पनासम्म गरेकी थिइन । त्यो अकल्पनीय क्षणलाई म कहिल्यै बिर्सन सक्तिन । त्यसै दिन यस्तो घटना कुनै किशोरीमाथि नहोस् भनेर यस क्षेत्रमा लाग्ने अठोट गरेकी थिएँ ।

रश्मीको कुरा सुनेर कमलाको कनसिरीका रौँ ठाडा भए । ऊ रिसले मुर्मुरिदै भनि त्यस्तालाई त कालोमोसो दलेर चोक गल्ली घुमाउनु पर्ने । थाहा पाएको भए मैले यसै छोड्ने थिइन त्यसलाई । ◆◆

लघुकथा

# आर्थिक मन्दी



✍ **लीलाराज दाहाल**

पम्फा घरको कम्पाउण्डभित्र पस्दासम्म पर्याप्त खुसी थिई ! बाहिरै डिनर खाएर आएकी थिई । साथीहरूसँग लिएको ह्विस्कीले अझै छोडिसकेको थिएन । त्यसैले पनि आज उसलाई विशेष आनन्द प्राप्त भएको थियो । बिहान बिहानै उसले पतिबाट मोटै रकम हात पारेकी थिई । टोलभरिका मिल्ने साथीहरूलाई क्याफेमा पार्टी दिन पाउँदा उसको इज्जतको कद पनि बढेको थियो । घरभित्र पसेपछि भने उसको अनुहारबाट खुसी अचानक बेपत्ता भएको थियो । घरभरि उसका नन्द-आमाजुहरू नाचगान गर्दै थिए । उसले पति हरिकृष्णलाई खाउँला जस्तो गरेर कडा नजरले हेरी । पति लुगलुग काम्दै बोल्यो, “धेरै भएको थियो चेलिबेटीलाई नसम्झेको । त्यसैले आज डाकेको हुँ ।

दिदीबहिनीहरू खुसीले नाच्दैछन् ।” पम्फा रिसले आगो भएकी थिई तैपनि केही नबोली सरासरी माथिल्लो तलामा पुगी । अब के अनर्थ हुने हो भनेर ऊ पनि पछिपछि माथि पुग्यो । उसले पछाडि पछाडि आउँदै गरेको पतिलाई आँखा तर्दै सोधी, “आर्थिक मन्दीको बेलामा के गरेको यस्तो ?”

# आर्थिक विकासमा निजी क्षेत्रको भूमिका



✍ सुदर्शन अधिकारी

हाम्रो देशको विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । हरेक देशको विकास सरकार एक्लैले मात्र गर्न सक्दैन । विभिन्न नीति निर्माण गरी विकासमा निजी क्षेत्रको प्रभावकारी सहभागिता हुने व्यवस्था पनि मिलाइएको हुन्छ । विगत दुई दशकदेखि नै नेपाल सरकारले विकासमा तीन खम्बे नीतिको अवलम्बन गर्दै आइरहेको छ । जसमा सरकार, निजी क्षेत्र र सहकारी रहेका छन् । पछिल्ला केही वर्ष यता सहकारी क्षेत्रमा समस्या सिर्जना भएका कारण यस क्षेत्रको हिस्सा केही कम भए पनि सरकार र निजी क्षेत्रको भूमिका उस्तै र महत्वपूर्ण रहँदै आएको वास्तविकता स्पष्ट नै रहेको छ। माथि उल्लेख गरिएका तीन क्षेत्र एउटा अगेनाको ओदान जस्तै मान्न सकिन्छ।

देशमा समानुपातिक विकास गर्ने उद्देश्यकासाथ संघीयताको थालनी गरिएको पनि एक दशक भइसक्यो। राज्यको आफ्नै स्रोत र साधनले मात्र देशको विकास गर्न नसक्ने भएकोले निजी क्षेत्रलाई पनि साथै लिएर राज्य अगाडि बढ्ने गरेको छ। हाम्रो अर्थतन्त्र मजबुत र सबल रहेको छैन । आर्थिक वृद्धि पनि विविध कारणले न्यून मात्र रहेको छ। उत्पादन पनि कम छ भने आयातमा निर्भर रहनु पर्ने अवस्थाका कारण विकासमा समस्या रहेका छन् । झण्डै साठी प्रतिशत नागरिक कृषिमा संलग्न रहेका देशका हामी दैनिक उपभोग्य वस्तु तथा खाद्यान्न फलफूल लगायतका उपभोग्य वस्तु खरिदमा मासिक रूपमा अर्बौं रकम खर्च गरिरहेका छौं ।

निजी क्षेत्रले देशको उत्पादन तथा व्यापार वृद्धिमा प्रमुख भूमिका खेल्दै आइरहेको छ । दृष्टान्त हेर्ने हो भने पनि आज सिमेन्ट उत्पादनमा हामी आत्मनिर्भर मात्र नभई निर्यात गर्न थालेको अवस्था छ । केही वर्ष अगाडिसम्म पनि सिमेन्ट आयातमा अर्बौं रकम विदेश जाने गरेको थियो। त्यसै गरी इँटा उत्पादनमा पनि हामी कसैको भर पर्नु पर्दैन। आज स्वदेशमा नै दर्जनौं सिमेन्ट उद्योग रहेको अवस्था छ। सयौंका संख्यामा रहेका चिम्नी भट्टाबाट उत्पादित इँटाले माग धान्न सक्षम रहेको छ । विद्युत् पनि हामी निर्यात गर्न सक्ने

अवस्थामा पुगेका छौँ । यसरी निजी क्षेत्रले सरकारलाई हरेक क्षेत्रमा साथ दिई नेपालको आर्थिक विकासमा सकारात्मक र महत्वपूर्ण सहयोग गर्दै आइरहेको छ।

पछिल्लो समय जेन्जी आन्दोलनका कारण निजी क्षेत्रको मनोबल कमजोर भएको छ त्यसलाई माथि उठाउने कार्यमा पनि राज्यले विशेष ध्यान दिनुपर्छ। शिथिल अर्थतन्त्रलाई चलायमान बनाउनका लागि पनि निजी क्षेत्रका जायज मागलाई सम्बोधन गर्न विलम्ब गर्नु हुँदैन। रोजगारीको सिर्जना, लगानीको वातावरण निर्माण जस्ता विषयमा निजी क्षेत्रको प्रभावकारी सहभागिता जरूरी रहेको छ। हामीले लगानी सम्मेलनको आयोजना गरी विदेशी लगानी आकर्षित गर्ने प्रयास गरे पनि त्यसले अपेक्षित उपलब्धि हासिल गर्न भने सकिएको छैन। देशमा शान्तिपूर्ण वातावरण, लगानीको सुनिश्चितता जस्ता पक्षमा विशेष ध्यान दिनु पर्ने खाँचो रहेको देखिन्छ।

स्वदेशमा नै अधिकांश आवश्यक वस्तुहरूको उत्पादन गर्न सक्ने हो भने आयात गर्दा लाग्ने रकम पनि बचत भएर सो रकम अन्य क्षेत्रमा लगानी गरी आम्दानी गर्न सकिन्छ । आज निजी क्षेत्रबाट उत्पादित वस्तु तथा उपभोग्य सामानबाट आत्मनिर्भरताको यात्रा तय गर्न सक्षम बन्दै गएका पनि छौँ। यो ज्यादै सुखद् पक्ष पनि हो। दृष्टान्तका लागि कुखुराको मासु, दुध, अण्डामा पनि हामी पूर्ण रूपमा आत्मनिर्भर बनेका छौँ। एक जना उद्यमीको उद्योगमा क्षति पुग्नु भनेको त्यसको बहुआयामिक असर रहेको हुन्छ। प्रथम त रोजगारी गुम्छ भने राज्यले कर पनि गुमाउँछ। त्यतिमात्र नभई त्यसको नाफाबाट जाने लाभांश पनि गुम्छ र समग्र व्यापारको चक्रमा पनि अवरोध सिर्जना गर्छ।

पछिल्लो एक तथ्याङ्क अनुसार देशको समग्र अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत रहेको छ। निजी क्षेत्रले विभिन्न प्रकारका समस्याहरूको सामना गरिहेको छ। प्राकृतिक विपत्ति र राजनीतिक परिवर्तनका नाममा भएका आन्दोलन तथा अस्थिर सरकारका कारणले समस्या थप जटिल बन्ने गरेको दखिन्छ। त्यसैगरी विगतमा ल्याइएका मौद्रिक नीतिका कारणले पनि व्यापारी मारमा परेका छन्। चर्को ब्याज तिर्न नसक्ने अवस्थाको सिर्जना हुँदा लगानीमा पनि अवरोध देखा परेको तितो वास्तविकता पनि हामीले बिर्सन हुँदैन । अव्यवहारिक मौद्रिक नीतिका कारण हजारौँ लगानीकर्ता कालो सूचीमा पर्न जाँदा पनि निजी क्षेत्र थप निरूत्साहित बन्न पुगेको देखिन्छ । यसैले राज्यले नीति निर्माण गर्दा पनि ध्यान दिनुपर्छ । विकासमा सहयात्रा गर्ने निजी क्षेत्रको मनोबल गिराउने कार्य गर्नु हुँदैन।

हाम्रो प्रमुख समस्या भनेको

रोजगारीको अभाव हो त्यसलाई सम्बोधन गर्न उद्योगहरूको स्थापनामा जोड दिनुपर्छ। तर उद्योग स्थापनाका लागि राज्य र निजी क्षेत्र हातेमालो गरी अगाडि बढ्नुपर्छ। त्यसका लागि हर तरहले प्रयास गर्न सक्नुपर्छ। राज्यले निजी क्षेत्रलाई विश्वासमा लिन सक्यो भने मात्र काम गर्न सहज हुन्छ। होइन भने उत्पादन, व्यापार, लगानी जस्ता अर्थतन्त्रका अवयवहरू शिथिल बन्न पुग्छन्। देशमा लगानीमैत्री वातावरणको निर्माण गर्न पहिले स्वदेशी लगानीकर्ताहरूले खुलेर लगानी गर्नुपर्छ। अनि मात्र विदेशी लगानीकर्ताहरू आकर्षित हुन्छन्। यसैले सर्वप्रथम त स्वदेशी लगानीकर्तामा विश्वासको वातावरण सिर्जना गर्नुपर्छ।

नेपालमा सहज रूपमा रोजगारी सिर्जना गर्न सकिने क्षेत्र भनेको पर्यटन क्षेत्र हो। ठूला र सुविधायुक्त होटलमा भएको क्षतिले पर्यटन क्षेत्र पनि प्रभावित भएको छ। नयाँ गन्तव्य पहिचान गरी पर्यटन व्यवसायले थप विस्तार गर्नका लागि पर्यटन व्यवसायी र राज्य मिलेर काम गर्नुपर्छ। पर्यटन व्यवसायका लागि पनि सबभन्दा पहिले त सुरक्षाको वातावरण सिर्जना गर्नुपर्छ। आन्दोलन र असुरक्षाको कारणले यस क्षेत्रमा पनि थप अवरोध भएको छ। कोभिडले थला परेको यस क्षेत्रमा केही सुधार भइरहेका बेलामा जेन्जी आन्दोलनका कारण समस्या थपिएको अवस्था छ। यसलाई हटाउनका लागि बन्द हड्ताल जस्ता कार्यक्रमहरूलाई बन्द गराई विश्वसनीय वातावरणको सिर्जना गर्न विशेष पहल पनि गर्नुपर्छ।

राज्यले निजी क्षेत्रलाई कृषिमा पनि आकर्षित गर्न सक्नुपर्छ। आज विविध कारणले उर्भर जमिन पनि वञ्जर रहेको अवस्था छ। व्यावसायिक र आधुनिक कृषिमा आम युवा वर्गलाई आकर्षित गर्ने दिशामा प्रभावकारी कार्य गर्नु आजको आवश्यकता रहेको देखिन्छ।

त्यसैगरी चिया तथा कफि उत्पादन गरी निर्यात गर्न सकिन्छ भने अलैंची अदुवाजस्ता अन्य कृषिजन्य उत्पादनबाट रोजगारी, उत्पादन र व्यापार समेतमा वृद्धि गर्न सकिन्छ। यसैगरी जैविक विविधतामा धनी हामी जडिबुटीबाट आयुर्वेदिक औषधी उत्पादन गर्न सकिन्छ। यस्ता वनस्पतिहरूमा निरमसी, जटामसी, पाँचऔंले, यार्सागुम्बा, सालधुप, पाखनवेद, असुरो जस्ता वनस्पति रहेका छन्। हिमाली भेगमा रहेका औषधीजन्य जडिबुटीको भरपुर उपयोग गरी आम्दानी र रोजगारी दुबै सहज रूपमा गर्न सकिन्छ।

हरेक देशमा लगानीको वातावरण निर्माण गर्न सर्वप्रथम त राज्य जिम्मेवार बन्नुपर्छ भने साथसाथै स्वदेशका व्यवसायी पनि त्यतिकै जिम्मेवार बन्न सक्नुपर्छ। किनभने स्वदेशी लगानीकर्ताको अवस्था हेरेर मात्र

विदेशी लगानीकर्ताहरू आउने गर्छन् । पछिल्लो केही वर्षदेखि यता लगानीकर्ताले प्रतिबद्धता जनाए अनुसारको लगानी पनि ल्याउन सकिरहेका छैनन् । यसका अनेक कारणहरू रहेका छन् । लगानीको सुनिश्चितता, सुरक्षाको कमजोर अवस्था तथा राजनीतिक अस्थिरता पनि कारकहरू रहेका देखिन्छन् । यसैगरी मौद्रिक नीति, बैंकको ब्याजदर पनि कारणको रूपमा रहेका छन् । राज्यले उद्योग मैत्री नीति निर्माण तथा त्यसको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने मार्गमा विशेष ध्यान दिनुपर्छ ।

नेपालमा हाल लगानीको वातावरण सकारात्मक बनेको र नाफा लैजान र सम्पत्ति ल्याउन पनि पाउने व्यवस्था रहेकोले यस क्षेत्रमा समस्या नरहेको दावी पनि गरेको छ । उद्योग विभागको पछिल्लो तथ्याङ्क अनुसार २७ वटा ठूला उद्योग, २९ वटा मझौला गरी ६९० वटा उद्योगहरू थपिएको जनाएको छ । यसैगरी ८४० वटा विदेशी परियोजनाहरू सञ्चालनमा रहेका छन् । यसरी हेर्दा उद्योग तथा लगानीको वतावरण सहज बन्दै गएको पनि देखिन्छ । नेपालको आवश्यकतालाई मध्यनजर गरी नीति निर्माणको तहदेखि नै ध्यान दिएर लगानीको सुनिश्चितता बढाउँदै जानुपर्छ । यसका लागि राज्यले देशमा सुशासन, सुरक्षा र राजनीतिक स्थिरतामा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

देशका सातै प्रदेशमा साना तथा घरेलु उद्योगको स्थापना गर्न प्रोत्साहित गर्न पनि जरूरी रहेको छ । यदि मझौला उद्योग स्थापना गर्न चाहने उद्यमी छ भने उसलाई सहज तरिकाले ऋणको उपलब्धता हुने संयन्त्र निर्माण गरी कार्य सम्पादनमा लाग्नुपर्छ । गत वर्ष चीन सरकारसँग भैंसीको मासु निर्यातका लागि सम्झौता पनि गरिएको थियो । यसका लागि कृषकलाई भैंसी पालनमा आकर्षण गर्ने प्रभावकारी कार्यक्रम ल्याउनु पर्ने खाँचो पनि टड्कारो रूपमा रहेको छ । यस कार्यक्रमलाई सफल बनाउनका लागि पनि राज्यले निजी क्षेत्रको साथ लिने काम गर्नुपर्छ ।

एउटा उद्योग स्थापना हुनु भनेको रोजगारी सिर्जना हुनु, उत्पादन वृद्धि हुनु र व्यापार समेत वृद्धि हुने भएकोले उद्योग स्थापनामा विशेष जोड दिनुपर्छ । देशको आर्थिक विकास गरी संवृद्ध अर्थतन्त्र निर्माण गर्नका लागि निजी क्षेत्रलाई विश्वासमा लिएर अगाडि बढ्नुको विकल्प पनि छैन । विकासका लागि निजी क्षेत्र र सरकार एउटै सिक्काका दुई पाटाझैं बनेर कार्य गर्नुपर्छ । देशको विकासमा फड्को मार्न पनि आगामी दिनमा थप प्रभावकारी तरिकाले अगाडि बढ्नुपर्छ ।

प्रदेश सरकारले पनि उद्योगको स्थापना गर्न प्रभावकारी पहल गर्नुपर्छ । यसका लागि प्रदेशको बजेट मार्फत कार्यक्रम

ल्याएर साना तथा मझौला उद्योगमा लगानीको वातावरण निर्माण गर्ने तर्फ पनि ध्यान दिनु जरूरी रहेको छ । खासगरी उद्योग मन्त्रालयको अर्जुन दृष्टि यसतर्फ हुनुपर्छ । ◆◆

लघुकथा

# तयारी खाना



✍ **बिन्दु अधिकारी ढकाल**

"यस्तो असभ्य र अपमान जनक व्यवहार कसैले नगर्नु...! शत्रुलाई पनि नगर्नु...!" आमा चकित पर्नुभयो, छोरी बोलेको सुनेर । "छोरी, के भयो र ? यसरी एक्लै फतफताएकी । आमाको सोधनी थियो । "मैले जानेर कसैलाई नराम्रो गरेकी छैन । छलकपट कस्तो हुन्छ, त्यो थाहा छैन । लोभ्याउँदै देखाएर र लुकाएर केही खाएकी पनि छैन । यत्ति हो चित्त नबुझ्दो विषयमा कुरो लुकाउन आउदैन तर...।" छोरीलाई रोकेर आमाको पालो भन्न थालिन्, "बाङ.गोटिङ.गो नघुमाइ सिधा भन् न, तँलाई कसले अपमान गर्यो ? किन गर्यो ?" "म कसरी भनौँ र आमा ! त्यो घरमा मैले सजिलो गरी सास फेर्न सकिनँ । जति राम्रो सोचेर काम गर्छु, उती नै नराम्रो व्यवहार खप्न बाध्य हुन्छु । दुनियालाई किन पो वास्ता गर्नु ? भन्ने लागेर आफ्नो ध्येय मेला पर्म गर्छु । दुई छाक खान र एकसरो लगाउन कोहीसँग हात पसार्नु परेको छैन तै पनि...!"

छोरीले वाक्य पूरा गर्न सकिन । गोधूली त्यो साँझ आमासँग आँखा जुधाएर हाँस्न न बोल्न । भाव शून्य मुद्रा टोलाएका आँखा आकाश हेर्न थाली । केही बेरको सन्नाटापछि छोरीले भन्न थाली-"मुरीका धोक्रा भरेझैं घरका सबैलाई खुवाइपियाइ अन्तिममा आफूले पनि खानु पर्यो भनेर दुई गाँस खाना तयार गरेकी थिएँ । बाहिर धारामा भरिएको गाग्री लिएर भित्र आउछु त मेरो त्यो भाग नै छैन ।" "कसरी त्यस्तो भो ? चुलो त उठेको थिएन होला नि ?" चकित पर्दै आमाले सोध्नु भयो । "थिएन आमा, थिएन ! चुलो कहाँ जान्छ र उठेर बरू भान्सामा ताल्चा झुन्डिएको देखेँ ।" "अनि, तेरो लागि खानापिना कसरी पेट अघाइस् ?" उस्तै कौतुहलपूर्ण रूपमा आमाले प्रश्न सोध्नु भयो । "उपाय गरे नि आमा किन नगर्नु ! मैले त्यसपछि मोबाइल खोलेर चलाउन थालेँ । सामाजिक सञ्जालमा आउने र खाएरै नसकिने खाना 'स्टीकर' हरूलाई हेरेर रात बिताउने निधो, मुखको साटो आँखाले खाएँ !"

संस्मरण

# त्यो वेलाको पढाइ...



सीताकुमारी न्यौपाने धिताल

लामो बिदापछि नयाँ शैक्षिकसत्र शुरु भएर छोराहरू विद्यालय जान थालेका छन् । काँधमा सकीनसकी किताबको भारी बोकेर उनीहरू जाँदै गर्दा अतीतका सम्झना ताजा भएर आउँछ । आफू विद्यार्थी हुँदा ३०-३५ वर्षअघिको समयतिर फर्किन्छु ।

काठमाडौँसँग जोडिएको छ, म जन्मेको हुर्केको सिन्धुपाल्चोक जिल्ला । अहिलेको सुनकोशी गाउँपालिकामा पर्ने ठोकर्पा गाउँ मेरो जन्मभूमि, जो जिल्लाको दक्षिण-पश्चिम भागमा पर्छ । यो काभ्रेपलाञ्चोक जिल्लासँग पनि जोडिएको छ । पहाडको परिवेश । मेरो विद्यालय घरनजिकै थियो, त्यहाँ कक्षा-५ सम्म पढाइ हुन्थ्यो । तर कतिपयले छोरालाई मात्रै पढ्न पठाउँथे । छोरीलाई पठाउँदैनथे ।

हाम्रो पालामा बुबाआमाका धेरै छोराछोरी हुन्थे । अहिलेजस्तो एक वा दुइ सन्तान हो र ! कृषि (खेतीपाती) मा आधारित जनजीवन र गरिबीका कारण सबैले छोराछोरीलाई पढ्न पठाउन सक्दैनथे । एकातिर विद्यालय टाढा हुन्थ्यो, आउनजान नै घण्टौं लाग्ने । अर्कातिर छोराछोरीलाई घरमा राख्दा खेतीपातीका काममा सघाउने लोभ हुन्थ्यो । छोरालाई पढाउनु पर्छ योग्य बनाउनु पर्छ भन्ने भावना भए पनि विवाह गरेर अर्काको घर जाने भएकाले छोरीलाई पढाउनु पर्दैन भन्ने भावना थियो । 'छोराछोरी बराबर हुन्, उनीहरू दुवैलाई योग्य बनाउनुपर्छ, सक्षम बनाउनुपर्छ' भन्ने सोच कमैको हुन्थ्यो । हाम्रा बुबाले चाहिँ हामी दुई छोरा र तीन छोरीलाई भेदभाव नगरी विद्यालय पठाउनु भएको थियो । आमाले पनि आफू नपढेकै कारण दाउरा-घाँसमा मात्र सीमित हुनु परेको सम्झिँदै छोरीले पनि धेरै पढ्नु पर्छ भन्नुहुन्थ्यो ।

विद्यालय ५ मिनेटमा पुगिन्थ्यो । भवन जस्ताको छाना भएको थियो । बेञ्चहरू काठका राम्रै थिए । दिउँसो १ घण्टा 'हाफ टाइम' हुन्थ्यो । दिउँसो खाजा खाने चलन थिएन । छुट्टी भएपछि घरमा गएर मात्र खाजा खान्थ्यौँ । १ बजेदेखि २ बजेसम्मको समयमा कहिले दर्शनढुंगा खोजेर गट्टा खेल्थ्यौँ, कहिले कपर्दी, डण्डिबियो, कहिले सिरु (घाँस) बाटेर 'डोरी नाघी' खेल्थ्यौँ ।

जब घण्टी लाग्थ्यो, कन्टकारीको गेडाले गोडा-हात राम्रो पारेर धोएर नजिकै रहेको धाराको पानीले पेट भरेर कक्षामा पस्थ्यौँ । नजिकैको डाँडामा मौसमअनुसार अमला, घगारु (ऐँसेलु जस्तै) फल्थे । 'ब्रेक'मा ती फल खान पुग्थ्यौँ । यस्तै गुराँसको रस चुस्दा कति आनन्द आउँथ्यो ।

कक्षा ५ सकियो । माथिल्लो कक्षा पढ्न ठोकर्पाभरमै एउटै विद्यालय थियो, बाघभैरव माध्यामिक विद्यालय । घरबााट सवा एकदेखि साढे एक घण्टा हिँड्नुपर्ने । त्यहाँ भर्ना भएँ । कक्षा ५ सकेपछि मेरा धेरै केटी साथीले पढाइलाई निरन्तरता दिएनन् । त्यति लामो दूरी पार गरेर जानुपर्ने भए पनि किताब, कपी बोक्न झोला थिएन । अँगालोमा च्यापेर जान्थ्यौँ । विद्यालय जाँदा, घर फर्किँदा हात गलेर फतक्क हुन्थ्यो । विद्यालयको पोसाक पनि एउटै हुन्थ्यो । हप्ताभरि लगाएर शनिबार बिदाको दिन धोएर सुकाइन्थ्यो ।

बिहान उठेर आफ्नो क्षमता अनुसारको काम जस्तै, एक भारी घाँस वा पतकर ल्याउने काम गर्नुपर्थ्यो । अनि आमाले पकाउनु भएको खाना खाएर हतारहतार विद्यालय लागिन्थ्यो । गाउँभरिका साथीहरूको हाल त्यही हो । कहिले साथी कुरिरहेका हुन्थे । कहिले अलि चाँडै खाना खाएर साथीको घरमा कुर्न पुगिन्थ्यो । उकालीओराली गर्दै वनको बाटो भएर विद्यालय जानुपर्थ्यो । साथीबीच पढाइका कुरा, घरका कामका कुरा हुन्थे । धेरै पढ्ने सपनाका कुरा पनि हुन्थे । प्रायः तेर्सो बाटो थियो । कतै कतै मात्र उकालो-ओह्रालो । त्यसरी विद्यालय जाँदा रमाइलो हुन्थ्यो । हिँड्दाको थकाइ पनि पत्तो हुँदैनथ्यो ।

विद्यालय टाढा भए पनि खाजा लिएर जाने चलन नै थिएन । खल्तीमा पैसा हुनेले विद्यालय छेउमा राखिएका पसलमा केही कुरा किनेर खान्थे । तर अधिकांशको त्यो अवस्था हुँदैनथ्यो । एक घण्टाको ब्रेकमा खेल्ने कुद्ने अनि घण्टी लाग्ने वेला भएपछि अनि कक्षामा पस्ने । त्यहाँ त पिउनका लागि राम्रो पानीको व्यवस्था पनि थिएन । अहिलेजस्तो घरबाट पानी लग्ने अवस्था र व्यवस्था पनि थिएन । सबैभन्दा ठूलो समस्याचाहिँ शौचालयको । अहिलेजस्तो शौचालयको व्यवस्था थिएन । पिसाब लागे स्कुलभन्दा केही तलका पाटोमा ओर्लिन्थ्यौँ । बोटबिरुवाको छेको पारेर बस्थ्यौँ । दिसा लागे त झन् समस्या, कारण सफा गर्ने पानी थिएन ।

शिक्षकहरू त्यति विद्यार्थी मैत्री हुँदैनथे । डरले नजानेका कुरा सोध्न सक्दैनथ्यौँ । सोधिहाले पनि राम्ररी जवाफ दिने शिक्षक कमै हुन्थे । जवाफ सुनेरै अर्को पटक सोध्ने आँट आउँदै नथ्यो । गृहकार्य नगर्नेलाई कठोर सजाय

हुन्थ्यो। सजाय दिएरै विद्यार्थी तह लगाउन सकिन्छ भन्ने त्यो वेलाको मान्यता थियो । जान्नेलाई अघि बढाएको-बढायै गर्ने र अलि नजान्नेलाई प्रोत्साहन नगर्ने चलन थियो । शिक्षकहरूमा पनि विद्यालयबाट घर गएर भोलिका लागि तयारी गर्नुपर्छ भन्ने भावना नै हुँदैनथ्यो। सबै कृषिकर्ममा लागेका हुन्थे। बाहिरी जिल्लाबाट आएका शिक्षक कसैकोमा कोठा लिएर बसेका हुन्थे । खाली समयमा वरपरका विद्यार्थीलाई पढाउँथे । गाउँलेले सागपात चामल दिएर सहयोग गर्थे।

तर मैले माथिल्ला कक्षामा पढ्ने वेलामा योग्य र राम्रो पढाउने सर-मिस हुनुहुन्थ्यो। उहाँहरू पढाइ सँगसँगै अतिरिक्त क्रियाकलाप जस्तै हाजिरीजवाफ वक्तृत्वलगायत गर्न प्रेरणा दिनुहुन्थ्यो । हामी पढ्ने वेला फुटबल खेलेको चाहिँ देखिनँ । भलिबल खेल्थ्यौँ । विद्यालयमा आयोजना हुने हाइजम्प, लङजम्प, सटपुट लगायत खेलमा भाग लिन्थ्यौँ । वार्षिक कार्यक्रममा आफ्नो नाम आएर पुरस्कार लिन जाँदा निकै खुसी लाग्थ्यो।

विद्यालय छुट्टी भएपछि बिहानभैं हुल बाँधेर घरतिर लाग्थ्यौँ । दिनभरि विद्यालयमा भोगेका कुरा, गृहकार्य गर्ने कुरा, भलाकुसारी गर्दै फर्किन्थ्यौँ । घर पुगेर किताब राखेर लुगा फेरेर हातगोडा धुन्थ्यौँ। भान्सामा पस्थैँ। आमाले के राखिदिनुभएको होला खाजा ? मकैभटमास, रोटी, चिउरा यस्तै त हुन् गाउँघरका खाजा। जे राखिदिनु भएको हुन्छ, त्यही लिएर आँगनमा बसेर खान्थ्यौँ । अनि फेरि लाग्थ्यौँ, घरको कामतिर। काम नभए किताब कपी फुकाएर गृहकार्य गर्थ्यौं।

अहिलेजस्तो दिउँसोको पाठ नबुझे वा गृहकार्य गर्ने वेला समस्या परे कसलाई सोध्ने ? माथिल्लो कक्षामा पढ्ने आफ्नै दाजुदिदी भए हो, नभए बुबाआमालाई त्यस सम्बन्धी ज्ञान हुँदैनथ्यो । अहिले त नजानेका कुरा बाबामामुलाई सोध्न सकिन्छ । नजिकै रहेका साथीहरूसँग सल्लाह गर्न सकिन्छ। मोबाइल र कम्प्युटरमार्फत गुगल गरेर खोज्न सकिन्छ। एआईलाई सोधेर पनि धेरै कुरा थाहा पाउन सकिन्छ। त्यो वेला त बिजुली बत्तीसमेत पुगेको थिएन । उज्यालोका लागि मट्टितेलबाट बल्ने टुकी थियो । सञ्चारमाध्यम भनेको रेडियो मात्र। अलि हुनेखानेसँग रेडिया सेट हुन्थ्यो, ब्याट्रीले चल्ने। त्यसैबाट देशविदेशका खबर र गीत सुन्न पाइन्थ्यो। त्यो पनि सुनेर बस्ने फुर्सद कसलाई हुनु ! साँझ काम सकेर सपरिवार खाना खान्थ्यौँ । खाइसकेर आमालाई सघाउँथे, अनि गृहकार्यमा लाग्थैँ।

कक्षा उक्लिएपछि दाजुदिदी वा छिमेकी दाजुदिदीले पढेका पुस्तक माग्थौँ। वर्षभरि त्यही पढ्थ्यौँ। अर्को कक्षामा

चढ्दा त्यसैगरी भाइबहिनीलाई दिन्थ्यौँ । कापीकलम अहिलेजस्तो सर्वसुलभ कहाँ हुनु! कापीको तलदेखि माथिसम्म कतै नछोडी लेख्थ्यौँ । इरेजर (लेखेको मेट्ने) छुट्टै पाइँदैनथ्यो । इरेजर जोडिएकै सिसाकलम हुन्थ्यो । माथिल्ला क्लासमा चढेपछि मसी तानेर भर्ने फाउण्टेन पेन र चाइनिज पेनले लेख्थ्यौँ ।

कृषिमा आधारित जनजीवन भएकाले असार-साउन दुई महिना पूरै विद्यालय बिदा हुन्थ्यो । धान रोप्ने, गोड्ने, कोदो रोप्ने लगायतका काम भ्याइन्थ्यो । दिनभरको कामले थकित भएर घर पुगिन्थ्यो । खाना खाएपछि निद्रा लाग्थ्यो । पढ्न नै बिर्सने त होइन भन्दै टुकीको मधुरो उज्यालोमा किताब फुकाउनचाहिँ छाडिँदैनथ्यो । त्यतिवेला १० कक्षाको अन्त्यमा टेष्ट परीक्षा दिनुपर्थ्यो । त्यो पास गरेपछि प्रवेशिका परीक्षा (एसएलसी) दिन पाइन्थ्यो । दुवै परीक्षामा कक्षा ९ र १० का पाठ्य पुस्तकबाट प्रश्न आउँथ्यो ।

अझ म त राजधानी नजिकैको जिल्लामा जन्मे हुर्केर भोगेका यी कथा । दूरदराजको गाउँका अवस्था कति कष्टपूर्ण थियो होला । घण्टौं लगाएर खोलानाला तर्दै पुग्नुपर्ने ती गाउँको अवस्था कस्तो थियो होला ? शैक्षिक सत्र शुरु भएर पनि पाठ्यपुस्तक पुग्न महिनौं लाग्ने अवस्था थियो । शिक्षक हुँदैनथे । घरायसी समस्याले विद्यार्थी सधैँ विद्यालय पुग्दैनथे । दूरदराजका गाउँमा पनि अब त यस्ता समस्या छैनन् होला । समस्या भए पनि अभिभावक रिनपान गरेरै पनि छोराछोरीलाई गुणस्तरीय शिक्षा दिलाउन लागिपरेकै हुन्छन् ।

विद्यालयहरू नजिकै छन् । नजिक नभए पनि ढोकैमा गाडी लिन र छाड्न आइपुग्छन् । सहरी क्षेत्रमा अभिभावकले तिर्ने पैसाको परिमाणअनुसार अहिलेका सुविधा सम्पन्न छन् विद्यालय । विद्यार्थीले सुविधा पाएका छन् । सम्झिन्छु, कक्षाको बिचमा शौच जानुपरे चिन्तित हुनुपर्ने हाम्रो समय । अहिले कक्षाकोठामै टाँसिएका 'रेष्टरूम' । बिहान ८/९ बजे गाँस टिपेर एकैपटक ५/६ बजे घर आएर मकैभटमास चपाउनुपर्ने हाम्रो युग, खाजाको टिफिन बोकेर जाने वा विद्यालयले नै खाजाको व्यवस्था गर्ने हाम्रा नानीबाबुको समय । भनेजति पाठ्यपुस्तक वा त्यसमा भएका विषयवस्तु नबुझेर अलमलमा पर्ने हामी, मोबाइल खोलेर एआईमार्फत् 'सलुसन' गर्ने हाम्रा केटाकेटी । अचेलका विद्यार्थीले सानो गल्ती गर्दा हाम्रा पालामा जस्तो लठ्ठी वा सिस्नु खानु पर्दैन किनभने बालअधिकारका कुरा मजबुत भएर आएका छन् । तुलना गरेरै नसकिने परिवर्तन । समयको गतिसँगै प्रविधिको विकासले अहिले पठनपाठनमा परिवर्तन भएको शैली साँच्चै लोभलाग्दो छ । तर व्यावहारिक सिकाइ भने कमजोर हुँदै गएको पो हो कि ! ◆◆◆

# किन गरिन्छ वट सावित्रीको व्रत



✍ **दीपा भट्ट जोशी**

हिन्दु संस्कृतिमा व्रत र पर्व धार्मिक अनुष्ठान मात्र नभएर जीवन दर्शन, सामाजिक मर्यादा, प्रकृतिको संरक्षण र आध्यात्मिक चेतनाको सजिव संवाहकका रूपमा मानिदै आएको पाइन्छ । प्रत्येक व्रतले मानवजीवनलाई नैतिकता, प्रेम, कर्तव्य, संकल्प, धैर्यतासगँ जोड्ने कार्य गर्दछ।

यस्तै पवित्र व्रतको रूपमा "वट सावित्री" व्रतलाई मनाइएको पाइन्छ। वटको (वर वृक्ष) विधिवत पूजा गरेर श्रीमान्‌को दिर्घायुको कामना गर्ने र सन्तानको समृद्धि प्रगतिको प्रतीकको रूपमा विवाहित नारीहरूले व्रत बस्दछन् । "तिज"को व्रतमा शिवजीको पूजा गरेर श्रीमान्‌को सुस्वास्थ र अटल सौभाग्यको कामना गरिन्छ । "तिज"को व्रत विवाहित र अविवाहित महिला बस्ने गर्दछन् भने "वट सावित्री"को व्रत विवाहित र सौभाग्यी महिलाले आफ्नो श्रीमानको दीर्घायु र सुस्वास्थ्यका निम्ति बस्ने गर्दछन् ।

अटल सौभाग्य, अक्षय जीवन, स्थिरताको प्रतीकका रूपमा सौभाग्यी महिलाहरूले बस्ने व्रत हो "वट सावित्री" । प्रत्येक वर्ष जेष्ठ कृष्ण औंसीका दिन यो व्रत पर्दछ । नेपालको मिथिलाञ्चलमा यस पर्वलाई विशेष श्रद्धा भक्तिका साथ मनाइन्छ। वरको रूख मुनि सावित्रीले आफ्ना पति सत्यवानलाई मृत्युको मुखबाट फिर्ता ल्याएको भनेर, आज सम्पूर्ण हिन्दु महिलाहरूले आफ्ना श्रीमान्‌को लामो आयु, सुस्वास्थ्य, उन्नति प्रगतिका लागि यस व्रतलाई पूरा श्रद्धा भक्तिका साथ मनाउने गर्दछन्। रक्षा धागोलाई वरको रूखमा सात पटक परिक्रमा गर्दै वेर्ने, साथ थरिका अन्न राखेर पूजा अर्चना गरिन्छ। चनाको भोग लगाउने र चनाकै प्रसाद ग्रहण गर्ने परम्परा छ।

वट सावित्री "वट"(वर वृक्ष) र सावित्रीको (ती आदर्श नारी जसले आफ्नो श्रीमान्‌लाई मृत्युको मुखबाट फिर्ता ल्याएकी थिइन्) नाम मिलेर बनेको हो । यस व्रत कथामा सावित्री र सत्यवानको अमरकथा, यमराज सावित्री संवादको व्याख्या पाईन्छ। जुन प्रकारले सावित्रीको अठोट, संकल्पले इतिहास रच्यो र आज सावित्री आदर्शवान उदाहरणीय नारीमा

पुज्य छिन् । त्यसैगरी वट वृक्षलाई पनि दिर्घायु, संरक्षण र स्थिरताको प्रतीकको रूपमा आजसम्म हिन्दु संस्कृतिमा पुजनीय मानिन्छ । सावित्री मद्र देशका (हाल केही भाग भारतमा र केही भाग पाकिस्तानमा पर्दछ) राजा कि एक मात्र सन्तान थिइन । बढ्दो उमेरसँग सावित्री रूपवान र गुणवान हुँदै गइन् । राजालाई सावित्रीको विवाहको लागि योग्य वर नभेटिए पछि, उनले सावित्रीलाई स्वयंवर खोज्न भने ।

एक दिन सावित्रीले वनमा साल्व देश(हाल राजस्थान) का निर्वासित राजा द्युमत्सेनका पुत्र राजकुमार सत्यवानलाई भेटिन् र उनले मनमा तिनै राजकुमारसँग विवाह गर्ने अठोट गरिन् । नारदमुनिले सत्यवानको आयु अब एक वर्ष मात्र छ भन्दा पनि सावित्रीले सत्यवानलाई नै आफ्नो वर चयन गरिन् । एक वर्ष उपरान्त सत्यवान जङ्गलमा दाउरा लिन जाँदा बेहोस भएर वरको रूख मुनि लडे । आफ्नो श्रीमान्लाई लिन आएका यमराजसँग अनेक अनुनय विनय गरी एक पछि अर्को गर्दै आफ्ना तीन ओटा माग पूरा गराईन । क्रमशःआफ्नो ससुराको गुमेको राज्य र आखाँको दृष्टि, आफ्ना पिताका लागि सन्तान र सत्यवानबाट आफ्ना सय सन्तान प्राप्तिको वरदान मागिन् । यस पछि यमराजले बाध्य भएर सत्यवानको प्राण छोडेर आफ्नो लोक फर्किए । यस प्रकार आफ्नो तप, बुद्धि र संकल्पले सावित्रीले आफ्नो, बुबा र ससुराको पनि कल्याण हुने काम गरिन् ।

स्त्रीको अद्भूत बुद्धिमत्ता, आत्मबल, जीवन-मृत्यु, धर्म-नियती, प्रेम -तपस्या बिचको गहन चिन्तनलाई यस कथाले परिभाषित गर्दछ । जसले आस्था र आस्थाबाट उजागर शक्तिलाई उर्जाशील बनाएर लक्ष्य र गन्तव्यलाई सहज बनाउने प्रेरणा दिन्छ । सावित्री एउटा आदर्श पत्नी नभएर सत्य, साहस, संकल्पकि प्रतिमूर्ति हुन् । जसले आजको युगसम्मलाई सम्बन्धको परिभाषा बुझाएर त्याग र तपस्या नारीका गहना हुन् भनि परिभाषित गरेको हो । एउटा परिवारको संरक्षणमा नारीको भूमिका कति अहम् छ भनि बुझाएको छ ।

"वट सावित्री" व्रतको उल्लेख महाभारतको "वन पर्व" मा पनि पाइएको छ । पाण्डवहरू वनवासमा हुँदा जयद्रथद्वारा द्रोपदीको अपहरणको कष्टले चिन्तित युधिष्ठिरलाई सान्त्वना दिन ऋषि मार्कण्डेयले यो कथा सुनाएको पाइन्छ । यससँगै स्कन्द पुराण, पद्दम पुराण र विभिन्न लोक परम्परामा पनि यसको वर्णन पाइन्छ ।

आज डिजिटल प्रणालीको युगमा, सञ्चारमाध्यमले पनि कतिपय लोप भएका र ओझल परेका संस्कृतिलाई समाज सामु ल्याउन मद्दत पुर्‍याएको छ । कुनै पनि पर्वले

हामीमा सकारात्मक उर्जा र सोचलाई वृद्धि गर्दछ । व्रत भन्ने बित्तिकै हामी पूर्ण आस्थाले चोखो खानपान, रहनसहन, आनीबानीमा ध्यान दिन्छौं । त्यसकारणले पनि भगवानको भक्तिसँग आबद्धताले वातावरण नै उर्जामय बन्न पुग्छ । जुन सुकै जातजातिको पर्व किन नहोस् हामी आदरभावले त्यसको महिमा र विशेषतामा चासो राख्दछौं । जसले हामीमा एकता र सद्भावको भावना विकसित हुन्छ । ♦

कविता

# बदलिएको उ!



✍ जयश्वर रिमाल

हाकिमी स्वरको अभिनयमा दिक्क मानेको उसले,
“टक्सिक इन्भायरमेन्ट” बाट मुक्ति पाउन
बाटो अन्तै मोडेको छ,
केही समयको लागि नै सही,
साविक जिम्मेवारीमा अल्पविराम लगाएको छ।

बदलिएको कथाको परिदृश्य पुनः फेरिँदा,
उ कठिन शब्दजालमा हराउँदै जान्छ,
आफ्नो स्वभाव र चरित्र विपरीत
विचार र प्रश्नहरूको भरिया बन्दै जान्छ।

उसलाई थाहा छ, उ गहिराईमा जान सकेको छैन,
जाओस् पो कसरी !
ज्ञानको समुन्द्र नाप्ने सामर्थ्य पनि त हुनु पर्यो नि !
तर पनि उ ज्ञानको भोको छ,
सिक्ने प्रयासमा उ उत्ति नै इमान्दार छ,
जति उ पहिले थियो ।

तर अपेक्षा र यथार्थ एकाकार हुन सकेका छैनन्,
त्यसैले उ वेचैन मात्रै होइन, चिन्तित समेत छ,
समयको गतिमा समाहित हुन नसक्दा,
कतै समयरुपी रेलले निकै पछाडि छाड्ने त होइन ?

उ आफैलाई प्रश्न गर्दैछ ।
उतारचढावले भरिएको जीवनमा
कहिले यात्राले कर्तव्य लिएर आएको छ त,
कहिले कर्तव्यले यात्रा तय गरेको छ ।
सायद यसैका कारण होला,
मनमा तर्कना खेल्नुलाई उसले सामान्य नै ठान्छ ।

उमेर, सेवा र पदीय योगदानको विरासतलाई
फगत एक लेखोटले छोप्दा,
अनि अपेक्षा र चाहनाका शालिन प्रस्तुतिलाई
“एक फिस्टे” ले हमला गर्दा,
उ आफ्ना तार्किक आवाज दबाउन चाहँदैन ।

त्यसैले समर्पणको भारलाई यथावत काँधमा बोकी
लेखोटको मर्यादालाई केही बेरको लागि बिसाई
आत्मसम्मानका खातिर
स्वच्छन्दताको पाइला अघि बढाउँछ ।

# समुदाय प्रहरी साझेदारी कार्यक्रम र यसको प्रभावकारिता



✍ प्र.ज. पुस्कर तिमल्सेना

नेपाल प्रहरीमा समुदाय-प्रहरी साझेदारी अवधारण २०७५ लागु भई सञ्चालनमा आइरहेको छ । समुदाय प्रहरी साझेदारी कार्यक्रमका माध्यमबाट समाजमा शान्ति, सुव्यवस्था कायम राख्न साथै नागरिक र प्रहरी बिचको सुमधुर सम्बन्ध स्थापित गर्दै सामाजिक चेतनाको स्तर अभिवृद्धि गर्नु नै यसको मूल अभिप्राय हो ।

'प्रहरी बर्दी सहितका नागरिक हुन भने नागरिक बिना बर्दीका प्रहरी हुन' भन्ने भाष्यलाई स्थापित गर्दै नागरिक र प्रहरीको हातेमालोले आपराधिक सूचना संकलन र अपराध न्यूनीकरण गर्न सफल हुने विश्वासकासाथ नेपालमा मात्र नभई विश्वका विभिन्न मुलुकहरूमा समेत सामुदायिक प्रहरी सेवा र समुदाय प्रहरी साझेदारी कार्यक्रम अत्यन्त प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ । के नेपालमा साझेदारी अवधारण लागु भएदेखि हालसम्म आईपुग्दा नेपाल प्रहरीले यसको मर्म अनुरूप काम गर्न सकेको छ ? बदलिँदो समय परिवेश र प्रविधिको नवीनतम प्रयोग एवं विकासको गतिसँगै नीतिगत एवं संरचनागत सुधारका कामहरू के कति र कसरी भएका छन् ? स्थानीय स्तरमा हुने अपराध मात्रै नभई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका आपराधिक गतिविधिहरू र समाजसँग तिनको प्रत्यक्ष एवम् अप्रत्यक्ष सम्बन्धलाई गहिरो रूपमा अध्ययन गर्दै सोही अनुरूपका गुणस्तरीय र परिणाममूखी सचेतनामूलक कार्यक्रमहरू गर्न सके मात्रै यसको प्रभावकारिता पुष्टि हुने देखिन्छ ।

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग (आ.व. २०८२/०८३) को कार्यसम्पादन सम्झौता अनुसार समुदाय-प्रहरी साझेदारी कार्यक्रमको सामयिक पुनरावलोकनद्वारा नीतिगत र संरचनागत सुधार गरी स्थानीय अपराधको प्रवृत्ति र समस्याको प्राथमिकता अनुरूप Problem Oriented Policing कार्यान्वयन गर्ने सम्बन्धमा विभिन्न शीर्षकमा कार्यक्रमहरू हुनुले पछिल्लो समयमा सामुदायिक प्रहरी सेवा केन्द्र,

साझेदारी कार्यक्रम, समुदायसँगको सम्बन्ध र सहकार्यलाई थप मजबुत बनाउने देखिन्छ । अपेक्षित परिणाम प्राप्त नहुनु, उल्लेख्य रूपमा नागरिकबाट आपराधिक सूचना प्राप्त नहुनु, प्रहरी प्रति नागरिकको विश्वास बढ्न नसक्नु र अपराध न्यूनीकरण नहुनुले हाम्रा कमि कमजोरीहरूमाथि गहिरो समिक्षा आवश्यक रहेको समेत ठहरिएको छ। तसर्थः निम्न कुराहरूमा गहिरो समिक्षा आवश्यक छ :

- समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालनका विगतका अभ्यास, अनुभव, परिणाम र कार्यशैली ।
- सामुदायिक प्रहरी सेवा केन्द्र, सामुदायिक सेवा समिति र प्रहरी कर्मचारी बिचको अन्तरसम्बन्ध ।
- प्रहरी जनशक्ति व्यवस्थापन, अत्यावश्यक स्रोत साधन, कामको स्पष्टता र सामुदायिक जनशक्तिको उचित परिचालन ।

कतिपय नीतिगत र संरचनागत कमि कमजोरीहरू नै सांगठनिक असफलताका कारणहरू हुन्। हुन त नेपाल प्रहरीले विगतमा पनि विभिन्न आन्दोलन र हिंसात्मक गतिविधिहरूको सामना गर्दै आएका थुप्रै अनुभवहरू छन् । पछिल्लो समयको आन्दोलन अत्यन्त पृथक र प्रविधिको र चनात्मक एवम् उच्चतम प्रयोग गरी भएको भ्रष्ट राजनीतिक प्रवृत्ति प्रतिको नवपुस्ताहरूको आक्रोसपूर्ण विद्रोह थियो जसको प्रत्यक्ष सिकार नेपाल प्रहरी हुन पुग्यो। प्रहरी कर्मचारीहरूको मनोबल, सांगठनिक एकता, भातृत्वभाव, आत्मियता, जिम्मेवारी बोध, राष्ट्र र संगठनप्रतिको समर्पण भाव आदि संगठनको सफलता र असफलता निर्धारण गर्ने मुख्य कुराहरू हुन्। पछिल्लो समयका चरणबद्ध आन्दोलनहरूसँगै गत भाद्र २३ र २४ गतेको आन्दोलनको सामना गर्दै संगठनलाई पुनः पुरानै लयमा फर्काउनु सामान्य चुनौती भने पक्कै थिएन। साच्चै खरानीबाट उठेको प्रहरी संगठनले मुलुकमा शान्त र निष्पक्ष तवरले निर्वाचन सफल गर्यो जुन कुरा नेतृत्वको दृढ संकल्प, आत्मविश्वास र नेतृत्वप्रति मातहत कर्मचारीको भरोसाले मात्र सम्भव भएको हो । कठिन परिस्थितिमा प्रहरी संगठनको आवश्यकता र महत्वलाई बुझेर नागरिक स्तरबाट अभूतपूर्व सहयोग प्राप्त भई संगठन पूर्ण आत्मबलकासाथ सेवामा समर्पित भएको छ जुन साझेदारी कार्यक्रमको एउटा सफल उदाहरण हो।

नागरिक र प्रहरी बिच प्रगाढ सम्बन्धका बाबजुत पनि समाजमा अपेक्षित अपराध न्यूनीकरण नहुनुको पछाडि विविध कारणहरू छन् । कुनै पनि मुलुकमा अपराध न्यूनीकरण नहुनुमा त्यहाँको कानुन कार्यान्वयन गराउने निकाय मात्रै जिम्मेवार नभई मुलुको आर्थिक सामाजिक स्थिति, शिक्षा र चेतना, भ्रष्टाचार, राजनीतिक

हस्तक्षेप, कानुनको कार्यान्वयन पक्ष कमजोर हुनु, उल्लेख्य जनसहभागिता नहुनु लगायत कुराहरूले अर्थ राख्दछ।

नेपालमा अपेक्षा अनुरूप अपराध न्यूनीकरण नहुनुमा निम्न कुराहरूले प्रभाव पारेको हुन सक्छः

- नेपाल प्रहरीको मात्रै एकल प्रयास अपर्याप्त।
- पर्याप्त कानुनी ज्ञान नहुनु, नैतिक शिक्षाको अभाव, चेतनाको कमी, बेरोजगारी र असमानता।
- प्राविधिक ज्ञानको अभाव, प्रविधिको दुरूपयोग, नियमनकारी निकायहरूको अभाव।
- भरपर्दो सूचना संयन्त्रको अभाव।
- प्राप्त सूचनाको विश्लेषण र कार्यान्वयनमा तदारूकता नदेखिनु।
- राज्य संयन्त्रप्रति जनताको अविश्वास,
- अत्यावश्यक स्रोत साधन, जनशक्ति र बजेटको उचित व्यवस्था नहुनु।

**आपराधिक सूचना प्राप्त नहुनुका कारणहरूः**

- जनताको अविश्वास।
- सूचनाको भरपर्दो स्रोत निर्माण गर्न नसक्नु।
- सूचना संयन्त्र वा सूचना दिने व्यक्तिलाई आफ्नो सुरक्षाको अनुभूति नहुनु।
- गोपनीयता र व्यवसायिकताको अभाव।

**प्रहरी प्रति नागरिकको विश्वास नबढ्नुको कारणः**

- प्रहरीले उच्च व्यवसायिकता देखाउन नसक्नु।
- प्रहरी कार्यालयहरूमा नागरिक (सेवाग्राही) प्रति गरिने व्यवहार।
- प्रहरीले तत्काल रिजल्ट दिन नसक्नु र नागरिकलाई विश्वस्त बनाउन नसक्नु।
- समयानुसार प्रहरी जनशक्तिको परिचालन नहुनु।
- प्रहरी काम कारबाहीमा फितलो प्रस्तुती र कमजोर स्रोत साधन।
- प्रहरीका कमजोर पक्षहरूको मात्रै अत्याधिक प्रचार प्रसार हुनु।

**साझेदारी कार्यक्रम सञ्चालनमा देखिएका कमी कमजोरीहरूः**

- कार्यक्रमको प्रभावकारितामा पर्याप्त ध्यान नदिनु प्रमुख समस्या हो। धेरैजसो अवस्थामा केवल कार्यक्रम सम्पन्न गरेको देखाउनका लागि मात्र कार्यक्रम गर्ने प्रवृत्ति देखिन्छ। गुणात्मक र परिणाममुखी कार्य भन्दा संख्यात्मक उपलब्धिलाई बढी महत्व दिने चलनका कारण कार्यक्रमको वास्तविक प्रभाव कमजोर बन्न पुगेको छ।
- साझेदारी कार्यक्रमहरू पुरानै शैली र ढाँचामा सीमित रहँदा समयअनुसारको नवीनता र कार्यक्रमहरू प्रतिको आकर्षण अभाव देखिन्छ। कार्यक्रम सञ्चालनका क्रममा औपचारिक कार्यक्रममा मात्र सक्रिय हुने व्यक्तिहरूलाई प्राथमिकता दिइने तर समाजका विद्वत वर्ग, बौद्धिक

व्यक्तित्व तथा वास्तविक सरोकारवालाहरूलाई उचित रूपमा समेट्न नसकिने अवस्था पनि विद्यमान छ।

- संख्यात्मक हिसाबले उपलब्धि देखाउने क्रममा एउटै व्यक्ति, एउटै समुदाय वा एउटै प्रकृतिका कार्यक्रमहरू बारम्बार दोहोरिने गरेका छन्। यसले कार्यक्रमहरू केवल "काम देखाउने" कुरामा मात्रै सीमित बन्ने अवस्था सिर्जना गरेको छ। परिणामस्वरूप नागरिकको वास्तविक चासो, अपनत्व र उल्लेखनीय सहभागिता अपेक्षित रूपमा देखिँदैन।
- सबैले साझेदारी कार्यक्रमलाई अनावश्यक औपचारिकताभन्दा बाहिर ल्याई अनौपचारिक, रोचक, सहभागितामूलक, गुणात्मक तथा परिणाममुखी बनाउनु अत्यन्त आवश्यक छ। यसका लागि समुदायको वास्तविक आवश्यकता पहिचान गरी नवीन सोच, प्रभावकारी समन्वय, उत्तरदायित्व, नागरिक सहभागिता र युवा वर्गको आकाङ्क्षालाई केन्द्रमा राखेर कार्यक्रम सञ्चालन गरिनुपर्छ।

**समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरू सफल बनाउन प्रहरीले निम्न चुनौतीहरूको सामना गर्नु परेको ( विशेष गरि सहरी क्षेत्रमा) छ ;**

समुदायस्तरमा प्रहरीले भिन्न-भिन्न समय, स्थान र परिस्थितिअनुसार विविध कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ। यस्ता कार्यक्रमहरूमा प्रभावकारी जनसहभागिता गराउनु, कार्यक्रमलाई निष्पक्ष, सन्देशमूलक तथा परिणाममुखी बनाउन अत्यन्त कठिन छ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रम सञ्चालनका क्रममा प्रहरीलाई विभिन्न व्यवहारिक तथा संरचनात्मक चुनौतीहरूको सामना गर्नु परेको छ। पर्याप्त ज्ञान, स्रोत-साधन, जनशक्ति, भौतिक संरचना, सभाहल तथा अन्य आवश्यक पूर्वाधारहरूको अभावका बाबजुद बदलिँदो समय र परिस्थितिअनुसार गुणस्तरीय कार्यक्रम सञ्चालन गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो।

- सामाजिक उद्देश्यले आयोजना गरिने कार्यक्रमहरूलाई कहिलेकाहीँ व्यक्तिगत वा राजनीतिक लाभ-हानिसँग जोडेर हेर्ने प्रवृत्तिका कारण समाजमा अनावश्यक भ्रम वा द्वन्द्व सिर्जना हुन सक्छ। यस्तो अवस्थाले प्रहरीको निष्पक्षता, व्यवसायिकता तथा विश्वसनीयतामाथि प्रश्न उठ्ने र अविश्वासको वातावरण बन्ने सम्भावना रहन्छ।
- समाजमा विभिन्न पृष्ठभूमि, विचार र स्वभावका मानिसहरू बसोबास गर्ने भएकाले स्वच्छ छवि भएका सामाजिक व्यक्तित्वहरूको पहिचान गरी उनीहरूसँग प्रभावकारी सहकार्य र समन्वय कायम गर्नु पनि सहज हुँदैन।
- निजी विद्यालयहरूले आफ्ना नियमित

पाठ्यक्रम बाहेकका कार्यक्रमका लागि समय, स्थल तथा विद्यार्थी सहज रूपमा उपलब्ध नगराउने अवस्थाले प्रहरीद्वारा सञ्चालन गरिने सचेतनामूलक तथा विद्यालय केन्द्रित कार्यक्रमहरू प्रभावित हुने गरेका छन् ।

- आजको व्यस्त तथा व्यवसायिक जीवनशैलीका कारण मानिसहरू सामाजिक, सामूहिक तथा सचेतनामूलक कार्यमा समय दिन कम इच्छुक देखिन्छन् । यस्तो अवस्थामा निःस्वार्थ रूपमा जनसहभागिता जुटाउनु तथा नागरिकलाई सक्रिय रूपमा कार्यक्रममा सहभागी गराउनु चुनौतीपूर्ण बन्न पुगेको छ।
- यसैले समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाउन पर्याप्त स्रोत -साधनको व्यवस्थापन, निष्पक्षता र पारदर्शिताको संरक्षण, स्थानीय सरोकार वालासँग समन्वय, तथा समुदायलाई आकर्षित गर्ने व्यावहारिक र परिणाममुखी कार्यक्रम आवश्यक देखिन्छ ।◆

कविता

## उत्तर खोजिरहेको जीवन



✍ **इन्द्रकुमार श्रेष्ठ 'सरित'**

लुटेराहरूले सर्वत्र लुटेपछि
आरामको निद्रालाई अन्त्यहीन आर्तनादले बिझाइरहेको छ
खडेरीपछिको झरीले आर्तनादलाई बिना आवाजकै चुटिरहेछ
आर्तनादमा मलम लगाउने कोही छैन्
बरु बेमौसमी बाँसुरी बजाउनेको कमी छैन

पीडाले कत्तिको छाती फुटिरहेको होला
साँझको घामसरि अमूल्य जीवनहरू ढलिरहेका होलान्
कसले देख्छ तिनको भोक र प्यासलाई ?
पीडा, छटपटी र आर्तनादलाई ?
रमितेहरू ताली बजाइरहेका होलान्
थुप्रै नीरोहरू भग्नावशेषको समाधिमा बसेर
बाँसुरी बजाइरहेका होलान्

आफ्नै अस्तित्वमाथि प्रश्नचिन्ह लागेको बेलामा
मन प्वाँखझैं हलुको भएर उड्न के सक्थ्यो र ?
मुस्कान ओंठमा आएर बास बस्न के मान्थ्यो र ?
पानी पर्न नसकेर धुम्मिएको आकाशझैं
मन धुम्मिएर आङमा घाम नलागेको बेलामा
अनिँदो आँखाले जीवनको रङ्गीन सपना
के देख्न सक्थ्यो र ?

स्वार्थपूर्तिका लागि चौबाटोको मादल कसले बनायो ?
काम सकिएपछि मिल्काइएको भाँडो कसले बनायो ?
अनागरिक हुने मन कसलाई हुन्छ र ?
मनमा पीडा र आँखामा टिलपिल टिलपिल आँसु भएर पनि
रुनै नसक्ने यत्ति विधि निरीह कसले बनायो ?

# इतिहासको पानाबाट


प्रहरी प्रकाशनको २०४६ साल अङ्क, १ को **प्रहरी द्वैमासिक प्रकाशनमा** प्रकाशित **प्र.स.नि. गुप्तबहादुर श्रेष्ठद्वारा लिखित 'अपराध के हो ? मानिसले अपराध किन गर्छ ?'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

*-सम्पादक*

मानिसमा विवेक र स्पष्ट वाणी हुनु नै अन्य प्राणीहरू भन्दा प्रमुख विशेषता हो । राम्रो वा नराम्रो कामको प्रकृति थाहा पाउँदा पाउँदै पनि त्यस किसिमको कामप्रति अभिप्रेरित हुनु मानिसको प्राकृतिक स्वाभाव हो । प्रत्येक मानिसको सोचाइ अलग अलग हुन्छ र तिनीहरूमा सोच्न सक्ने क्षमता र त्यस अनुसारको कार्य प्रणाली पनि अलग हुनु स्वभाविकै हो । यही प्रवुद्ध मानवसमाज भित्र नै अपराधले पनि जन्म लिन्छ । यसैको नियन्त्रणको लागि प्रत्येक देशको सरकारले प्रहरी, अदालत र कारागारको व्यवस्था गरेको हुन्छ । सामान्यरूपमा प्रहरीको व्यवस्था समाजमा अत्याचार, दुराचार र असुरक्षाको भावना हटाई शान्ति-सुरक्षा कायम गर्नु र त्यस्तो गैर क्रियाकलाप कसैबाट भएमा त्यस्ता व्यक्तिलाई प्रमाणित गरी उचित आर्थिक या शारीरिक दण्डको निर्णय दिन जनसमक्ष (अदालत) छेउ पुऱ्याउनको लागि गरिएको हुन्छ । अदालतले कसैले कसुर गऱ्यो भन्ने उजुर आउँछ भने त्यो व्यक्ति वा संस्थाले कथित कार्य गरेको वा नगरेको ठहर गरी त्यसको निर्णय दिने गर्दछ । कारागारले त्यस्ता कु-कार्यमा संलग्न रहनेलाई निश्चित अवधिसम्म संरक्षण प्रदान गर्दछ । अर्थात त्याहाँ बसुञ्जेलसम्म लाउन र खान दिनुका साथै अबका दिनहरूमा त्यस्तो कार्य नगर्न र सुध्रिनका लागि समय र सल्लाह दिन्छ । तर हत्पत् जो कोही पनि जेल कारागारसम्म जान चाहदैनन् तापनि जानेर वा नजानेर मानिसले अपराध गरिहाल्छ जसको फल कारागारको शरण लिनुपर्छ ।

आखिर अपराध के हो ? मानिसले अपराध किन गर्छ ? यो पनि त्यतिकै महत्वको विषय हो । किनकि अपराध समाज बिरोधी तत्व हो जसले समाजलाई आतंकित तुल्याउँछ, असुरक्षाको भावना पैदा गराउँछ, समाज तथा देशलाई नै सहस-नहस पार्दछ भने यो के हो र किन हुन्छ भन्नेतर्फ पनि विचार पुऱ्याउन उत्तिकै आवश्यक हुन्छ ।

सामान्यतया समाज र कानूनको बर्खिलाप कामहरूलाई नै अपराध भन्ने गरिन्छ । यो कुनै एउटा क्षेत्रमा मात्र प्रभावित नभई सबै क्षेत्रमा उत्तिकै प्रभाव पारेको हुन्छ तर फरक के भने क्षेत्र अनुसारको कामको र त्यसमा रहेको मूल्य र मान्यता अनुसार यसको पनि वर्गीकरण भएको पाइन्छ ।




**सैनिक परेडको बेलामा अफिसरले रामसँग सोधेछ।**

**अफिसरः**– राम यो तिमीले हातमा लिएको के हो ?

**सिपाहीः**– बन्दुक हो सर।

**अफिसरः**– यो बन्दुक होइन राम यो त तिम्रो इज्जत, तिम्रो शान, तिम्रो आमा हो नि।

**अफिसरः**– अफिसरले अर्को सिपाहीसँग सोध्छ, यो तिमीले हातमा लिएको के हो नि ?

**दोस्रो सिपाहीः**– यो त रामको आमा हो नि सर।

♦ ♦ ♦

**एउटा बच्चा धेरै बेर देखि एउटा ढोका बाहिरको घण्टीको बटन थिच्ने कोसिस गर्दै थियो तर उसले सकिरहेको थिएन, एउटा बुढा मान्छेले त्यो देखेछ र बच्चाको अगाडि आएर सोधेछः**

**बुढाः**– बाबु तिमी के गर्दैछौ ?

**बच्चाः**– अंकल, यो घण्टी बजाउन चाहन्छु।

**बुढाः**– (घण्टीको बटन थिच्दै) ल बाबु मैले बजाइदिए अब के गर्नु ?

**बच्चाः**– अब भागौं ......

♦ ♦ ♦

**भोलि म उसलाई भगाएर लानेछु।**

**शिक्षकः**– राम भन त काल कति प्रकारको हुन्छ ?

**रामः**– तीन प्रकारको सर

**शिक्षकः**– स्याबास, अब तिनै वटाको एउटा एउटा उदाहरण देऊ त,

**रामः**– सर, मैले हिजो तपाईंको छोरीलाई देखेको थिए, आज म उनीलाई माया गर्छु र भोलि म उसलाई भगाएर लानेछु।

♦ ♦ ♦

**बस यात्रा गरी रहेका एकजना यात्रुसँग कन्डक्टरले भन्यो "दाइ......भाडा दिनुस्"**

**यात्रुः**– म स्टाफ हुँ

**कन्डक्टरः**– के स्टाफ

**यात्रुः**– ठेलागाडी स्टाफ।

**संकलनः– प्र.ज.अभिन गुरुङ**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.स. २०७५ भदौ १८ गतेबाट प्रहरी प्रधान कार्यालयमा साइबर ब्यूरोको स्थापना भएको थियो।

➲ वि.स. २०८२ चैत २२ गते प्रहरी महानिरीक्षक दान बहादुर कार्कीद्वारा नेपाल प्रहरी अस्पताल (महाराजगञ्ज) परिसरमा नवनिर्मित Intrauterine Insemination (IUI) & In Vitro Fertilization (IVF) ल्याबको उद्घाटन गर्नुभएको थियो।

➲ वि.स. २०८२ चैत २२ गते प्रहरी महानिरीक्षक दान बहादुर कार्कीद्वारा नेपाल प्रहरी अस्पताल मनोचिकित्सा विभाग लाई Electroconvulsive Therapy (ECT) मेसिन हस्तान्तरण गर्नुभएको थियो।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**दुत बहादुर गुरुङ विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौँ समेत, (ने.का.प. २०७५ अंक ८ नि.नं. १००६४, उत्प्रेषण / परमादेश)**

कुनै पदमा बहाल रहेको व्यक्तिउपर कारबाहीको व्यवस्था भएकोमा जुन अधिकारी वा निकायले कारबाही गर्ने भनी कानुनमा किटानी गरेको छ, त्यस्तो अधिकारी वा निकायले र त्यसरी कुनै निकाय वा अधिकारी नतोकिएकोमा नियुक्त गर्ने निकाय वा अधिकारीमा मात्र कारबाही गर्ने अधिकार निहित रहेको हुन्छ। कारबाही गर्ने भनेको केबल बर्खास्त गर्ने भन्ने प्रस्ताव सदर गर्ने गरी भएको निर्णय मात्र नभएर बर्खास्ती लगायतका कारबाहीको प्रक्रिया अगाडि बढाउने र पदमुक्त गर्नेसम्मका कारबाहीको निर्णय गर्ने भन्ने बुझ्नु पर्ने ।

मन्त्रीस्तरीय निर्णयबाट समिति गठन भई सोधिएको स्पष्टीकरणलाई अख्तियारवालाबाट सोधिएको भन्न मिलेन । जब स्पष्टीकरण सोध्ने कार्य नै साधिकार निकायबाट भएको छैन भने त्यसपछि भएका कार्यहरूलाई कानुनअनुरूप भए गरेको भन्न नमिल्ने ।

पदावधि कानुनले नै प्रस्ट तोकेको कुनै पनि सार्वजनिक पदमा नियुक्ति भएको पदाधिकारीले उक्त कानुनले तोकेको अवधिसम्म निर्बाध रूपमा कामकाज गर्न पाउनु पर्ने भन्ने मान्यताका साथ कानुनमा पदावधि तोकिएको हुन्छ। पदावधि तोकिएकोमा कानुनको उचित प्रक्रिया अवलम्बन नगरी बर्खास्ती गर्नु कानुन विपरीत हुने ।

कानुनमा स्पष्ट रूपमा पदावधि तोकिएको अवस्थामा कानुनी प्रक्रिया विना कुनै आधार कारण बेगर माथिल्लो पदाधिकारीलाई मनमा लाग्दैमा पदमुक्त गर्ने र सोही पदमा अर्को व्यक्ति नियुक्ति गर्दा कानुनको अवमूल्यन हुनुका साथै त्यसको नागरिकमा सकारात्मक सन्देशसमेत जाँदैन । सार्वजनिक पदाधिकारीले निर्णय गर्दा कानुन र न्यायका मान्य सिद्धान्तअनुरूप गर्नु पर्दछ । सार्वजनिक पदमा नियुक्त भएको अधिकारीले प्रचलित कानुन विपरीत काम कारबाही गरेमा वा सम्बन्धित सार्वजनिक निकायका लागि कुनै योगदान गर्न नसकेमा वा त्यस्तो पदाधिकारीलाई दिइएको जिम्मेवारी पूरा गर्न असक्षम भएमा नियुक्ति दिने अख्तियारवालाले अवकाश दिन नै नपाउने भन्ने हुँदैन। साथसाथै त्यस्तो अवकाश विना कारण र स्वेच्छाचारी हुन पनि नहुने ।

**संकलनः– प्र.व.ना.नि. प्रमोद उपाध्याय पण्डित**